# प्राथमिक तहमा मूल्याङ्कन प्रक्रिया

प्राथमिक तह शिक्षाको आधारभूत तह हो । यसले भविष्यका नागरिकहरू कस्ता हुने छन् भन्ने कुराको आधार प्रदान गर्दछ । नेपालमा हालको शिक्षा प्रणालीअनुसार कक्षा एकदेखि पाँचसम्मको शिक्षालाई प्राथमिक शिक्षा मानिएको छ । प्राथमिक तहमा निर्णयात्मक मूल्याङ्कन पद्धतिले बालबालिकाहरूलाई मानसिक रूपमा नकरात्मक असर पुगेको देखिन्छ । त्यसैले यस तहमा निर्माणात्मक मूल्याङ्कन पद्धतिलाई विशेष जोड दिनुपर्दछ ।

विद्यार्थीको निर्माणात्मक मूल्याङ्कनलाई निरन्तर विद्यार्थी मूल्याङ्कन भन्ने गरिएको छ । निर्माणात्मक मूल्याङ्कनलाई किन निरन्तर विद्यार्थी मूल्याङ्कन भनियो भन्ने सन्दर्भमा  निर्णयात्मक तथा निर्माणात्मक मूल्याङ्कनलाई एकै ठाउँमा राखेर बताउन उपयुक्त हुन्छ । साधारण अर्थमा विद्यार्थीको सिकाइका बारेमा जानकारी लिने काम विद्यार्थी मूल्याङ्कन हो ।  विद्यार्थीका बारेमा निर्णय लिन र विद्यार्थीमा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूरा गराउन विद्यार्थीको मूल्याङ्कन गरिन्छ । विद्यार्थीका बारेमा निर्णय लिन गरिने मूल्याङ्कनलाई निर्णयात्मक र पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उद्देश्य पूरा गराउन गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ ।

शिक्षणसिकाइ प्रभावकारी बनाउने र पाठ्यक्रमले लक्ष्य गरेका सिकाइ उद्देश्यहरू विद्यार्थीमा पूरा गराउन गरिने मूल्याङ्कन निर्माणात्मक मूल्याङ्कन हो । शिक्षणसिकाइलाई प्रभावकारी बनाउने उद्देश्यअनुसार निर्माणात्मक मूल्याङ्कन शिक्षणसिकाइ क्रियाकलापसँगै निरन्तर चलिरहन्छ । त्यसैले निर्माणात्मक मूल्याङ्कनलाई सरल भाषामा निरन्तर विद्यार्थी मूल्याङ्कन भनिएको हो । निरन्तर विद्यार्थी मूल्याङ्कन किन आवश्यक छ भन्ने कुरा प्रष्ट हुन तल दिइएका केहि तथ्य तथ्याङ्कको अध्ययन गर्न जरुरी छ:

**प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीको विवरण** (प्रतिशतमा)

| कक्षा -१ | | | कक्षा -२ | | | कक्षा -३ | | | कक्षा -४ | | | कक्षा -५ | | | कक्षा १-५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २९.४ | २९.६ | २९.५ | १४.० | १३.४ | १३.७ | १०.५ | १०.२ | १०.३ | ९.९ | १०.१ | १०.० | ७.९ | ७.८ | ७.८ | १७.३ | १७.० | १७.२ |

**प्राथमिक तहमा कक्षा छाड्ने विद्यार्थीको विवरण** (प्रतिशतमा)

| कक्षा -१ | | | कक्षा -२ | | | कक्षा -३ | | | कक्षा -४ | | | कक्षा -५ | | | कक्षा १-५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १५.६ | १६.५ | १६.१ | ११.३ | १२.१ | ११.७ | ९.२ | १०.१ | ९.७ | ९.५ | १०.६ | १०.१ | ९.० | १०.५ | १०.२ | १२.० | १२.८ | १२.४ |

*स्रोत : शिक्षा विभाग*

प्रस्तुत तथ्याङ्कमा प्राथमिक तहका विद्यार्थीहरूले कक्षा छाड्ने र दोहोऱ्याउने दर डरलाग्दो देखिन्छ । यस्तो हुनुमा थुप्रै प्रत्यक्ष र अप्रत्यक्ष कारणहरू रहेका छन् । तीमध्ये केही प्रमुख कारणहरू यस्ता देखिन्छन्:

(क) विद्यार्थी अनुत्तीर्ण हुनु,

(ख) कक्षाकोठा रमाइलो नहुनु,

(ग) कक्षामा सजाय दिइनु

(घ) कक्षामा पाठ घोक्नुपर्ने, कण्ठ गर्नुपर्ने र गृहकार्य धेरै गर्नुपर्ने बाध्यता हुनु,

(ङ) नियमित रूपमा विद्यालय जान नपाउनु,

(च) कलिला र चञ्चल बालबालिकालाई दिनभर कक्षाकोठामा कोचिएर बस्नुपर्ने बाध्यता हुनु,

(छ) ज्ञान र बोध पक्षलाई मात्र आधार बनाएर परीक्षामुखी मूल्याङ्कन गर्ने परिपाटी हुनु,

(ज) विद्यार्थीहरू आफ्नो रुचिअनुसारको क्रियाकलापमा सहभागी हुन नपाउनु ।

यी सबै कारणहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण र जड कारण भनेको हाम्रो परम्परागत घोकन्ते शिक्षण प्रक्रिया, परीक्षा प्रणाली र विषयवस्तु प्रधान शैक्षणिक सामग्री नै रहेको देखिन्छ । यसले हाम्रा बालबालिकाहरूलाई उनीहरूको प्रतिभा र क्षमता दबाएर एकोहोरो किताबी ज्ञान दिन मात्र प्रेरित गर्छ । हाम्रा अभिभावकहरू र शिक्षकहरू लब्धाङ्कपत्रमा आएको अङ्कलाई आधार बनाएर आफ्ना बालबालिकाको क्षमता माथि गर्व गर्छन् । त्यो अङ्क कसरी आएको छ, कसरी आउनुपर्दथ्यो, त्यसले वास्तविक मूल्याङ्कन गरेको छ, छैन भनेर कहिल्यै हेर्ने काम भएको छैन ।

हाल नेपालको विद्यालय सतरमा मानक वा अङ्कमा आधारितप परीक्षा प्रणालिले अत्याधिक स्थान पाएको कारणाले गर्दा जुन विद्यार्थीले लब्धाङ्क पत्रमा धेरै अङ्क ल्याउँछ, त्यसलाई राम्रो र जेहेनदार विद्यार्थी भनिन्छ । कम अङ्क ल्याउने वा कथित अनुत्तीर्ण हुने विद्यार्थीलाई कमजोर र खराब विद्यार्थी भनिन्छ । ३२ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सक्षम गनिएर माथिल्लो कक्षामा पुग्छ भने ३२ प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी अक्षम गनिएर एकवर्ष पहिलेकै कक्षामा आफूभन्दा साना भाइबहिनीहरूसँग बसेर कक्षा दोहोऱ्याउन बाध्य हुन्छ । त्यस्ता बालबालिकाको मानसिक पीडा र असहज वातावरण बुझ्ने प्रयास भएको छैन ।

उक्त विद्यार्थी त्यस्तो मूल्याङ्कन प्रणालीद्वारा अक्षम घोषित भयो जुन प्रणालीले उसको स्मरण क्षमताबाहेक कुनै पनि क्षमताको जाँच गरेन । उसले एकवर्षमा विद्यालयमा किताबका अक्षरबाहेक थुप्रै कुरा सिक्न पाउनुपर्दथ्यो । त्यो सिकाइयो कि सिकाइएन, आफ्नो ठाउँमा छ । उसले आफ्नो क्षमता भ्याएसम्म सिकेका अन्य कुराहरूको पनि परीक्षण नगरी खाली स्मरण क्षमता मात्र हेर्नु बालअधिकारका दृष्टिले पनि अन्याय हुन्छ ।

हामीले अनुभूति गरेकै कुरा हो परीक्षामा अनुत्तीर्ण भएर कक्षा छाडेका कैयौं व्यक्तिहरू भविष्यमा ठूलो कलाकार, प्राविधिक, पत्रकार, वैज्ञानिक, मिस्त्री, कुक, व्यवस्थापक, व्यापारी, नेता आदि बन्न सफल भएका छन् । अर्कातर्फ उच्च अङ्क ल्याएर पास भएका थुप्रै नागरिकहरू जीवनमा असफल भएका वा बेरोजगार भएरु बसेका उदाहरण छन् ।

सबै बालबालिकाको सिकाइ क्षमता, रुचि, बोध, सीप, अभिवृत्ति, सृजनात्मकता आदिमध्ये कुनै विद्यार्थी एक क्षेत्रमा अगाडि छ भने अर्कोमा नहुन सक्छ । ज्ञान र बोध पक्षलाई मात्र परीक्षण गरेर बाँकी क्षेत्रको उपेक्षा गर्दा देशका होनहार प्रतिभावान् र क्षमतावान् नागरिकहरू राष्ट्र निर्माणको मूल धारबाट नै बाहिरिन पुगेका छन् ।

**शिक्षाको राष्ट्रिय उद्देश्यहरूमध्ये एउटा उद्देश्य यस्तो छ :**

"शिक्षाले प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्नुपर्छ ।" तर हाम्रो शिक्षा प्रणालीले भने धेरै प्रकारका प्रतिभा भएका र व्यक्तित्वशाली बालबालिकाहरूलाई पाठ कण्ठ गर्न नसकेको भनी हिनताबोध हुनु परेको छ । बहुप्रतिभा भएका बालबालिकालाई पनि आफ्ना सम्पूर्ण प्रतिभा दबाएर किताबी ज्ञानमा सीमित गरेको छ । सबैका लागि शिक्षा भनेर अघि बढिरहेको विश्व समाजमा नेपाली बालबालिका भने अक्षमताको बिल्ला लगाउँदै विद्यालय छाड्नु पर्ने अवस्था आउनु सान्दर्भिक मान्न सकिँदैन ।

यिनै सवालहरूको समाधानस्वरूप प्राथमिक तहको कक्षा ३ सम्म उदार कक्षोन्नतिको अवधारणा अगाडि सारिएको हो ।

**उदार कक्षोन्नति के हो ?**

बालबालिकाहरूलाई सामान्यतया तल्ला कक्षामा सिक्न नसकेका कुराहरू माथिल्ला कक्षमा सिकाउने गरी कक्षा चढाउँदै लैजाने कार्यलाई उदार कक्षोन्नति भनिन्छ ।

उदार कक्षोन्नतिका सम्बन्धमा शिक्षक, अभिभावक र सामान्य नागरिकहरूमा यस्ता प्रश्नहरू उब्जेको पाइन्छ ।

- जान्दै नजान्ने विद्यार्थीलाई कसरी उत्तीर्ण गराउने ?
- नजान्ने विद्यार्थीलाई पनि उत्तीर्ण गर्दै लैजाने हो भने माथिल्लो कक्षामा समस्या आउँदैन ?
- यही तरिका हो भने अब शिक्षाको गुणस्तर न्यूनतम हुने भयो । अनुत्तीर्ण नै गर्न नपाइने भएपछि कसले मिहिनेत गरेर पढ्छ ?
- पढ्ने र नपढ्ने विद्यार्थीबीचमा के फरक ?
- विद्यार्थी अनुत्तीर्ण नहुने भएपछि शिक्षकले केको मरिमेट्नु छ र ?

यी प्रश्नहरू हिजोको सन्दर्भमा ठिकै थिए होलान् । अथवा हामीले अहिलेसम्म गलत अभ्यास गरिरहेका थियौं होला तर आजको आधुनिक प्रतिस्पर्धात्मक विश्वमा यी प्रश्नहरू नै गलत सावित भइसकेका छन् किनकि तलका बुँदाहरूमा एकक्षण सोचौं त !

१. आधुनिक शिक्षामा शिक्षकले पढाउने होइन सिकाउनुपर्छ । विद्यार्थीले सिक्नुपर्छ । विद्यार्थीलाई जवाफ दिन सक्ने मात्र होइन प्रश्न गर्न सक्ने पनि बनाउनु पर्दछ ।

२. सबै बालबालिकाको सिक्ने क्षमता उस्तै हुँदैन ।

३. कुनै पनि बालबालिका सिक्नै नसक्ने वा क्षमताविहीन हुँदैनन् । उनीहरूमा कुनै न कुनै प्रकारको अन्तर्निहित प्रतिभा र क्षमता हुन्छ, जसलाई प्रष्फुटन गराउने काम शिक्षकको हो ।

४. सिकाइको तरिका, माध्यम, वातावरण, अभ्यास, सामग्री आदिले सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ ।

५. सिकाइ निरन्तर चलिरहने प्रक्रिया हो । अघि बढिरहेका अबोध बालबालिकालाई आफूले सिकाउन असफल भएको कुरा लुकाउन "तँ अनुत्तीर्ण भइस्" भनेर उसको विकासको गतिलाई नै टक्क रोकेर ३६५ दिन अर्थात् एकवर्ष पछाडि धकेल्नु अन्यायपूर्ण र अप्राकृतिक कार्य हो । बालबालिकाको सिकाइको गति रोक्ने अधिकार हामीलाई छैन ।

६. शिक्षणसिकाइ प्रक्रिया, मूल्याङ्कन प्रक्रिया र शिक्षाप्रतिको गलत सोचाइको कारण अबोध बालबालिका के ठीक र के बेठीक भन्ने कुरासम्म पनि थाहा नभएकालाई अनुत्तीर्ण बनाउनु न्यायोचित हुँदैन ।

७. बालबालिकाको शारीरिक एवम् मानसिक विकास तीव्र गतिमा भइरहेको त्यस उमेरमा एकवर्ष अनुत्तीर्ण भएर कक्षा दोहोऱ्याउनुले कक्षामा उमेरगत र व्यवहारगत विभिन्नता ल्याउँछ । अनुत्तीर्ण हुनेलाई आफ्ना भाइबहिनीहरूसँग बसेर पढ्नुपर्दा लाज, हिनताबोध, असन्तुष्टि आदि उत्पन्न हुन्छ । उनीहरू कक्षामा अनुशासित नहुने , कक्षा छाड्ने वा पढाइ नै छाड्ने गर्छन् । सिक्न आएका बालबालिकालाई सिकाउँदै नसिकाइ बाहिर पठाउनु राज्य आफ्नो कर्तव्यबाट विमुख हुनु हो ।

यिनै कारणले गर्दा उदार कक्षोन्नतिको आवश्यकता परेको हो । अब प्रावि तहका शिक्षकमा थप दायित्व थपिएको छ । पहिले जस्तो कक्षामा गएर किताब पढाउने मात्र होइन कि विविध प्रकारका क्रियाकलापहरूको माध्यमबाट बालबालिकालाई पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरू हासिल हुने गरी सिकाउनुपर्छ । सिकाइको क्रममा निरन्तर मूल्याङ्कन गरी कुनकुन विद्यार्थीमा सिकाइ उपलब्धि

हालिस भएन छुट्याउनुपर्छ । सिकाइ उपलब्धि हासिल नभएका विद्यार्थीलाई थप क्रियाकलापहरूद्वारा सिकाउँदै जानुपर्छ ।

सामाजिक अध्ययन विषयका सन्दर्भमा शिक्षणसिकाइको उद्देश्य विषयवस्तुको ज्ञान दिने मात्र नभई बालबालिकामा व्यवहार, सीप, अवधारणा र व्यक्तित्वको विकास गर्नु रहेको हुन्छ । यस्ता कुराहरू लिखित वा मौखिक परीक्षाबाट मात्र परीक्षण गर्नु सम्भव हुँदैन ।

यसका निम्ति निरन्तर अवलोकन, पृष्ठपोषण र सहयोगको खाँचो पर्दछ ।

उदार कक्षोन्नति प्रणालीमा निरन्तर मूल्याङ्कन पद्धति अपनाइन्छ । यस्तो मूल्याङ्कन कक्षाभित्र, बाहिर एवम् प्रत्यक्ष र अप्रत्यक्ष रूपमा गरिन्छ तर त्यसलाई अभिलेखीकरण गर्दै जानुपर्छ । विद्यार्थीको सहभागिता, सक्रियता, दक्षता, कार्यसम्पादन, समय पालना, नियमितता आदिका आधारमा मूल्याङ्कन गर्दै जानुपर्छ ।

कक्षा १-३ सम्म आवश्यक परीक्षा र निरन्तर मूल्याङ्कन दुवै गर्न पर्ने तर कक्षोन्नितको आधार निरन्तर विद्यार्थी मूल्याङ्कनलाई मात्र लिनुपर्ने व्यवस्था भएको छ ।  कक्षा ४ र ५ मा कक्षोन्नितको आधार निम्नानुसार हुने छः

निरन्तर मूल्याङ्कन ५० प्रतिशत

परीक्षा(आवधिक मूल्याङ्कन) ५० प्रतिशत

जम्मा १०० प्रतिशत

**निरन्तर मूल्याङ्कनका आधारहरू**

विद्यार्थीको मूल्याङ्कन हचुवाको भरमा नगरी दैनिक रूपमा गर्नुपर्छ । त्यसका निम्ति निम्नलिखित आधारहरू अपनाउन सकिन्छ :

(क) सहभागिता

(ख) कार्य सम्पादन

(ग) व्यवहार निर्माण

(घ) सिर्जनात्मकता

(ङ) परियोजना कार्य

हरेक पाठमा माथिका क्रियाकलापका आधारमा मूल्याङ्कन गर्ने । 'क' देखि 'ग' सम्मका क्रियाकलापहरू दैनिक मूल्याङ्कन फाराम भरेर राख्ने ।

'क' देखि 'ग' सम्मका क्रियाकलापको मूल्याङ्कन गर्दा निम्नानुसार रेजा लगाउने

अति उत्तम - √√√

उत्तम - √√

सामान्य - √

हरेक विद्यार्थीको हप्ताभरिको रेजा गनेर आएको सङ्ख्यालाई त्यो हप्ताभरि पढाइएको पाठसङ्ख्या र मूल्याङ्कन आधार सङ्ख्याले भाग गरी १०० ले गुणा गर्ने र प्रतिशतमा निकाल्ने । हरेक त्रैमासिक सामान्यतया विद्यार्थी अनुत्तीर्ण नहुने हुनाले उनीहरूलाई 'क' 'ख' र 'ग' श्रेणीमा छुट्याउने ।

७० देखि १०० प्रतिशत 'क' श्रेणी

४० भन्दा माथि ६९ प्रतिशतसम्म 'ख' श्रेणी

४० प्रतिशत भन्दा कम 'ग' श्रेणी हुन्छ ।

'ग' श्रेणीका विद्यार्थीहरूको कमी कमजोरी पहिचान गरी आवश्यक सुधार गर्दै लैजानुपर्छ ।

दैनिक, साप्ताहिक र त्रैमासिक मूल्याङ्कन फारामहरूको नमुना यसप्रकार छन् :

**दैनिक मूल्याङ्कन तालिकाको नमुना**

| रो. नं | पाठ-६ | | | | पाठ-७ | | | | पाठ-८ | | | | पाठ-९ | | | | पाठ-१० | | | | पाठ-११ | | | | रेजा संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क | ख | ग | घ | क | ख | ग | घ | क | ख | ग | घ | क | ख | ग | घ | क | ख | ग | घ | क | ख | ग | घ | ७२ |
| १. | √<br>√<br>√ | √<br>√ | √<br>√ | √ | √<br>√ | √<br>√<br>√ | √<br>√ | √<br>√ | √<br>√ | √<br>√ | √<br>√ | √ | √<br>√ | √<br>√<br>√ | √ | √ | √<br>√ | √<br>√ | √<br>√ | √<br>√ | √<br>√ | √<br>√ | √<br>√<br>√ | √<br>√<br>√ | ४९ |
| २. | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | | | | | | | | | | | | |

**द्रष्टव्यः**

(क) सहभागिता (ख) कार्य सम्पादन (ग) व्यवहार (घ) सिजनात्मकता वा विशेष क्षमता

**मूल्याङ्कनका आधारहरू**

दैनिक मूल्याङ्कनका क्रममा धेरै राम्रो र धेरै कमजोर विद्यार्थीको सिकाइउपब्धिका आधारमा कक्षा सक्ने बित्तिकै रेजा लगाउने र बाँकी विद्यार्थीलाई मध्यम रेजा फुर्सदमा दिने ।

प्रस्तुत तालिकामा रोल नं. १ को विद्यार्थीको प्राप्त गरेको रेजा सङ्ख्या = ४९

$$\text{प्राप्ताङ्क} = \frac{\text{पाएको रेजा सङ्ख्या}}{\text{पाउनु पर्ने रेजा सङ्ख्या}} \times १००$$

$\frac{४९}{७२} \times १००$ = ६८ प्रतिशत अङ्क पायो । त्रैमासिक परीक्षा अघि प्राप्त अङ्क प्रतिशतको औसत निकाल्ने ।

**त्रैमासिक मूल्याङ्कन फाराम**

| रोल नं | हप्ताअनुसार प्राप्ताङ्क | | | | | | | | | | | | जम्मा | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | | |
| १. | ६८ | ८२ | ७० | ८५ | ७६ | ७५ | ७२ | ८८ | ९० | ९५ | ८७ | ८६ | १०२३ | ८१.१६ |
| २. | | | | | | | | | | | | | | |
| ३। | | | | | | | | | | | | | | |

$$\text{जस्तै : त्रैमासिक मूल्याङ्कन अङ्क} = \frac{\text{हरेक हप्ताको प्रतिशतको जोड}}{\text{हप्ता सङ्ख्या}}$$

$$= \frac{१०२३}{१२}$$

$$= ८५.२५\%$$

उक्त अङ्कलाई ५० प्रतिशत मा परिवर्तन गर्ने

जस्तै : $८५.२५ \times \frac{५०}{१००} = ४२.६२ = ४३$ अङ्क

प्रथम त्रैमासिक मूल्याङ्कन नतिजा = निरन्तर मूल्याङ्कनबाट प्राप्त अङ्क + परियोजना कार्यको अङ्क + परीक्षाबाट प्राप्त अङ्क

४३ + ७ + २८ = ७८ अङ्क

रोल नं. १ को विद्यार्थीले प्रथम त्रैमासिक परीक्षामा सामाजिक अध्ययन विषयमा ७८ अङ्क ल्यायो, त्यसैले ऊ 'क' श्रेणीमा पऱ्यो ।

हरेक विषयमा प्रत्येक त्रैमासिक परीक्षामा प्राप्त अङ्कलाई अन्तिम मूल्याङ्कनका निम्ति निम्नानुसार परिवर्तन गरेर राख्ने ।

प्रथम त्रैमासिकको अङ्कलाई १० प्रतिशत

दोस्रो त्रैमासिक परीक्षाको अङ्कलाई ३० प्रतिशत

अन्तिम परीक्षाको अङ्कलाई ६० प्रतिशत

जस्तै: रोल नं. १ को विद्यार्थीले प्रथम त्रैमासिक परीक्षामा ७८ अङ्क, दोस्रोमा ७५ अङ्क र अन्तिममा ८० अङ्क पायो भने अन्तिम मूल्याङ्कन यसरी गर्नुपर्छ :

प्रथम त्रैमासिकको अङ्क $= \frac{\text{पाप्ताङ्क}}{१००} \times १० = \frac{७८}{१००} \times १० = ७.८$ अङ्क

दोस्रो त्रैमासिकको अङ्क $\frac{\text{पाप्ताङ्क}}{१००} \times ३० = \frac{७५}{१००} \times ३० = २२.५$ अङ्क

अन्तिम परीक्षा वा तेस्रो त्रैमासिक परीक्षाको अङ्क

$$= \frac{\text{पाप्ताङ्क}}{१००} \times ६० = \frac{८०}{१००} \times ६० = ४८ \text{ अङ्क}$$

अन्तिम मूल्याङ्कनको अङ्क = प्रथम त्रैमासिकको अङ्क + दोस्रो त्रैमासिकको अङ्क + अन्तिम त्रैमासिकको अङ्क

= ७.८+२२.५+४८

= ७८.३ अङ्क अर्थात् ७८ अङ्क प्राप्त भयो ।

**परियोजना कार्य**

सिकाइको एउटा महत्त्वपूर्ण विधि परियोजना कार्य हो । परियोजना कार्य गरिरहँदा त्यसको मूल्याङ्कन गर्नुपर्छ । त्यसका निम्ति निम्नलिखित आधारहरू अपनाउन सकिन्छ । सहभागी हरेक विद्यार्थीलाई न्यूनतम ४ अङ्क हरेक क्षेत्रमा दिइनुपर्छ ।

**परियोजना कार्य मूल्याङ्कन फारामको नमुना**

| रोल नं. | सहभागिता १० | कार्य सम्पादन १० | प्रस्तुतीकरण १० | जम्मा अङ्क १० | औसत अङ्क |
|---|---|---|---|---|---|
| १ | ७ | ९ | ८ | २४ | $\frac{२४}{३} = ८$ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

परियोजना कार्यको त्रैमासिक परीक्षाको अङ्क निकाल्दा परियोजना कार्यको त्रैमासिक परीक्षाको अङ्क निकाल्दा

$$= \frac{\text{परियोजना कार्यहरूबाट पाप्त अङ्कहरूको जोड}}{\text{परियोजना कार्य स ङ्ख्या}}$$

$$= \frac{८+६+५+३}{४} = \frac{२२}{४} = ५.५ \text{ अङ्क हुन्छ}$$

उक्त अङ्क निरन्तर मूल्याङ्कनमा जोड्ने ।

**सह तथा अतिरिक्त क्रियाकलाप**

महिनामा कम्तीमा एउटा सह तथा अतिरिक्त क्रियाकलाप गराउने । एउटा सह वा अतिरिक्त क्रियाकलापलाई एउटा पाठ मानेर साप्ताहिक मूल्याङ्कनमा समावेश गर्ने । यसका निम्ति दैनिक पाठ मूल्याङ्कनलाई नै आधार मान्ने र रेजा लगाउने । समूहगत प्रतिस्पर्धा भएमा समूहका सबैले समान अङ्क पाउँछन् ।

**एकाइ परीक्षा**

हरेक एकाइ सकिएपछि एउटा एकाइ परीक्षा लिनुपर्छ । यसका लागि निश्चित् अङ्क छुट्याउन सकिन्छ ।

जस्तै: हरेक एकाइ परीक्षा १० अङ्कका निम्ति गर्न सकिन्छ । ती अङ्कहरूको औसत निकालेर हरेक त्रैमासिक परीक्षामा दिइने अङ्कको १० प्रतिशत अङ्क एकाइ परीक्षालाई दिन सकिन्छ ।

एकाइ परीक्षा अभिलेख फारामको नमुना

| **रोल.नं** | **एकाइ परीक्षा** | | | **जम्मा अङ्क** | **औसत अङ्क** |
|---|---|---|---|---|---|
| | पहिलो (१०) | दोस्रो (१० | तेस्रो (१०) | | |
| १ | ६ | ७ | ८ | २१ | ७ |

अन्तिम मूल्याङ्कन पाठ्यक्रममा दिइएअनुसार गर्नुपर्छ ।

**सञ्चित अभिलेख**

हरेक विद्यार्थीको निम्ति एकएकओटा फाइल खडा गरेर राख्नुपर्छ । उक्त फाइललाई सञ्चित अभिलेख भनिन्छ । उक्त अभिलेखमा उक्त विद्यार्थीको बारेमा निम्नलिखित कुरा समावेश हुनुपर्छ ।

(क) विद्यार्थीको व्यक्तिगत विवरण

- विद्यार्थीको नाम
- ठेगाना
- जन्म मिति

(ख) विद्यार्थीको पारिवारिक विवरण

- विद्यार्थीको दाजुभाइ तथा दिदी बहिनी सङ्ख्या

- बुबाको नाम र उमेर
- आमाको नाम र उमेर
- घरमा परिवार सङ्ख्या
- आमाको पेसा
- बुबाको पेसा आदि

(ग) त्रैमासिक उपलब्धि

- प्रत्येक तीन महिनामा विद्यार्थीले पाएको अङ्क
- प्रत्येक तीन महिनामा विद्यार्थीले प्राप्त गरेको श्रेणी (ग्रेड)
- अभिभावकको प्रतिक्रिया
- शिक्षकको प्रतिक्रिया

(घ) घटनावृत्त अभिलेख र त्यससँग सम्बन्धित पृष्ठपोषणका कुराहरू

- विद्यार्थीको जीवनमा घटेका महत्त्वपूर्ण घटनाहरू
- उक्त घटनाको कारण सिकाइमा परेको प्रभाव
- अभिभावकको प्रतिक्रिया
- शिक्षकको प्रतिक्रिया

(ङ) अन्तिम मूल्याङ्कन विवरण

- वर्षभरिको विद्यार्थीको सिकाइ उपलब्धि
- विद्यार्थीको रुचिको क्षेत्र
- विद्यार्थीले रुचि नदेखाउने क्षेत्र
- विद्यार्थीले हासिल गरेको अङ्क
- कक्षोन्नतिको लागि गरिएको निर्णय आदि ।

उक्त सञ्चित अभिलेख एकपटक खडा गरेपछि त्यो विद्यार्थी त्यस विद्यालयमा रहेसम्म एउटै हुन्छ ।
द्रष्टव्य: विस्तृत जानकारीको लागि निरन्तर विद्यार्थी मूल्याङ्कन निर्देशिका हेर्नुहोला ।

## मूल्याङ्कन तरिका तथा साधनहरूको सूचि

- अवलोकन फाराम
- श्रेणीमापन
- रुजूसूचि
- घटनावृत्त अभिलेख
- सञ्चित अभिलेख
- सामुहिक मूल्याङ्कन
- व्यक्तिगत मूल्याङ्कन
- सहपाठी मूल्याङ्कन
- आत्ममूल्याङ्कन
- शिक्षक मूल्याङ्कन
- अभिभावक सम्पर्कबाट गरिने मूल्याङ्कन
- अन्तर्वार्ता
- कक्षा कार्य
- गृहकार्य
- सामुदायिक कार्यक
- परियोजना कार्य
- लिखित तथा मौखिक प्रश्न
- एकाइ परीक्षा
- सहभागिता
- छलफल
- घटना अध्ययन
- प्रश्नोत्तर
- कार्यसञ्चायीका अध्ययन

एकाइ : १

## आफू, आफ्नो परिवार र छरछिमेक

**उद्देश्य**

(क) आफू र आफ्नो परिवारका सदस्यको नाम र नाता बताउन ।

(ख) आफ्नो सामानको पहिचान र जतन गर्न ।

(ग) आफ्ना दौँतरीहरूसँग मेलमिलाप राख्न ।

(घ) आफूभन्दा ठूलालाई आदर र सानालाई माया गर्न ।

(ङ) समूहमा मिलेर काम गर्न ।

(च) आफ्ना दौँतरीहरूको नाम सोध्न र मिलेर खेल्न ।

**मुख्य विषयवस्तु**

प्राथमिक तहको सुरुको कक्षा भएको हुनाले कक्षा १ मा विद्यार्थीहरूले नौलो वातावरण, नौलो ठाउँ र नौला मानिसहरूसँग सामञ्जस्य कायम गर्नुपर्ने हुन्छ । यस अवस्थामा पूर्व प्राथमिक तहको शिक्षा नलिएका बालबालिकाहरूले अक्षर पढ्न र लेख्न नजान्ने हुँदा कलम, कापी र पुस्तकसँग पनि परिचित हुनुपर्ने हुन्छ । यसकारण यस कक्षाको सुरुका कक्षाहरूमा उनीहरूलाई कलम जबर्जस्ती समातेर लेख्न र पढ्न भन्दा खेलहरू, चित्र प्रदर्शन, कथावाचन, सिर्जनात्मक एवम् प्रतिभा प्रदर्शन गर्ने खालका विद्यार्थीकेन्द्रित विधिहरूका माध्यमबाट विषयवस्तु सिकाउनुपर्छ । त्यसैले विद्यार्थीको मूल्याङ्कन लिखित परीक्षाभन्दा क्रियाकलापकै क्रममा सुधारात्मक ढङ्गबाट गर्दै जानुपर्छ । आवधिक मूल्याङ्कन पनि यस्तै क्रियाकलापद्वारा नै गर्नुपर्दछ ।

विद्यार्थीहरूलाई सुरुका दिनहरूमा शिक्षक, कक्षाकोठा र साथीहरूसँग घुलमिल गराउन दुईचार दिनसम्म स्थानीय खेलहरू खेलाउने, नाचगान गर्ने, कथा भन्ने जस्ता क्रियाकलापहरू गराएपछि मात्र पाठ सुरु गर्नुपर्छ । हरेक क्रियाकलापहरूमा लजाउने, डराउने, निष्क्रिय रहने विद्यार्थीलाई पृष्ठपोषण र प्रोत्साहन दिँदै फकाउँदै सक्रिय बनाउनुपर्छ । क्रियाकलापहरू गराइरहँदा विद्यार्थीलाई गाली गर्ने, पिट्ने, तर्साउने गर्नुहुँदैन ।

यस एकाइमा बालबालिकाहरूले आफ्नो नाम भन्ने, परिवारका सदस्यहरूको नाम र नाता बताउने, समूहमा घुलमिल भएर बस्ने बानीको विकास गराउने र मेलमिलापसम्बन्धी क्रियाकलापहरू सिकाउनुपर्छ । ठूलालाई आदर र सानालाई माया गर्ने नैतिक व्यवहारको पनि विकास गराउने प्रयास गर्नुपर्छ ।

**शैक्षिक सामग्री**

पोस्टर, चित्र, चार्ट, घरपरिवारमा हुने सामग्रीहरूको नमुना आदि ।

**सिकाइ क्रियाकलाप र मूल्याङ्कन**

(क) विद्यार्थीहरूलाई दुई समूह बनाउनुहोस् । एउटा समूहमा बढीमा पाँचजना राख्नुहोस् । बाँकीलाई अर्को समूहमा राख्नुहोस् । थोरै जनाको समूह गोठालो र बाँकी समूह बाख्रा हुन्छन् । गोठालो समूहले बाख्रा समूहलाई लखेट्छन् । गोठालाले बाख्रालाई छुँदा बाख्राले आफ्नो नाम ठूलो स्वरले भन्नुपर्छ । अब छुने विद्यार्थी बाख्रा र छोड्ने विद्यार्थी गोठालो बन्छ । यही क्रमले खेल अगाडि बढिरहन्छ । गोठालाले छुँदा बाख्राले नाम भनेन भने ऊ गोठालो बन्न पाउँदैन ।

यो खेलबाट बालबालिकाहरूमा घुलमिल हुने, आफ्नो नाम भन्ने अभ्यास हुने, अरूको नाम थाहा पाउन सजिलो हुने, परिचय हुने जस्ता ज्ञान तथा सीपको विकास हुन्छ ।

खेल खेलिरहेकै समयमा झुक्किने र नाम नभन्ने विद्यार्थीलाई दोहोर्‍याउँदै सिकाउँदै अभ्यास, मूल्याङ्कन एवम् सुधार गर्दै लैजानुपर्छ । यस खेलको सट्टा शिक्षक निर्देशिकामा दिइएको नाम ठेगाना बताउने खेल खेलाउन पनि सक्नुहुन्छ ।

खेलका क्रममा विद्यार्थीहरूको सिकाइउपलब्धि मूल्याङ्कन गर्न तलको जस्तै अवलोकन फाराम बनाउनुहोस् ।

| विद्यार्थीको नाम | सक्रियता | नाम भन्ने | मिलनसारिता | जम्मा अङ्क |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

फाराममा उल्लिखित बुँदामा सकारात्मक भए (√) चिह्न लगाउनुहोस् र नभए खाली छोड्नुहोस् । एउटा (√) को १० अङ्क दरले अङ्क दिई मूल्याङ्कन गर्नुहोस् । प्राप्ताङ्कलाई आवश्यकताअनुसार प्रतिशतमा परिवर्तन गर्न सक्नुहुने छ:

(ख) विद्यार्थीहरूलाई जनावरहरूको कथा धेरै मन पर्छ । जनावरहरूको संयुक्त परिवार भएको कथा सुनाउनुहोस् । जस्तै: "कुनै जङ्गलमा एउटा स्याल बस्दथ्यो । स्यालको नाम चङ्खे थियो । चङ्खेको घरमा बुढा हजुरबा र बुढी हजुरआमा थिए । चङ्खेका बाआमाले चङ्खेका हजुरबा हजुरआमालाई आदर गर्थे । उनीहरू चङ्खेलाई माया गर्थे । चङ्खेले पनि उसका बुबाआमा र हजुरबा हजुरआमालाई आदर गर्थ्यो । चङ्खे आफ्ना भाइबहिनीलाई माया गर्थ्यो । ऊ आफूभन्दा ठूलाले भनेको कुरा मान्थ्यो । चङ्खे आफ्ना साथीहरू भुन्टे, च्यान्टी, पुड्केहरूहरूसँग मिलेर खेल्थ्यो ।

एकदिन जङ्गलमा बाघ आयो । चङ्खेका बाआमाले बूढाबूढी र केटाकेटीलाई घरभित्र लुकाएर राखे र आफू लुकेर बसे । बाघले उनीहरूलाई नदेखेर आफ्नो बाटो लाग्यो ।"

परिवारका ठूला सदस्यले माया नगरेका भए उनीहरू सबैलाई बाघले खान्थ्यो । त्यसै गरी सानाले पनि ठूलाले भनेको नमानेको भए बाघले खाइदिन सक्थ्यो ।

कथामा जस्तै "आफ्नो परिवारमा कोको छन् ?" भनी सोध्ने र उनीहरूको भूमिका भन्न लगाउने ।

कथावाचनपछि कथाका सम्बन्धमा विभिन्न प्रश्नहरू सोध्नुहोस् र तलको फाराम भरी मूल्याङ्कन गर्नुहोस्:

| रोल | प्रभावकारी सुनाइ | परिवारको सदस्यको नाम र नाता बताउने | निसङ्कोचता | जम्मा |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

*अतिउत्तम - ३,* *उत्तम - २,* *सामान्य - १*

(ग) घरायसी सामान र विद्यालयमा प्रयोग हुने सामानहरू एउटा कोठामा यत्रतत्र छरिदिनुहोस् । विद्यार्थीहरूको ५-६ जनाको समूह हुने गरी विभिन्न समूह बनाउनुहोस् । हरेक समूहलाई पालैपालो सामान जतनसाथ मिलाएर राख्न लगाउनुहोस् । क्रियाकलाप गर्नुअघि सामान मिलाएर राखिएको चित्र वा कोठा देखाएमा अझ राम्रो हुन्छ ।

यस क्रियाकलापमा दुई किसिमको मूल्याङ्कन गर्न सक्नुहुने छ ।

- **सामूहिक मूल्याङ्कन**

  समूहले छिटो र राम्रोसँग सामानहरू जतनसाथ मिलाएर राख्न सकेको आधारमा प्रथम, द्वितीय र तृतीय घोषणा गर्नुहोस् । यसमा एउटा समूहका सबैले बराबर अङ्क पाउँछन् । जस्तै :

| समूहको नाम | समय<br>१० | कार्य सम्पादन<br>१० | नियम पालना<br>१० | जम्मा<br>३० |
|---|---|---|---|---|
| लालीगुराँस | ७ | १० | ४ | २१ |
| | | | | |
| | | | | |

नोट : शिक्षकले जिम्मा दिइएको कामको आधारमा समय निर्धारण गर्नुपर्दछ ।

धेरै राम्रो - १०, राम्रो - ७, ठीकै - ४ अङ्क

- **व्यक्तिगत मूल्याङ्कन**

  सोही क्रियाकलापमा प्रत्येक बालबालिकाको व्यक्तिगत मूल्याङ्कन निम्नानुसार गर्न सकिन्छ :

  काम सुरु गर्नुअघि सामान्य नियम पनि बनाउनुहोस् । जस्तै :

  - पिट्न नपाइने, झगडा गर्न र रुन नपाइने
  - सामानहरू खसाल्न र फुटाउन नपाइने
  - साथीलाई सहयोग गर्नुपर्ने

| रोल नं. | नियम पालना (१०) | मेलमिलाप (१०) | सहयोग (१०) | बोलीचाली (१०) | जम्मा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

*धेरै राम्रो १०, राम्रो ७, ठीकै ४*

(घ) तलका प्रश्नहरू सोधेर प्रत्येक विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् । यस मूल्याङ्कनमा अङ्क दिइरहनुपर्दैन । भन्न सक्नेलाई स्याबासी दिनुहोस् । नसक्नेलाई थप क्रियाकलाप गराएर नजानेसम्म सिकाउनुहोस् ।

- तिम्रो नाम के हो ?
- तिम्रो घरमा कोको हुनुहुन्छ ?
- तिमी आफूभन्दा ठूलालाई कसरी बोलाउँछौ ?
- तिमी लुगा कहाँ राख्छौ ?
- त्यहाँ गिलास ढलेको रहेछ । यसलाई कहाँ कसरी राख्नुपर्छ ? राखेर देखाऊ ।
- पाठ्यपुस्तकको पेज ७, ८ र ९ मा दिइएका गर्न हुने र गर्न नहुने कामका विभिन्न चित्रहरू देखाई गर्न हुने काम र नहुने काम छुट्याउन लगाउनुहोस् ।
- यस चित्रमा कोको छन् ? (पाठ्यपुस्तकको पेज नं. ४ को चित्र देखाइ त्यहाँ भएका व्यक्तिहरू चिन्न लगाउनुहोस् ।)

एकाइ : २

## हाम्रो सामाजिक मूल्य र मान्यता

### उद्देश्य

(क) आफूभन्दा ठूलालाई आदर गर्न ।

(ख) आफ्नो चलनअनुसार अभिवादन गर्न ।

(ग) नम्र भएर बोल्न र सहयोग गर्न ।

(घ) आफूभन्दा सानालाई माया गर्न ।

(ङ) आफू र आफ्नो परिवारका सदस्यहरूले लगाउने लुगाको पहिचान गर्न र नाम बताउन ।

(च) घरका सदस्यले गर्ने कामहरू बताउन र सकेको सहयोग गर्न ।

(छ) छिमेकमा गरिने कामहरू पहिचान गर्न र सकेको सहयोग गर्न ।

### मुख्य विषयवस्तु

'नानीदेखिको बानी' भन्ने उखान हाम्रो समाजमा निकै प्रचलित छ । हाम्रा बालबालिकाहरूलाई सानैदेखि सामाजिक व्यवहारहरू सिकाउँदै जान सकियो भने उनीहरू भविष्यमा सभ्य नागरिक बन्न सक्छन् । अशिष्ट व्यवहारले बालबालिकालाई अप्रिय बनाउँछ । त्यसैले उनीहरूलाई आ-आफ्नो चलन र संस्कारअनुसार अभिवादन गर्ने, मुस्काएर बोल्ने, धक नमानीकन मनका कुरा अभिव्यक्त गर्ने, अरूका कुरा सुन्ने र जिज्ञासा राख्ने, एकले अर्कालाई आदर र माया गर्ने जस्ता व्यवहारहरू सिकाउनुपर्छ । त्यस्ता व्यवहारहरूलाई बानीको रूपमा विकास गराउन सक्नुपर्छ । यस्ता बानीहरू बसाल्न एउटा कक्षामा एकदिन सिकाएर पुग्दैन । यसका लागि निरन्तर अभ्यास गराइरहनुपर्दछ ।

आफ्नो संस्कृति र मौसमअनुसारको लुगा लगाउने र जतन गर्ने बानी बसाल्नुपर्छ । त्यस्तै आफ्नो घर र छरछिमेकमा गरिने कामहरूको अवलोकन, पहिचान र सकेको सहयोग गर्ने बानी बसाउनुपर्छ ।

### शैक्षिक सामग्री

चित्र, तस्बिर, भिडियो क्लिप, घटनावृत्त अभिलेखको नमुना, मूल्याङ्कन अभिलेख फाराम आदि ।

### सिकाइ क्रियाकलाप र मूल्याङ्कन

(क) माथिल्लो कक्षाका विद्यार्थीहरू वा शिक्षक शिक्षिकाहरू वा समुदायका मानिसहरूलाई कक्षामा स्रोत व्यक्तिका रूपमा बोलाउनुहोस् । आफूभन्दा ठूलालाई कसरी अभिवादन गर्नुपर्छ भनी अभिनय गरेर देखाउनुहोस् । विद्यार्थीलाई स्रोत व्यक्तिलाई अभिवादन गर्न लगाउनुहोस् । लाज मान्ने, धकाउने र डराउने केटाकेटीलाई फकाएर अभिवादन गर्न प्रोत्साहित गर्नुहोस् । आफ्ना शिक्षकलाई र मान्नुपर्ने मानिसलाई सधैँ त्यसै गरी अभिवादन गर्नुपर्छ भनी निर्देशन दिनुहोस् । केही समयसम्म निगरानी गरेर बानी पार्नुहोस् । राम्रो गर्नेलाई स्याबासी दिँदै प्रोत्साहित गर्नुहोस् । नबोल्नेलाई पृष्ठपोषण दिँदै सिकाउँदै जानुहोस् । यो प्रक्रिया निर्माणात्मक मूल्याङ्कनको प्रक्रिया हो ।

(ख) ठूला व्यक्तिले साना व्यक्तिलाई माया र सहयोग गरेको चित्र, तस्बिर, चलचित्रहरूमध्ये जुन उपलब्ध हुन्छ त्यसको प्रदर्शन गर्नुहोस् । उक्त प्रदर्शित सामग्रीमा कसले, कसलाई, कसरी माया र सहयोग गरिरहेको छ भन्ने कुरा छलफल गर्नुहोस् ।

स्रोत व्यक्तिहरूको प्रयोग गरेर एकले अर्कालाई सहयोग र माया गर्छन् भन्ने कुरा अभिनय गरी देखाउनुहोस् । त्यसका आधारमा प्रश्नहरू सोध्नुहोस् । जस्तै :

- सानो बाबु/नानीलाई के गर्नुपर्छ ? माया गर्नुपर्छ कि कुट्नुपर्छ ?
- भाइ बहिनीसँग मिठो खानेकुराहरू बाँडेर खानुपर्छ कि पर्दैन ?

- यो चित्रमा कसले के गर्दै छन् ? (पाठ्यपुस्तकको पेज नं १२ र १३ को चित्रहरू देखाएर त्यहाँ भएका क्रियाकलापबारे सोध्नुहोस् ।

(ग) एकले अर्कालाई आदर, सम्मान र माया गरेको घटना झल्कने कथाहरू सुनाउनुहोस् । कथाका पात्रहरूले गरेको व्यवहार सम्बन्धमा छलफल गर्नुहोस् । आफू कुन पात्र जस्तो बन्ने भनी सोच्न लगाउनुहोस् । असल पात्रका असल बानीहरूमा बढी जोड दिनुहोस् ।

(घ) एउटा डायरी तयार गर्नुहोस् । जसमा विद्यार्थीले सिकेका ज्ञान, सीप, अवधारणा र व्यवहारहरूको प्रदर्शन कक्षाभित्र र बाहिर कसरी परेका छन् भन्ने कुराको अभिलेख राख्दै जानुहोस् । तपाईंले विद्यार्थीको पछि लागेर गरिरहनुपर्दैन । जुन विद्यार्थीले जस्तो व्यवहार प्रदर्शन गर्छ, त्यसलाई विचार गर्नुहोस् । जुन घटना उल्लेखनीय हुन्छ, त्यसलाई टिप्दै जानुहोस् र तत्काल पृष्ठपोषण दिनुहोस् ।

यस्ता घटनाहरू अभिलेखीकरण गर्ने बानीले विद्यार्थीको सिकाइ मजबुत पार्न र सुधार ल्याउन मद्दत गर्छ । यहाँ एउटा घटनावृत्त अभिलेखको उदाहरण प्रस्तुत छः

*विनीताको व्यवहार घटना नं. ५*

*म कक्षा चारमा पढाएर अफिस कोठातर्फ जाँदै थिएँ । कक्षा एकमा पढ्ने एउटी बालिकालाई विनीताले हप्काइन् । एक थप्पड हिर्काइन् पनि । म परैबाट कराएँ "ए तिनलाई नपिट" विनीता भागिन्, बालिका रुन थालिन् । कक्षा एकमा पढ्ने नाम्गेल र कजरी मिलेर बालिकालाई फकाए, आँसु पुछिदिए र कक्षामा लगिदिए ।*

*मैले एक महिनाअघि साना बालबालिकालाई आदर, माया र सहयोग गर्नुपर्छ भन्ने पाठ पढाएको सम्झिएँ । मैले राम्रोसँग पढाए पनि के कारणले हो बालबालिकमा ती सीपहरूको राम्रो विकास हुन सकेनछ । केहीमा सकारात्मक प्रभाव देखिए पनि केहीलाई अझै सिकाउनुपर्ने रहेछ ।*

*म कक्षा एकमा गएँ र विनीतालाई सम्झाएँ । "हेर नानु आफूभन्दा सानालाई त माया पो गर्नुपर्छ ।" विनीता डराएकी थिइन् तर मैले उनलाई फकाईफकाई सम्झाएँ । अब उनले यस्तो व्यवहार गर्दिनन् कि भन्ने आशा गरेको छु ।*

*नाम्गेल र कजरीले आज प्रदर्शन गरेको व्यवहारले मलाई साह्रै प्रभावित पार्‍यो । उनीहरूले गीतालाई फकाएर आँसु पुछिदिए । मैले "सानालाई माया गर्नुपर्छ भनी सिकाएको कुरा उनीहरूले सिकेछन् । म अत्यन्तै हर्षित भएँ । नाम्गेल र कजरीलाई स्याबासी दिएँ ।*

(ङ) विभिन्न प्रकारका लुगाहरू वा लुगा लगाएका मानिसहरूको चित्र वा तस्बिरहरू सङ्कलन गर्नुहोस् । भित्तामा गोजी तालिका झुन्डाएर त्यसको एकातर्फ पुरुषको चित्र र एकातर्फ महिलाको चित्र राख्नुहोस् । ३-४ जनाको समूह बनाउनुहोस् । सङ्कलित चित्रहरू छ्यासमिस गरेर राख्नुहोस् । हरेक समूहलाई पालैपालो एकएकओटा महिला र पुरुषले लगाउने पोसाकका चित्रहरू छानेर महिलाको पोसाक भए महिलाको चित्र मुनि र पुरुषको चित्र भए पुरुषको चित्रमुनि राख्नुहोस् । सबैको पालो नपुगुन्जेल ती चित्रहरू झिक्दै मिसाउँदै मिलाउँदै गर्न लगाउनुहोस् । एक दुई पटकको अभ्यासपछि चित्र मिलाएका आधारमा मूल्याङ्कन गर्नुहोस् र पृष्ठपोषण दिनुहोस् ।

| रोल नं. | मिलाएको चित्र सङ्ख्या | जम्मा चित्र सङ्ख्या ५ |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| | | (विद्यार्थी सङ्ख्या र समयका आधारमा पूर्णाङ्क निर्धारण गर्न सकिन्छ ।) |

(च) चित्र, पुतलीहरू, मोडलहरू आदि देखाएर निम्नलिखित प्रश्नहरू सोध्न सकिन्छ :

- यो लुगाको नाम के हो ?
- यो महिलाले लगाउँछन् कि पुरुषले ?
- कुन पोसाक महिला र पुरुष दुवैले लगाउँछन् ?
- तिम्रो परिवारमा ककसले केके लुगा लगाउँछन् ?

यी प्रश्नहरूको जवाफ भन्न नसकेमा चित्रहरू देखाएर आफैँले सहयोग गर्नुपर्छ ?
प्रत्येक प्रश्नको एक अङ्कका दरले अङ्क दिई मूल्याङ्कन गर्न पनि सकिन्छ ।

| **रोल नं.** | **जवाफ मिलाएको प्रश्न सङ्ख्या** | **प्राप्ताङ्क** |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

(ज) घर छरछिमेकमा गरिने कामहरूसम्बन्धी शिक्षक निर्देशिका र पाठ्यपुस्तकका क्रियाकलापहरू गरिसकेपछि पाठ्यपुस्तकको पेज १७ र १८ को चित्र वा तस्बिरहरू देखाउँदै प्रश्नोत्तर गर्नुहोस् ।

**प्रश्नहरू**

- चित्रमा के काम गरेको देख्यौ ?
- यो काम तिम्रो घरमा पनि गरिन्छ ?
- तिम्रो घरमा केके काम गरिन्छ ?
- तिमी घरमा काम सघाउँछौ ?
- केके काममा सहयोग गर्छौ ?
- तिम्रो छिमेकमा यस्तो काम गरेको देखेका छौ ?
- तिम्रो छिमेकमा केके काम गर्छन् ?
- तिम्रो घरमा गर्ने काम र छिमेकमा गर्ने काम मिल्छ ?
  हरेक प्रश्नको जवाफ लिने प्रयास गर्नुहोस् । नसकेमा सहयोग गर्नुहोस् ।

विद्यार्थीहरूलाई चित्र देखाई घरमा गरिने काम मिल्नेहरूको समूह निर्माण गर्नुहोस् । ठूलो समूह भएमा विभाजन गर्नुहोस् । हरेक समूहलाई आफ्नो घरमा गरिने कामहरूसम्बन्धी चित्रहरू छानेर प्रदर्शन गर्न लगाउनुहोस् ।

(झ) घर र छरछिमेकमा गरिने क्रियाकलापहरू सम्बन्धमा कथा सुनाउनुहोस् । कथा छोटो र मिठो हुनुपर्छ । कथाका पात्रहरूको घर र छिमेकमा गर्ने काम एवम् उनीहरूले गर्ने सहयोग सम्बन्धमा बीचबीचमा प्रश्नहरू सोध्नुहोस् । अब निम्नलिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

१. के कथा ध्यान दिएर सुनेका छन् ? — १० अङ्क

२. कथा भनिरहँदा प्रश्न गर्छन् ? — १० अङ्क

३. तपाईंले सोधेका प्रश्नको जवाफ ठीक दिन्छन् ? — १० अङ्क

४. कथाका पात्रको तुलना आफूसँग गर्छन् वा गर्दैनन् । — १० अङ्क

्हरेक प्रश्नमा प्राप्त गरेको अङ्क तालिकामा यसरी राख्न सकिन्छ:

| **रोल नं.** | **प्रश्न नं. १** | **प्रश्न नं.२** | **प्रश्न नं. ३** | **प्रश्नं. ४** | **जम्मा** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

*धेरै राम्रो १०, राम्रो ७, ठीकै ४*

(ञ) बालबालिकाहरूलाई उनीहरूको परिवार तथा समुदायमा आदर सत्कार गर्ने तरिकाहरू प्रस्तुत गर्न लगाउनुहोस् । फरक फरक तरिका भएमा प्रत्येक तरिका पालैपालो गरेर बालबालिकाहरूलाई भूमिका अभिनय गराउनुहोस् ।

एकाइ : ३

# सामाजिक समस्या र समाधान

## उद्देश्य

(क) घरपरिवार र छरछिमेकमा भएका वृद्ध, वृद्धा, टुहुरा, बिरामी, अपाङ्ग र अन्य कारणबाट सहयोग आवश्यक पर्ने व्यक्तिहरूलाई आफूले सक्ने सहयोग गर्न ।

(ख) असहाय र अपाङ्गको सम्मान गर्न ।

(ग) असहाय र अपाङ्गहरूप्रति राम्रो व्यवहार गर्न ।

## मुख्य विषयवस्तु

हाम्रो परिवार र छरछिमेकमा विभिन्न कारणबाट असहाय बनेका व्यक्तिहरू हुन्छन् । कोही अपाङ्ग र दृष्टिविहीन हुन सक्छन् । हाम्रो समाजमा अपाङ्ग र असाहयहरू कमजोर ठान्ने, दयाको भावले मात्र हेर्ने जस्ता सामाजिक समस्या रहेको देखिन्छ । बालबालिकाहरूमा उनीहरूप्रतिको भेद्भाव हटाई आवश्यक सहयोग गर्ने बानीको विकास गराउनुपर्छ । कतिपय काममा उनीहरूलाई अरूको सहयोगको आवश्यकता पर्छ । ५-६ वर्षका बालबालिकाहरूले पनि ती व्यक्तिहरूलाई आफूले सकेको सहयोग गर्न सक्नेछन् ।

अपाङ्ग वृद्ध र बिरामीहरूसँग राम्रो व्यवहार गर्नुपर्ने हुन्छ । उचित सम्मान दिनुपर्ने हुन्छ । यस्ता व्यवहारहरू सानैदेखि जानेमा उनीहरूप्रति आवश्यक सहयोग र सम्मान पुग्न जान्छ । असहाय र अपाङ्ग व्यक्तिहरूलाई सम्मानजनक र सहयोगी व्यवहार गर्ने बानीको विकास हुन जान्छ ।

## शैक्षिक सामग्री

चित्र, तस्बिर, नमुना प्रश्नहरू, मूल्याङ्कन अभिलेख फाराम आदि ।

## सिकाइ क्रियाकलाप र मूल्याङ्कन

(क) पाठ्यपुस्तकको पृष्ठसङ्ख्या २० र २१ मा भएका र त्यस्तै खालका धेरैओटा चित्र, तस्बिर, पोस्टरहरू सङ्कलन गर्नुहोस् ।

- विद्यार्थीहरूलाई ३-४ जनाको एउटा समूह हुने गरी विभिन्न समूहमा विभाजन गर्नुहोस् ।
- हरेक समूहलाई ती चित्रहरू दिई त्यसमा केके भएको देखिन्छ, छलफल गर्न लगाउनुहोस् ।
- पालैपालो हरेक समूहका एकजनालाई वर्णन गर्न लगाउनुहोस् ।

उनीहरूले चित्र र त्यसमा भएको क्रियाकलाप पहिचान गर्न सकेका आधारमा सामूहिक मूल्याङ्कन गर्नुहोस् र आवश्यक सहयोग गर्नुहोस् ।

(ख) तलका अवस्थामा तिमी के गर्छौ भनी प्रश्न गर्नुहोस् । उनीहरूले दिएका जवाफका आधारमा विद्यार्थीको केकस्ता अवधारणाको विकास भएको रहेछ भनी मूल्याङ्कन गर्नुहोस् । विद्यार्थीले नमिल्दो जवाफ दिएमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

| प्रश्नहरू | जवाफ |
|---|---|
| १. अभिभावक, बिरामी हुँदा के गर्छौ ? | औषधी दिन्छु । |
| २. हजुरबा हिँड्न सक्नुहुन्न, के गर्छौ ? | |
| ३. भाइबहिनी रोइरहेका छन् भने के गर्छौ ? | |
| ४. कापी हराएर रोएको साथीलाई के गर्छौ ? | |
| ५. तिर्खाएको मानिसलाई के गर्छौ ? | |

जवाफहरू टिप्दै जानुहोस् । तलको तालिकाद्वारा मूल्याङ्कन गर्नुहोस् । एक जवाफको १ अङ्क दिनुहोस् । जस्तै :

| **रोल नं.** | **प्रश्न सङ्ख्या** | | | | **जम्मा अङ्क** |
|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | |
| १ | √ | x | √ | x | २ |
| २ | x | √ | √ | √ | ३ |

(ग) पाठ्यपुस्तकमा भएका जस्तै : विभिन्न प्रकारका चित्र वा फोटो टाँसेर चित्रपत्तीहरू बनाउनुहोस् । त्यस्तै विभिन्न प्रकारका अपाङ्गहरूले प्रयोग गर्ने लठ्ठी, बैसाखी, नक्कली खुट्टा चश्मा, इयरफोन आदिका चित्रहरू टाँसेका चित्रपत्तीहरू पनि बनाउनुहोस् । २-३ जना विद्यार्थीहरूको समूह बनाई छ्यासमिस पारिएका चित्रपत्तीहरूबाट अपाङ्गता र त्यसलाई आवश्यक सामग्रीहरू छानेर जोडा मिलाई गोजी तालिका वा फलाटिन बोर्डमा प्रदर्शन गर्नुहोस् । सबै समूहको पालो पुगेपछि सोही क्रियाकलाप दोहोऱ्याएर मूल्याङ्कन गर्नुहोस् र कमजोर विद्यार्थीलाई सहयोग गर्दै सिकाउनुहोस् । एउटा जोडा मिलाएको एक अङ्कका दरले अङ्क दिन सकिन्छ ।

(घ) बालबालिकाहरूलाई विद्यालय नजिकको समुदायमा भ्रमण गराउनुहोस् । त्यहाँ रहेका असहाय र अपाङ्गहरूको अवलोकन गराउनुहोस् । उनीहरूसँग कुराकानी गर्न लगाउनुहोस् । उनीहरूलाई केके प्रश्न सोध्ने भनी प्रश्नहरू पहिले नै सिकाउनुहोस् । जस्तै : बिरामी मानिस कहाँ लैजाने हो भने यस्तो प्रश्न सोध्नुपर्छ :

कहाँ दुख्छ ?

औषधी पाउनुभयो ?

दिशापिसाब लागिरहन्छ ? आदि ।

खुट्टा नहुनेसँग सोध्न यस्तो प्रश्न बनाउनुपर्छ :

कसरी हिँड्नुहुन्छ ? कसले सहयोग गर्छ ? मैले तपाईंलाई के सहयोग गर्न सक्छु ? ( विद्यार्थी लैजानुअघि सम्बन्धित व्यक्तिसँग सम्पर्क गर्न बिर्सनुहुन्न ।)

तलको जस्तै फाराम भरेर उनीहरूका क्रियाकलापहरूको मूल्याङ्कन गर्नुहोस् ।

| **रोन नं.** | **क्रियाकलाप** | | |
|---|---|---|---|
| | **सक्रियता** | **प्रश्न गर्ने** | **बोल्ने** |
| | | | |
| | | | |
| | | | |
| | | | |

(ङ) विद्यार्थीहरूलाई विभिन्न प्रकारका शारीरिक असक्षमताको अभिनय गर्न लगाउनुहोस् । जस्तै : आँखा छोपेर हिँड्न, खुट्टा उचालेर हिँडन, हात बाँधेर खान, लेख्न, मुखमा पट्टी बाँधेर सामान माग्न, आदि प्रत्येक क्रियाकलापमा पहिले एक्लै गर्न लगाउने र पछि अरूको सहयोग उपलब्ध

गराउने एक्लै काम गर्दा र अरूको साहारामा काम गर्दा कुनमा सजिलो र कुनमा अप्ठेरो हुँदोरहेछ ? केके अप्ठेरो हुँदोरहेछ ? आदि कुरामा छलफल गर्नुहोस् ।

फरक क्षमता भएकालाई पनि यस्तै अप्ठेराहरू परेका हुन्छन् । हामीले सहयोग गर्‍यौँ भने उनीहरूलाई सजिलो हुन्छ भनी सम्झाउनुहोस् ।

**मूल्याङ्कन फाराम**

| रो नं. | अभिनयकला | सहयोग | अनुभूत गर्ने क्षमता |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

राम्रो 'क',     ठिकै 'ख'     सुधार गर्नुपर्ने 'ग'

(च) अपाङ्ग हुने कारणहरू झल्कने कथा सुनाउनुहोस् ।

जस्तै :

*एउटा गाउँमा छट्टु नाम गरेको एउटा बालक बस्दथ्यो । ऊ ज्यादै चकचके थियो । छट्टु बाटोमा नहेरी हिँड्दथ्यो । एकदिन ऊ बाटोमा लड्यो । उसका दुवै हात भाँचिए । दाहिने हात कहिल्यै नचल्ने भयो । ऊ अपाङ्ग बन्न पुग्यो उसलाई काम गर्न, नुहाउन तथा लुगा लगाउन निकै कठिनाइ भयो ।*

कक्षामा अपाङ्ग हुने कारण र त्यसबाट बच्ने उपायका सम्बन्धमा प्रश्नोत्तर विधिबाट छलफल गर्नुहोस् । जस्तै : जन्मिँदै अपाङ्ग हुने र कुनै दुर्घटनाबाट अपाङ्ग हुने हुन्छ । छलफलका क्रममा नबोल्ने, लजाउने, अक्मकाउने गलत जवाफ दिने विद्यार्थीहरूको पहिचान गरी उनीहरूलाई फकाउँदै थप प्रश्नहरू सोध्दै सक्रिय पार्नुहोस् । यसै क्रममा तपाईंको मूल्याङ्कन र पृष्ठपोषण एकैसाथ सम्पन्न हुन्छ ।

एकाइ : ४

## नागरिक चेतना

**उद्देश्य**

(क) घरपरिवारका सदस्यहरू र नातागोताबाट सहयोग लिन ।

(ख) घरपरिवारका सदस्यहरूलाई सहयोग गर्न ।

(ग) ठूलाले सानालाई सहयोग गर्न ।

(घ) घर विद्यालयमा प्रयोग हुने सामानहरूको नाम भन्न तथा तिनको सामान्य प्रयोग र जतन गर्न ।

(ङ) घर र विद्यालयमा गरिने कामहरू बताउन र आफ्नो जिम्मेवारी पूरा गर्न ।

**मुख्य विषयवस्तु**

आफ्नो परिवारका सदस्यहरूबाट हेरचाह पाउनु सबै बालबालिकाको नैसर्गिक अधिकार हो । उनीहरूले पारिवारिक मायाममता र हेरचाह पाउनुपर्छ । यस सम्बन्धमा सबै अभिभावकलाई ज्ञान नहुन सक्छ । उनीहरू बालबालिकाको सामान्य आवश्यकता पूरा गर्नु नै आफ्नो कर्तव्य पूरा भएको ठान्दछन् ।

बालबालिकाप्रति मायाममता देखाउनु, स्याहारसुसार र सरसफाइ, हेरचाह, खानपान र कपडाको व्यवस्था आदि अभिभावकबाट गरिने सुरक्षा (Parental care) अन्तर्गत पर्दछन् । यसप्रति अभिभावकहरू अनभिज्ञ भए पनि बालबालिकाले अभिभावक वा संरक्षक समक्ष सहयोग माग गरेमा उनीहरूले हेरचाह गर्न सक्ने हुन्छ । जस्तैः नुहाइदिनुहोस्, नङ काटिदिनुहोस् । किताबमा कभर लगाइदिनुहोस् आदि ।

यसै गरी बालबालिकाले पनि आफ्नो परिवारका सदस्यहरूलाई आफूले सक्ने सहयोग गर्ने बानीको विकास गर्नुपर्छ । यस्तो कार्यले परिवार र समाजमा सामाजिकीकरण हुन मद्दत गर्दछन् । साथै जीवनोपयोगी सीपहरू सिक्ने अवसर पनि प्राप्त हुन्छ ।

घर र विद्यालयमा प्रयोग हुने सामानहरू पहिचान र तिनको जतन गर्ने बानी बालबालिकामा सानैदेखि बसाल्नुपर्छ । जस्तै, सरसफाइ, डस्टबिनको प्रयोग, ओछ्यान मिलाउने, लुगा पट्याएर राख्ने आदि ।

**शैक्षिक सामग्री**

परिवारका सदस्यहरू झल्काउने चित्र, तस्बिर, चित्रपत्ती, शब्दपत्ती, अभिलेख फारामको नमुना आदि ।

**सिकाइ क्रियाकलाप र मूल्याङ्कन**

(क) परिवारका सदस्यहरूले सहयोग गरेका चित्र, पोस्टर, चित्रपत्तीहरू, प्रदर्शन गर्दै ती चित्रहरूमा कसले सहयोग गरिरहेका छन् ? कसले सहयोग पाइरहेका छन् ? आदि जस्ता प्रश्नहरू सोध्दै छलफल अघि बढाउनुहोस् । उनीहरूलाई सहयोग गर्दै विद्यार्थीलाई नै पालैपालो चित्र वर्णन गर्न लगाउनुहोस् ।

चित्रमा जस्तै तिमीलाई घरमा कसकसले सहयोग गर्नुहुन्छ ? तिमी कुनकुन काम गर्दा बुबा, आमा, दाइ, दिदीहरूबाट सहयोग माग्छौ ? जस्ता प्रश्नहरूमा छलफल चलाउनुहोस् । छलफलको क्रममा मूल्याङ्कन कार्य पनि अघि बढाउनुहोस् । पृष्ठपोषण पनि दिँदै जानुहोस् । आफूलाई आवश्यक परेका बेला अरूसँग सहयोग माग्नुपर्छ भनी पृष्ठपोषण दिनुहोस् ।

(ख) विद्यार्थीहरूले साथीहरू, दाजु, दिदी, शिक्षकहरू, अभिभावकहरूसँग सहयोग मागेका घटनाहरू अभिलेखीकरण गर्दै आवश्यक पृष्ठपोषण दिँदै जानुहोस् ।

(ग) शब्दपत्तीहरूमा परिवारका सदस्यको नाता जस्तै : बा, आमा, दाइ, काका, दिदी लेख्नुहोस् ।

अर्को रङको पत्तीहरूमा सहयोग आवश्यक पर्ने कामहरू लेख्नुहोस् । गोजीतालिका वा फलाटिन बोर्डमा कुन कामका लागि कसले सहयोग गर्छन् भनी जोडा मिलाउन लगाउनुहोस् । जस्तै :

| कसले | के सहयोग |
|---|---|
| आमा | लेख्न |
| दिदी | |

जसले समूह धेरै मिलाउँछ, सोही आधारमा अङ्क प्रदान गर्नुहोस् :

| **रोल नं.** | **जोडा मिलेको सङ्ख्या** | **प्राप्ताङ्क** |
|---|---|---|
| | | |
| | | |

यो क्रियाकलाप धेरै पटक दोहोऱ्याएर गरेपछि मात्र अङ्क प्रदान गर्नुपर्छ ।

(घ) घरमा प्रयोग हुने सामानहरू जस्तै : कचौरा, गिलास, कसौँडी, रेडियो, कराई, टिभी आदिका नमुनाहरू (भाँडाकुटीका सामानहरू) वा चित्रपत्तीहरू वा कागजबाट बनाइएका मोडलहरू तीनचार समूहलाई पुग्ने गरी तयार गर्नुहोस् । पाँच ६ जनाको समूह हुने गरी समूह निर्माण गर्नुहोस् । हरेक समूहलाई ती सामानहरू दिई भाडाँकुटी खेल्न लगाउनुहोस् । हरेक समूहमा तपाईं आफैँ पुगेर आवश्यक निर्देशन दिनुहोस् । जस्तै:

- एउटा समूह एउटा परिवार हुन्छ ।
- परिवारमा बा, आमा, दाइ, दिदी आदि भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।
- सबैको जिम्मेवारी उनीहरूद्वारा नै बाँडेर खाना बनाउने, टिभी हेर्ने, भाँडा सफा गर्ने आदि अभिनय गरेर देखाउनुपर्छ । खेल्दा पालना गर्नुपर्ने नियमहरू पनि बताइदिनुपर्छ । जस्तै :
  - सामानहरू मिलाएर राख्नुपर्ने
  - एउटाको काममा अर्काले सघाउनुपर्ने
  - सहयोग माग्नुपर्ने

आफूले घरमा गर्ने कामहरू गरेर देखाउने

निर्देशन एकैपटक नदिई समूहमा पुगेर पालैपालो दिँदै जानुपर्छ ।

निष्क्रिय विद्यार्थीलाई सहयोग गर्दै जानुहोस् । तलका बुँदाहरूका आधारमा मूल्याङ्कन गर्दै आवश्यक पृष्ठपोषण दिँदै जानुहोस् :

१. परिवारका सदस्यको भूमिका निर्वाह गर्न सके नसेको ।

२. भाँडाहरूको नाम भन्न सके नसकेको ।

३. साथीलाई सहयोग गरे नगरेको ।

४. मेलमिलाप भए नभएको ।

५. अरूसँग सहयोग मागे नमागेको ।

६. सामानको जतन गरेको नगरेको ।

(च) विद्यालय परिसरको भ्रमण गराउनुहोस् । विद्यालयमा प्रयोग हुने सामग्रीहरू जस्तै : चक, डस्टर, कापी, किताब, लेख्ने पाटी, मार्कर, धारा, शौचालय बगैँचा आदिको प्रत्यक्ष अवलोकन गराउनुहोस् । ती सामग्रीहरूको प्रयोग गर्ने र जतन गर्ने सम्बन्धमा छलफल गर्नुहोस् । करिब एक हप्तासम्म ती सामग्रीहरूको प्रयोग र जतन सम्बन्धमा अवलोकन गर्दै आवश्यक पृष्ठपोषण दिँदै जानुहोस् । हरेक दिनको अभिलेख राख्दै जानुहोस् । जस्तै :

| **मिति** | **राम्रो विद्यार्थीको नाम** | **गरेको काम** | **कमजोर विद्यार्थीको नाम** | **नगरेको र बिगारेको काम** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

यसमा सामान्य विद्यार्थीको लेखिरहनुपर्दैन । धेरै राम्रो र कमजोरको मात्र लेखे हुन्छ ।

(छ) विद्यालय र घरमा गर्नुपर्ने र गर्न नहुने क्रियाकलापको चित्रहरू प्रदर्शन गर्नुहोस् र छलफल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

एकाइ : ५

## हाम्रो पृथ्वी

**उद्देश्य**

(क) आफ्नो घर, विद्यालय, खेतबारी आदि वरिपरिको जमिनको स्वरूप (अग्लो, होचो वा समथर) पहिचान गरी वर्णन गर्न ।

(ख) पहाड र मैदानको परिचय दिन ।

(ग) घर र विद्यालयको आकृति बनाउन ।

(घ) घर बनाउन आवश्यक सामग्री पहिचान गर्न ।

(ङ) कक्षाकोठाको नक्सा कोर्न ।

(च) दिशा पत्ता लगाउन ।

**मुख्य विषयवस्तु**

कक्षा एकका बालबालिकाहरूले आफ्नो घर र विद्यालय वरपरको जमिनको स्वरूपको पहिचान गर्न सक्नुपर्छ । यही स्वरूपको अध्ययन गर्न नक्साको आवश्यकता पर्दछ ।

नक्साले हामीलाई विभिन्न सूचना दिन्छ । यसले आफू नपुगेको ठाउँको अवस्थितिका बारेमा पनि तथ्यहरू अनुमान गर्न मद्दत गर्दछ । कक्षा एकका बालबालिकालाई आफूले देखेका कुराहरूलाई सानो आकारमा कागजमा उतार्ने र आफ्नो घर एवम् कक्षाकोठाको आकृतिसम्बन्धी धारणा बनाउन यो पाठले मद्दत गर्छ । यस एकाइका विषयवस्तुहरू सकेसम्म चित्रहरू र खेलका माध्यमबाट सिकाउन सकेमा बढी प्रभावकारी हुन्छ । सकेसम्म व्यावहारिक ज्ञान र सीप प्राप्त हुने गरी क्रियाकलापहरू गराउनुपर्छ । क्रियाकलापकै क्रममा मूल्याङ्कन पनि गर्दै जानुपर्छ ।

**शैक्षिक सामग्री**

विभिन्न ज्यामितीय आकारका काठ तथा बाक्लो कागजका ब्लकहरू, अग्लो, होचो र समथर जमिन देखाउने चित्र वा तस्बिरहरू, सिन्का तथा बाक्लो कागजका टुक्राहरू आदि ।

**सिकाइ क्रियाकलाप र मूल्याङ्कन**

(क) विद्यार्थीहरूलाई विद्यालयबाहिर लगेर अग्लो, होचो र समथर जमिन अवलोकन गराउनुहोस् । तराईमा अग्लो जमिन र हिमाली तथा पहाडी क्षेत्रमा समथर जमिन देखाउन कठिनाइ हुन सक्छ । त्यस अवस्थामा माटो वा काठबाट बनेका नमुनाहरू प्रर्दशन गर्नुहोस् । बालबालिकाहरूलाई धेरै पटक अभ्यास गराएपछि त्यसैका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पाठ्यपुस्तकमा भएका क्रियाकलापमा १ देखि १३ सम्मका बिन्दुहरूको क्रम मिले नमिलेको, रेखाहरू मिले नमिलेको हेरेर मूल्याङ्कन गर्नुहोस् ।

(ग) विभिन्न प्रकारका ज्यामितीय आकृतिहरू पहिचान गर्ने र कोर्न अभ्यास गराउनुहोस् । जस्तै :



यसबाट रेखा कोर्ने अभ्यास हुन्छ । सबैलाई थप अभ्यास गराउनुहोस् ।

(छ) ६-७ जना विद्यार्थीको एक समूह हुने गरी विभिन्न समूह निर्माण गर्नुहोस् । हरेक समूहलाई स-साना ढुङ्गा वा इँटाको टुक्रा वा कागजका डल्लाहरू जोडेर घर बनाउने खेल खेल्न लगाउनुहोस् । घरमा कोठा, झ्याल, ढोका, पर्खाल हुनुपर्छ । कसको घर राम्रो भयो भनी एकअर्कामा अवलोकन गर्न लगाउनुहोस् । तलका बुँदाका आधारमा मूल्याङ्कन गर्नुहोस् । एक बुँदाको एक अङ्क दिनुहोस् ।

**समूह 'क'**

| **मूल्याङ्कनका बुँदा** | **छ** | **छैन** |
|---|---|---|
| भित्ता सीधा | | |
| झ्याल | | |
| ढोका | | |
| कोठा | | |
| खानाखाने, सुत्ने ठाउँ छुट्याएको | | |
| शौचालय | | |

अन्य समूहको पनि यस्तै फाराम बनाएर भर्नुहोस् ।

(ङ) विद्यार्थीहरूलाई आफूलाई मन पर्ने घरको चित्र बनाउन लगाउनुहोस् । जसको चित्र राम्रो हुन्छ उसलाई पुरस्कृत गर्नुहोस् । चित्र बनाउन नजान्नेलाई शिक्षक निर्देशिकामा दिएजस्तै कागजका टुक्राहरू दिई तिनलाई जोडेर घरको आकार बनाउन लगाए पनि हुन्छ । जस्तै :



कुनै विद्यार्थीहरूलाई घरका नक्सा वा चित्रहरूमाथि पातलो कागज राखेर नक्सा वा चित्र ट्रेस गर्न लगाउनुहोस् । लामा छोटा सिन्काहरू जोडेर पनि बनाउन सकिन्छ । उनीहरूको हातको सीप, सफाइ, सिर्जना, उत्सुकता आदिका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

(च) बन्द नभएका सलाइका काँटी वा त्यस्तै सिन्काहरू जम्मा गर्नुहोस् । उक्त सिन्काहरू जोडेर विद्यालयको नक्सा बनाउने खेल खेलाउनुहोस् । क्रियाकलाप नं. 'घ' मा प्रयोग गरिएको मूल्याङ्कन फाराम प्रयोग गरी मूल्याङ्कन गर्नुहोस् । सिन्काका सट्टा बाक्लो कागजका लाम्चा टुक्राहरू प्रयोग गर्न पनि सकिन्छ । ती टुक्राहरू रङ्गीन भए अझ राम्रो हुन्छ । जस्तै:



(छ) कापीमा रुलरका सहायताले सीधा धर्काहरू तान्ने र धर्काहरू जोडेर चतुर्भुज बनाउने अभ्यास गराउनुहोस् । हरेक विद्यार्थीलाई आफ्नो कक्षाकोठा जस्तै चतुर्भुज कोर्न लगाउनुहोस् । उक्त चतुर्भुजमा ढोका, झ्याल, बेन्चहरू, लेख्ने पाटी कहाँ कहाँ छन् भर्न लगाउनुहोस् । जस्तै :

विद्यार्थीहरूले बनाएका नक्साहरूमा सुधार गर्दै थप नक्साहरू बनाउन लगाउनुहोस् । दुईचार पटकको अभ्यासपछि पछिल्ला नक्साहरू जम्मा गरी तलका बुँदाका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

| मूल्याङ्कनका आधार | छ | छैन |
|---|---|---|
| आकार आएको | | |
| झ्याल ढोका | | |
| सफाइ | | |
| बेन्च र लेख्ने पाटी देखाएको | | |

हरेक बुँदाको एक अङ्कका दरले दिनुहोस् ।

(ज) विद्यार्थीहरूलाई खुला ठाउँमा लाइनमा राख्नुहोस् । सबैलाई पूर्व फर्काउनुहोस् । ठाउँ साँघुरो भएमा ससाना समूह बनाएर पालैपालो गर्दा पनि हुन्छ । नाचे जस्तै गरी देशका नामअनुसार हाउभाउ देखाउँदै तलको गीत गाउन लगाउनुहोस् र आफू पनि सँगसँगै गाउनुहोस् । एकपटक सकिएपछि पूर्व, पश्चिम, उत्तर र दक्षिण दिशाबारे प्रस्ट पारिदिनुहोस् र पुन: गीत दोहोऱ्याउनुहोस् । मादल बजाएर मादलको तालमा गर्दा अझ रमाइलो हुन्छ ।

पूर्वबाट घाम आउँछ
पश्चिममा अस्ताउँछ
दक्षिणतिर दायाँ हात
उत्तर बायाँ पर्छ ।

पूर्व हेर घाम आउँछ
पश्चिम पछाडि पर्छ
दक्षिणतिर दायाँ भए
उत्तर बायाँ पर्छ ।

अब पालैपालो ४-५ जनाको समूहलाई अगाडि बोलाई उत्तर, दक्षिण, पूर्व, पश्चिम दिशा सोध्नुहोस् । सबै विद्यार्थीले नजानेसम्म अभ्यास गराइरहनुहोस् । अन्त्यमा आफूले बनाएका नक्साहरूमा चार दिशाको नाम लेख्न लगाउनुहोस् ।

(झ) विद्यार्थीहरूलाई स-साना कार्ड वितरण गरी त्यसमा घर बनाउन आवश्यक पर्ने सामग्रीहरू लेख्न लगाउनुहोस् । तपाईंले केही ठोस वस्तुहरू (जस्तै : काठ, ढुङ्गा, इँटा, माटो आदि) ल्याएर प्रदर्शनी गर्नुहोस् । विद्यार्थीले लेखेका कार्डहरू मिल्ने सामग्रीको नजिक राख्न लगाउनुहोस् । कुनै विद्यार्थीले पहिचान गर्न नसकेमा सहयोग गर्नुहोस् ।

एकाइ : ६

# हाम्रो विगत

**उद्देश्य**

(क) आफ्नो नाम र जन्मेको ठाउँ बताउन ।

(ख) आफ्नो जन्ममिति, साल (पछिल्ला दुई अङ्क मात्र) महिना, गते र बार बताउन ।

(ग) साथीहरूको जन्ममिति पत्ता लगाउन ।

(घ) क्यालेन्डरमा मिति हेर्न ।

(ङ) आफ्नो परिवारका ठूला सदस्यको नाम र नाता बताउन तथा लेख्न ।

(च) मामाघरका हजुरबा हजुरआमाको नाम बताउन ।

(छ) तीन पुस्ताको वंशतालिका भर्न ।

(ज) बाआमाको ठेगाना र जन्म साल (दुई अङ्कको) लेख्न ।

(झ) घरका मुली मानिसको पहिचान गरी नाम र काम बताउन ।

(ञ) मामाघरका स्थान, परिवारका सदस्यहरू र नाता पहिचान गर्न ।

(ट) बाआमाको मामाघर रहेको स्थान बताउन ।

**मुख्य विषयवस्तु**

हाम्रो विगत भन्ने एकाइमा आफू, आफ्नो परिवार, समाज र राष्ट्र तथा अन्तर्राष्ट्रिय इतिहास र त्यससँगको आफ्नो जीवनको अन्तरसम्बन्धका बारेमा अध्ययन गरिन्छ ।

कक्षा एकका निम्ति यस एकाइमा आफ्नो परिचय, आफ्ना पुर्खा, मावलीतर्फका पुर्खा र तिथिमिति एवम् स्थानका बारेमा मात्र सामान्य जानकारी दिन सक्ने गरी सिकाउनुपर्छ । घरमुलीको पहिचान ऊसँगको नाता र उसको काम बताउन सक्नुपर्छ । उनीहरूबाट प्रेरणा पाउनुपर्छ ।

यस एकाइमा आफ्नो जन्ममिति, अभिभावक वा बाआमाको नाम तथा जन्ममिति (वर्ष मात्र) परिवारका सदस्यहरूको नाम र नाता, मावलीतर्फका नाताको बारेमा जानकारी गराइन्छ । तीनपुस्ते लेख्न सक्ने गरी अभ्यास गराइन्छ ।

**शैक्षिक सामग्री**

सातबारको गीत, अङ्पत्ती, क्यालेन्डर आदि ।

**सिकाइ क्रियाकलाप र मूल्याङ्कन**

(क) सातओटा बार भएको गीत सामूहिक रूपमा लय हालेर गाउन लगाउनुहोस् :

आइतबार, सोमबार, मङ्गलबार
बुधबार, बिहिबार, शुक्रबार
६ दिन स्कुल जाने सरासर
एक दिन बिदा हुन्छ शनिबार

यस क्रियाकलापले बारहरूको नाम सम्झिन मदत पुग्छ । पटकपटकको अभ्यासपछि बारहरूको नाम लेख्न लगाउनुहोस् । शब्दपत्तीहरूमा बारहरूको नाम लेखी गोजी तालिकामा राख्दै चिनाउनुहोस् । त्यसैका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बिहिबार | सोमबार | शनिबार | शुक्रबार | आइतबार | मङ्गलबार | बुधबार |

(ख) ० देखि ९ सम्मका धेरैओटा कार्डहरू बनाउनुहोस् । विद्यार्थीहरूलाई हरेक दुईओटा कार्ड मिलाई दुई अङ्कको सङ्ख्या बनाउन लगाउनुहोस् । जस्तै : (१) (१) (२) (५)

विद्यार्थीहरूको जन्ममिति घरमा सोधेर आउन भन्नुहोस् । कक्षा एकका विद्यार्थीले दुई अङ्कको सङ्ख्या मात्र सिकेका हुनाले आफू जन्मेको सालभन्दा पछिल्ला दुई अङ्क मात्र भन्न लगाउनुहोस् । जस्तै २०५८ सालमा जन्मेको विद्यार्थीको जन्म वर्ष ५८ साल मात्र भने पुग्छ ।

जन्मेको गते पनि यसै गरी अभ्यास गराउनुहोस् ।

(ग) बाह्र महिनाको नामका शब्दपत्तीहरू बनाएर एकै ठाउँमा थुपार्नुहोस् । तीन चारजनाको समूह बनाई एकपटकमा एक समूहले आफू जन्मेको महिना भएको कार्ड खोली गोजी तालिकामा प्रदर्शन गर्न लगाउनुहोस् । नसक्ने विद्यार्थीलाई सहयोग गर्नुहोस् ।

(घ) हरेक विद्यार्थीलाई आफू जन्मेको साल, महिना, गते र बार तलको जस्तै तालिकामा लेख्न लगाउनुहोस् । लेखेको कुरा पालैपालो भन्न लगाउनुहोस् । लेख्न नसक्नेलाई शब्दपत्ती र अङ्कपत्तीका सहायताले गोजी तालिकामा प्रदर्शन गर्न लगाउनुहोस् । कमजोर विद्यार्थीलाई महिना र गते मात्र वा गते र बार मात्र वा साल र गते मात्र भन्न लगाउनुहोस् । धेरै पटक अभ्यास गराउनुहोस् । यसैका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

| **नाम** | **जन्मेको वर्ष** | **महिना** | **गते** | **बार** |
|---|---|---|---|---|
| दीपिका माली | ५९ साल | वैशाख | ४ | सोमबार |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**मूल्याङ्कन फाराम**

| **रोन नं.** | **वर्ष** | **महिना** | **गते** | **बार** | **जम्मा अङ्क** |
|---|---|---|---|---|---|
| १ | √ | × | √ | √ | ३ |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

हरेक एक कोठालाई एक अङ्क दिई जम्मा अङ्क निकाल्नुहोस्:

(ङ) आफ्ना साथीहरूको जन्ममितिको बारेमा विवरण सोधेर कक्षामा सुनाउन लगाउनुहोस् । साथीको जन्ममिति सोध्न प्रोत्साहित गर्नुहोस् ।

(च) विद्यार्थीहरूको सातसात जनाको समूह बनाउनुहोस् । सातजना नपुगेमा दर्शकको रूपमा राख्नुहोस् । मेटाकार्डमा बारहरूको नाम लेखी क्रमैसँग एकजनालाई एउटा बारको कार्ड दिनुहोस् । पालैपालो हरेकले आ-आफ्नो कार्डमा लेखिएको बार ठूलो स्वरमा भन्नुपर्छ ।

यो अभ्यास कार्ड परिवर्तन गर्दै धेरै पटक दोहोऱ्याएर गराउनुपर्छ ।







कार्ड बनाउँदा विभिन्न आकारको बनाउन सकिन्छ ।

यसै गरी १२ जनाको समूह बनाई महिनाको नाम पनि भन्ने अभ्यास गराउनुहोस् ।

बार र महिनाको अभ्यास गराउँदा निम्नलिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :

- क्रम बिगारेको छ कि ?
- गलत बारको नाम भनेको छ कि ?
- बताउन सके सकेनन् ?

नजान्नेलाई आवश्यक पृष्ठपोषण दिँदै गराउनुपर्छ ।

(छ) तलका जस्तै प्रश्नहरू सोधी छलफल गर्नुहोस् । यी प्रश्नहरू विद्यार्थीहरूको बीचमा छोड्नुहोस् । जसले सक्छ उसले जवाफ दिन्छ । नसके आफूले बताइदिनुहोस् । यी प्रश्नहरू लेख्ने पाटीमा लेख्दै पनि जानुहोस् ।

- बुबाको नाम के हो ?
- बुबाका बुबालाई के भनिन्छ ?
- आमाको नाम के हो ?

- आमाका बुबालाई के भनिन्छ ?
- आमाकी आमालाई के भनिन्छ ?
- बुबाकी आमालाई के भनिन्छ ?
- आमाका भाइलाई के भनिन्छ ?
- बुबाका दाइलाई के भनिन्छ ?
- बुबाकी दिदीलाई के भन्नुपर्छ ?

(ज) पाठ्यपुस्तकको क्रियाकलाप २ र ३ कसरी भर्ने भनी प्रस्ट पारिदिनुहोस् । उक्त तालिकाहरू घरमा भेरेर ल्याउन भन्नुहोस् । तालिका भरेको मिलेको छ, छैन हेरी सुधार गरिदिनुहोस् ।

(झ) विद्यार्थीहरूलाई आ-आफ्नो घरमा मुख्य मानिस को हो भनी चिनाउन घरमा गरिने विभिन्न कामहरू कसले गर्छ भनी सोध्नुहोस् । जस्तै : कामहरू अह्राउने, कापी कलम किन्न पैसा दिने, हेर विचार गर्ने काम कसले गर्छ ? त्यसका आधारमा आफ्नो घरको मुख्य मान्छे पत्ता लगाउन लगाउनुहोस् । नसके आफूले सहयोग गर्नुहोस् ।

(ञ) मावली भएका विद्यार्थीहरूलाई मावलीका परिवारका सदस्यहरूको नाम लेख्न लगाउनुहोस् । घरमा आमा बुबासँग सोधेर लेखे पनि हुन्छ भनी गृहकार्य दिन सकिन्छ ।

(ट) मामा, माइजुको भूमिका अभिनय गर्न लगाउनुहोस् । अभिनयका क्रममा शब्द उच्चारण, संवाद, हाउभाउ आदिका आधारमा मूल्याङ्कन गरी आगामी क्रियाकलापहरूमा सुधार गर्नुपर्छ ।

एकाइ : ७

## हाम्रो आर्थिक क्रियाकलाप

**उद्देश्य**

(क) घर परिवारका सदस्यहरूले गर्ने काम पहिचान गर्न र सक्दो सहयोग गर्न ।

(ख) घरायसी काममा प्रयोग हुने सामानहरू पहिचान गर्न ।

(ग) दैनिक प्रयोगमा आउने व्यक्तिगत सामग्रीको प्रयोगमा मितव्ययिता अपनाउन ।

(घ) आफ्ना व्यक्तिगत सामानको जतन गर्न ।

(ङ) सकेसम्म घरमै तयार गरेका खानेकुरा तथा अन्य सामग्रीको उपभोग गर्न ।

(च) खानेकुरा खेर नफाली खान ।

(छ) घरमा बनेका सामानहरूको नाम बताउन ।

**मुख्य विषयवस्तु**

कक्षा एकमा पढ्ने बालबालिकाहरूलाई आफ्नो घरमा गरिने आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्छ । उनीहरूले घरायसी काममा आफ्ना परिवारका सदस्यहरूलाई सहयोग गर्ने बानी बसाउनुपर्छ । आफ्नो घरका परिवारले गर्ने काम बताउन सक्नुपर्छ ।

बालबालिकाले आफूले प्रयोग गर्ने सामानहरूको जतन गर्न र तिनको प्रयोग मितव्ययी ढङ्गबाट गर्न जान्नुपर्छ । आफ्नै घरमा बनेका स्वस्थकर खानेकुरा खान प्रोत्साहित गर्नुपर्छ । सकेसम्म घरमा वा छरछिमेकमा बनेका सामानको प्रयोगमा प्रोत्साहित गर्नुपर्छ । आफ्नो परिवारका सदस्यले गर्ने परम्परागत पेसाप्रति चासो र रुचि जगाउनुपर्छ । उनीहरूमा सबै कामहरूलाई उत्तिकै सम्मान गर्नुपर्छ भन्ने भावना जगाउनुपर्छ । कामको महत्त्व बुझाउँदै खाली हात नबस्ने बानीको विकास गराउनुपर्छ ।

**शैक्षिक सामग्री**

पेसागत व्यक्तिहरू: डाक्टर, किसान, व्यापारी, शिक्षक, डकर्मी, सूचिकार, कर्मचारी, इन्जीनियर आदि लेखिएका कागजका टुक्राहरू, मूल्याङ्कन अभिलेख फाराम आदि ।

**सिकाइ क्रियाकलाप र मूल्याङ्कन**

(क) कागजका टुक्रामा विभिन्न पेसाका नाम लेख्नुहोस् । जस्तै : किसान, व्यापारी, शिक्षक, डाक्टर, सूचीकार, डकर्मी आदि । ती टुक्राहरूलाई चिट्ठाको रूपमा डल्ला बनाई हरेक बालबालिकालाई पालैपालो तान्न लगाउनुहोस् । आफ्नो भागमा परेको गोलामा लेखिएको पेसाको अभिनय गर्न लगाउनुहोस् । निम्नलिखित फाराम भरेर अभिनयमा भाग लिएका विद्यार्थीहरूको अवलोकन गर्नुहोस् ।

| रोल नं. | सहभागिता | जीवन्तता/उत्कृष्टता | स्पष्ट बोली |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

*धेरै राम्रो -३, राम्रो -२, ठीकै - १*

(ख) विभिन्न प्रकारका कामहरूसँग सम्बन्धित पोस्टर वा चित्रहरू प्रदर्शन गर्दै चित्रमा कसले के काम गरिरहेको छ ? छलफल गराउनुहोस् । बालबालिकाहरूलाई उनीहरूको परिवारका सदस्यहरू के

काम गर्छन् भनी प्रश्न सोध्नुहोस् । उहाँहरूले गर्ने काममा तिमी के सहयोग गर्न सक्छौ भनी सोध्नुहोस् । यी प्रश्नहरूमा उसले दिएको जवाफका आधारमा मूल्याङ्कन गर्नुहोस् । जस्तै :

| रोल नं. | आमा के काम गर्नुहुन्छ ? | बा के काम गर्नुहुन्छ ? | तिमी दाइ वा भाइलाई के सहयोग गर्छौ ? | तिमीले दिदी वा बहिनीलाई कसरी सहयोग गर्‍यौ ? | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

सही जवाफ आएकोलाई १ अङ्क प्रदान गर्नुहोस् ।

प्रस्तुत तालिकामा प्राप्ताङ्कको निम्नानुसार गणना गर्नुहोस् ।

$$\text{प्राप्ताङ्क} = \frac{\text{जवाफ आएको सङ्ख्या}}{\text{सोधिएको प्रश्न सङ्ख्या}} \times \text{१००}$$

(ग) विद्यार्थीका कापी, किताब, झोला, लुगा कलम आदिको अवलोकन गर्नुहोस् । उनीहरूलाई पनि एक अर्काको सामानको अवलोकन गर्न लगाउनुहोस् । राम्रोसँग जतन गर्ने र फारू गर्नेलाई प्रोत्साहित गर्नुहोस् र नगर्नेलाई गर्न प्रेरणा प्रदान गर्नुहोस् । एक हप्तासम्म तलको तालिकाको आधारमा मूल्याङ्कन गर्नुहोस् र पृष्ठपोषण दिँदै सुधार गर्नुहोस् । पछि पनि निश्चित समयको अन्तरालमा यसलाई निरन्तरता दिनुहोस् ।

| **सामान** | **अवस्था** | | |
|---|---|---|---|
| | **राम्रो** | **ठीकै** | **सामान्य** |
| किताबको अवस्था | | √ | |
| जुत्ता | | √ | |
| लुगा | √ | | |
| कापी | √ | | |
| कलम | | √ | |

(घ) बालबालिकाहरूलाई घरमा बनेका र बजारमा किनेका सामानहरूको नाम भन्न लगाउनुहोस् र पाटीमा टिप्दै जानुहोस् । छलफलपछि घरमा बनेका र बजारमा पाइने विभिन्न खानेकुरा र समानका चित्रपत्तीहरूलाई छ्यासमिस पारी राख्नुहोस् । ३-४ जनाको समूहलाई छ्यासमिस

पारिएको चित्रपत्तीहरूबाट घरमा बनेका र बजारमा किनिएका वस्तुहरू छुट्याएर गोजी तालिकामा छुट्टाछुट्टै राख्न लगाउनुहोस् । उनीहरूले छुट्याउन सके नसकेको आधारमा पृष्ठपोषण दिनुहोस् । सकेसम्म बजारका अस्वस्थकर खानेकुरा खानुहुँदैन भनी सम्झाउनुहोस् । खाजा र अन्य समयमा उसले के खान्छ । त्यसका आधारमा पृष्ठपोषण दिनुहोस् ।

(ङ) बालबालिकाहरूका घरमा बनेका खानेकुरा उनीहरूले उपभोग गर्ने गरे नगरेको नियमित अवलोकन गरी नगर्नेलाई उपभोग गर्न प्रोत्साहन दिनुहोस् ।

**थप सुझाव**

घटनावृत्त अभिलेखमा विषयवस्तुसँग सम्बन्धित क्रियाकलाप टिप्दै पृष्ठपोषण दिँदै सुधार गर्नुहोस् ।

**कक्षा - २**

**एकाइ: १**

## आफू, आफ्नो परिवार र छरछिमेक

**उद्देश्य**

(क) आफू र परिवारका सदस्यहरूको काम र पेसा बताउन र सहयोग गर्न ।

(ख) आफूलाई दिएको जिम्मेवारी पूरा गर्न र सामानको आदानप्रदान गर्न ।

(ग) आफ्ना सामानहरूको नाम बताउन र तिनको हिफाजतका साथ प्रयोग गर्न ।

**मुख्य विषयवस्तु**

यस एकाइमा बालबालिकाहरूलाई आफ्नो काम (पढ्ने, लेख्ने, विद्यालय जाने, खेल्ने, घुम्न जाने परिवारमा मद्दत गर्ने आदि) सम्बन्धी जानकारी गराउनुपर्छ ।

परिवारका सदस्यहरूको काम जस्तै : खेतबारीको काम, घरको काम, घरेलु उद्योगका कामहरू (कपडा बुन्ने, डोकोडालो बुन्ने) गहना बनाउने, पढाउने, कार्यालयमा काम गर्ने आदि विषयवस्तु अध्यापन गराउनुपर्छ ।

बालबालिकाहरूको जिम्मेवारी (बाआमा, दाजु, दिदी, भाउजू आदिले अह्राएका विभिन्न कामहरू जस्तै : तरकारी केलाउने, सरसफाइ, कक्षाकार्य, गृहकार्य गर्ने, भाइबहिनी हेर्ने, पेसागत काममा सहयोग गर्ने आदि) पनि सिकाउनुपर्छ । विद्यार्थीहरूलाई आफूले सक्ने काम गर्न प्रेरित गराउनुपर्छ ।

सामानको आदनप्रदान गर्ने (जस्तै : आफूलाई आवश्यक भएको तर आफूसँग नभएको सामान (कलम, कापी, ब्रस, मञ्जन, जुत्ता, चप्पल, मोजा, लुगा आदि) साथीहरूसँग मागेर प्रयोग गरी फिर्ता गर्ने बानीको विकास गराउनुपर्छ ।

सामानको हिफाजत र प्रयोग गर्ने बानी बसाल्नुपर्छ । जस्तै : किताब, कलम,कापी ब्रस, मञ्जन, जुत्ता, चप्पल, मोजा, लुगा आदि ।

ती सामानहरूलाई हिफाजतका साथ प्रयोग गर्ने तरिकाहरू सिकाउनुपर्छ र सामानको हिफाजत गर्न प्रेरित गर्नुपर्छ ।

**शैक्षिक सामग्री**

- साइनपेन, बोर्डमार्कर, स्केल, कैँची, न्युजपेपर आदि ।

**सिकाइ क्रियाकलाप र मूल्याङ्कन**

(क) विद्यार्थीहरूले दैनिक रूपमा गर्ने कामको सूची बनाउन लगाउनुहोस् । जस्तै :

**बिहान गर्ने काम** : सबेरै उठ्ने, दिसापिसाब गर्ने, हातमुख धुने, गृहकार्य गर्ने, विद्यालय जाने आदि ।

**दिउँसो गर्ने काम** : विद्यालयमा पढ्ने, लेख्ने, खाजा खाने छुट्टीमा खेल्ने, खाजा खाने, विद्यालयबाट घर फर्कने आदि ।

**बेलुकी गर्ने काम** : हातगोडा धुने, कपडा फेर्ने, खाना खाने, घरको काममा सघाउने, गृहकार्य गर्ने, पत्रपत्रिका पढ्ने, समाचार सुन्ने, समयमा सुत्ने आदि ।

माथिका सूचीहरू बनाउन लगाइसकेपछि प्रत्येक विद्यार्थीको नाम लेखी उनीहरूले गर्ने काम र कामको रुजुसूची (Check list) बनाउनुहोस् । रुजुसूचीको नमुना तल दिइएको छ :

**कक्षा : २**

**विद्यार्थीको नाम :**

| क्र.सं. | **विद्यार्थीले गर्ने काम** | **सँधै गर्छ** | **कहिले काही गर्छ** | **गर्दैन** |
|---|---|---|---|---|
| १. | सबैरे उठ्ने | | | √ |
| २. | समयमा नै दिसापिसाब गर्ने | | | √ |
| ३. | हातमुख धुने | √ | | |
| ४. | गृहकार्य | √ | | |
| ५. | आफूले सकेको काममा सहयोग | √ | | |
| ६. | समयमा विद्यालय जाने | | √ | |
| ७. | समयमा घर फर्कने | | √ | |
| ८. | विद्यालयबाट फर्केपछि हात गोडा धुने, कपडा फेर्ने | | | √ |
| ९. | खेल्ने | | √ | |
| १०. | समयमा खाना खाने | | | √ |
| ११. | समयमा सुत्ने | | | √ |

द्रष्टव्य: घरमा गर्ने क्रियाकलापहरूको मूल्याङ्कन गर्दा समयसमयमा अभिभावकहरूसँग सम्पर्क राख्नुपर्दछ ।

- रुजुसूचीमा लैङ्गिक दृष्टिकोण (Gender Perspective) बाट पनि मिलाउनुहोस् । जस्तै : 'गर्छ' को सट्टामा 'गर्छिन्' र 'गर्दैन' को सट्टा 'गर्दिनन्' आदि ।
- उक्त रुजुसूचीको आधारमा प्रत्येक विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्नुहोस् र आवश्यकतानुसार सुधार गर्नुहोस् । यसबाट विद्यार्थीमा भएका कमीकमजोरी सुधार गर्न सकिने छ । विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्ने परिपाटीलाई यसले सहयोग पुऱ्याउँछ ।

(ख) विद्यार्थीहरूले आफूले गर्ने काम बताइसकेपछि आफ्ना परिवारले केके काम गर्छन्, भन्न लगाउनुहोस् । केही छनोट गरी शिक्षकले कालोपाटीमा टिप्नुहोस् । प्रत्येक विद्यार्थीका परिवारले गर्ने काम भन्न लगाउँदा धेरै समय लाग्ने हुनाले समयलाई विचार गरी समावेशी हुने गरी कम्तीमा पाँचजना विद्यार्थीको परिवारले गर्ने काम मात्र कालोपाटीमा लेखी सम्भव भएमा अरूको गृहकार्य परीक्षण गरी प्रत्येक विद्यार्थीको परिवारले गर्ने काम पत्ता लगाउनुहोस् र छनोट गरी कालोपाटीमा लेखेका कामहरूसँग मिल्छ मिल्दैन, प्रत्येक विद्यार्थीहरूलाई आफैँ मूल्याङ्कन गर्न (हेर्न) लगाउनुहोस् । यसबाट कम समयमा बढी पठनपाठन गर्न र विद्यार्थीको मूल्याङ्कन गर्न सकिने छ ।

त्यसै गरी प्रत्येक विद्यार्थीका परिवारले गर्ने कामको जानकारी गराउन सकिने र आफू र आफ्नो परिवारले गर्ने पेसा बताउन सक्षम बनाउन सकिने छ ।

आफ्ना परिवारले गर्ने काममा विद्यार्थीले केकस्तो सहयोग पुऱ्याएको छ त्यसको जानकारी पनि लिनुहोस् । त्यसका लागि तलका जस्तै नमुना प्रश्नहरू बनाई जानकारी प्राप्त गर्न सकिने छ ।

- तिमी घरको कुनकुन काममा सहयोग गर्छौ ?
- आमा/बाको काममा तिमीले सकेको सहयोग गर्छौ कि गर्दैनौ ?
- घरको काममा तिमीले सकेको सहयोग गर्छौ कि गर्दैनौ ?
- तिमीलाई खेल खेल्न आनन्द आउँछ कि घरको काममा सहयोग गर्न ?
- विद्यार्थीहरूलाई आफूले गर्ने काम र परिवारले गर्ने कामको अभिनय गराउनुहोस् । अभिनयमा राम्रो गर्ने विद्यार्थीलाई स्याबासी दिई पुरस्कृत गर्नुहोस् । जस्तै : तरकारी केलाउँदा आमालाई सहयोग गरेको, डोकोडालो बुन्दा बालाई चोया दिएको, खेतबारीमा काम गर्दा आमाबालाई पानी दिएर सहयोग गरेको आदि । सही रूपमा गर्न नसक्नेलाई गर्न थप प्रोत्साहित गर्न ।
- विद्यार्थीहरूलाई आफ्नो परिवारका मानिसले प्रयोग गर्ने सामानको सूची बनाउन लगाउनुहोस् र त्यसमध्ये आफूले बनाउन सक्ने एकदुईओटा सामानको चित्र बनाउन लगाउनुहोस् । सबैभन्दा राम्रो चित्र छनोट गरी पुरस्कृत गर्नुहोस् । चित्र छनोट गर्न.पनि विद्यार्थीहरूकै टोली (तीनदेखि पाँचजनाको) बनाउनुहोस् । यसबाट विद्यार्थीहरूमा चित्र बनाउने सीपको विकास हुने र मूल्याङ्कन गर्न सक्ने क्षमताको पनि विकास हुँदै जाने छ । चित्र बनाउन रुची नहुनेलाई विषयवस्तुसँग सम्बन्धित अन्य क्रियाकलाप दिन सक्नुहुन्छ ।
- विद्यार्थीहरूलाई पेसाको जानकारी गराउन बराबर दुई समूहमा बाँड्नुहोस् एक समूहलाई पेसा र अर्को समूहलाई पेसासँग सम्बन्धित काम लेखिएको गोला दिनुहोस् । जस्तै :

| **समूह 'क'** | **समूह 'ख'** |
|---|---|
| किसान | खेतबारीमा काम गर्ने मानिस |
| शिक्षक | विद्यालयमा पढाउने मानिस |
| पसले | सामान किनबेच गर्ने मानिस |
| डकर्मी | घरको गारो लगाउने मानिस |
| कर्मचारी | कार्यालयमा काम गर्ने मानिस |
| डाक्टर | बिरामी जाँच्ने मानिस |
| सिकर्मी | काठको काम गर्ने मानिस |

खेल खेलाउँदा "खेतबारीमा काम गर्ने मानिस भन्नासाथ किसान" समूह क र ख को एकै ठाउँमा बस्न लगाउने । यसरी खेल खेलाउँदा पेसा र त्यससँग सम्बद्ध कामको जानकारी विद्यार्थीहरूलाई मनोरञ्जनात्मक ढङ्गले गराउन सकिने छ । उनीहरू समूहमा मिलेर बसे नबसेको अवलोकन गरी निरन्तर मूल्याङ्कन गरी आवश्यक सुधार पनि गर्नुपर्छ ।

२. विद्यार्थीहरूलाई कक्षाकोठामा विभिन्न जिम्मेवारीहरू दिनुहोस् । जस्तै : कक्षामा मनिटर बन्ने ( टोली नेता) टोली नेता भएर आफ्नो जिम्मेवारी पूरा गरे नगरेको अवलोकन गरी विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् । घरमा पनि आमाबा, दाजुभाउजू, दिदीबहिनी आदिले अह्राएका कामहरू जस्तै : तरकारी केलाउने, सरसफाइ गर्ने, गृहकार्य गर्ने, भाइबहिनी हेर्ने, पढ्ने र पेसागत काममा सहयोग गर्ने गर्छन् गर्दैनन् सोधपुछ गर्नुहोस् र अवलोकन गरी उनीहरूका काम र दिएको जिम्मेवारी पूरा गरे नगरेको मूल्याङ्कन गर्नुहोस् ।

- विद्यार्थीले दिएको जिम्मेवारी पूरा गरे नगरेको पत्ता लगाउन श्रेणीमापन प्रयोग गर्न सकिने छ ।

| | | |
|---|---|---|
| दिएको जिम्मेवारी राम्रोसँग पूरा गर्छ -३ | दिएको जिम्मेवारी आंशिक रूपमा पूरा गर्छ -२ | दिएको जिम्मेवारी पूरा गर्दैन-१ |

यस्तो श्रेणीमापनको प्रयोग गरी विद्यार्थीको विशेष योग्यता, आचरण, बानी र अन्य गुणहरूको विकास कति हदसम्म भएको छ, सो जाँच्न सकिन्छ ।

- विद्यार्थीहरूलाई कुनकुन सामान साथीलाई दिएर सहयोग गऱ्यौ भनी त्यसको सूची बनाउन लगाउनुहोस् । सबैको सूची सङ्कलन गरी स्याबासी दिनुहोस् । विद्यार्थीहरूले आफ्नो सामानको हिफाजत गरेका छन्, छैनन्, त्यसको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् ।

३. आफ्नो सामानको नाम सबै विद्यार्थीहरूलाई भन्न लगाउनुहोस् । ती सामानको हिफाजत गर्ने तरिका पनि भन्न लगाउनुहोस् । सामानको जतन गर्ने तरिका तलको तालिकामा दिइएको छ । यो नमुना मात्रै हो । यसबाहेक अन्य तरिकाहरू पनि हुन सक्छन् ।

| **सामान** | **जतन गर्ने तरिका** |
|---|---|
| किताब | झोलामा राखेर/ गाता लगाएर |
| लुगा | ह्याङ्गरमा झुन्डयाएर/पट्टयाएर |
| कलम | झोलामा राखेर/उपयुक्त ठाउँमा राखेर |
| कापी | ऱ्याकमा राखेर/जथाभावी नकोरेर |
| जुत्ता मोजा | ऱ्याकमा राखेर/सफा राखेर |

कुनै पनि विद्यार्थीले सामानको जतन गरे नगरेको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् ।

एकाइ : २

# हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता

## उद्देश्य

(क) छरछिमेकीको आदर सत्कार गर्न ।

(ख) चाडपर्वहरूमा सहभागी हुन ।

(ग) आफ्ना छरछिमेकीहरूको लवाइखुवाइ र रहनसहन अवलोकन गरी वर्णन गर्न ।

(घ) आ-आफ्नो गाउँटोलमा सामाजिक काम गर्ने व्यक्तिहरूको नाम बताउन ।

## मुख्य विषयवस्तु

यस एकाइमा छरछिमेकमा रहेका व्यक्तिलाई आदरार्थी शब्द प्रयोग गरेर बोल्ने (जस्तै : आउनुहोस्, बस्नुहोस्, खानुहोस् आदि) बानीको विकास गराउनुपर्छ ।

छरछिमेकका साथीभाइ, इष्टमित्रहरूको रहनसहन, छिमेकका व्यक्तिहरूले लगाउने पोसाक, खानेकुरा आदिको अवलोकन र अध्ययन गरी भन्न सक्ने गराउनुपर्छ ।

आफ्नो घरमा मनाइने चाडपर्वहरू, दसैँ, तिहार, छठ, होली, इद, क्रिसमस आदिमा सहभागिता गराउन प्रोत्साहित गर्नुपर्छ ।

आ-आफ्नो गाउँटोलमा राम्रो सामाजिक काम गर्ने व्यक्ति (जस्तै : धारा, कुलो, पानीघट्टा, स्तूप, मठमन्दिर, मस्जिद, चर्च आदि बनाउने व्यक्तिहरू) को नाम बताउने अभ्यास गराउनुपर्छ ।

## शैक्षिक सामग्री

दसैँ, तिहार, छठ, होली आदि मनाइरहेको चित्र, धारा, कुलो आदि बनाइरहेको चित्र, विभिन्न प्रकारका खानेकुराका चित्र, विभिन्न वेशभूषाका चित्र

## सिकाइ क्रियाकलाप र मूल्याङ्कन

१. (क) विद्यार्थीहरूलाई आदरार्थी शब्द प्रयोग गर्न लगाएर बोल्न तथा अभिनय गर्न लगाउनुहोस् । कसैलाई दाजु, भाउजू, काका, काकी आदिको अभिनय गर्न लगाउनुहोस् । राम्रोसँग अभिनय गरेको छ छैन अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् र आवश्यक सुधार गर्नुहोस् ।

(ख) विद्यार्थीहरूले छरछिमेकका एकले अर्कालाई आदर सत्कार गरेको र सानालाई आदर एवम् माया गरे नगरेको अवलोकन गरी आदर सत्कार गर्न र माया गर्न प्रोत्साहित गर्नुहोस् । जस्तै :

- ठूलालाई - नमस्कार गरेको
- सानालाई - स्याबासी दिएको

यसका लागि तलका प्रश्नहरू निर्माण गरी आदरसत्कार गरे नगरेको मूल्याङ्कन गर्न सकिने छ :

- तिमी छिमेकीहरूलाई भेट्दा के गर्छौ ?
- आफूभन्दा ठूलालाई के गर्नुपर्छ ?
- आफूभन्दा सानालाई के गर्नुपर्छ ?
- तिमी तिम्रो भाषामा कसरी अभिवादन गर्छौ ?

यसका आधारमा आदरार्थी शब्दको प्रयोग गरे नगरेको मूल्याङ्कन गर्नुहोस् र नमिलेको भए सुधार गर्नुहोस् ।

२.(क) विद्यार्थीहरूलाई स्थानीयस्तरमा लगाइने जातिगत परम्पराअनुसारका लुगाहरू देखाई उनीहरूको समुदायका मानिसहरूले कस्तो लुगा लगाउँछन्, पालैपालो देखाउन र भन्न लगाउनुहोस् । त्यस्तै विभिन्न खानेकुराका नमुना चित्रहरू देखाई आफ्नो समुदायका मानिसले खाने खानेकुरा भन्न लगाउनुहोस् । एउटा समुदाय र अर्को समुदायबीचको लवाइखुवाइमा कुनकुन भिन्नताहरू रहेछन् । समूहसमूह बनाई टिप्न लगाउनुहोस् र सबैभन्दा राम्रोसँग भिन्नता छुट्याउने समूहलाई पुरस्कृत गरी स्याबासी दिनुहोस् ।

(ख) विद्यार्थीहरूलाई आ-आफ्नो समुदायका मानिसले जाडो र गर्मी याममा लगाउने लुगाहरूको नाम भन्न लगाउनुहोस् । ती नामहरू मिले नमिलेका आधारमा मूल्याङ्कन गर्नुहोस् । यदि नमिलेका भए सच्याउन लगाउनुहोस् ।

**जाडोमा लगाउने लुगा :** स्विटर, ज्याकेट, कोट, पाइन्ट, चौबन्दी आदि

**गर्मीमा लगाउने लुगा :** सर्ट, पाइन्ट, कुर्ता, सलवार, फ्रक चोली आदि

स्थानीय परिवेश र समयअनुसार फरकफरक वेशभूषा लगाउने हुनाले त्यहीअनुरूपका क्रियाकलाप छनोट गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिने छ ।

(गं कक्षामा वेशभूषा प्रतियोगिताको आयोजना गर्नुहोस् । प्रत्येक समुदायका बालबालिकाले सम्भव भएसम्म आ-आफ्नो वेशभूषा लगाउन प्रोत्साहित गर्नुहोस् । त्यस्तो प्रतियोगिताले विद्यार्थीहरूलाई विभिन्न समुदायको वेशभूषाको जानकारी गराउन सकिन्छ । वेशभूषा प्रतियोगितामा सबैभन्दा उत्कृष्ट छनोट गरी पुरस्कृत गर्नुहोस् । छान्नका लागि विद्यार्थीहरूको नै टोली बनाउनुहोस् । छनोटका आधार निम्नानुसार हुन सक्ने छन् :

| | |
|---|---|
| सम्बन्धित समुदायको वेशभूषा | ४ अङ्क |
| पहिरनको तरिका | २ अङ्क |
| संस्कृतिअनुसार | २ अङ्क |
| अन्य केही भए | २ अङ्क |
| जम्मा | १० अङ्क |

(घ) विद्यार्थीहरूलाई आ-आफ्ना छरमिछेकमा मनाइने चाडपर्वहरूको नाम टिप्न लगाउनुहोस् । तलको क्यालेन्डर (भितेपात्रो) मा ती चाडपर्वहरू कुनकुन महिनामा पर्छन्, चिनो लगाउन लगाउनुहोस् । राम्रोसँग चिनो लगाए नलगाएको मूल्याङ्कन गर्नुहोस् । छरछिमेकले मनाउने चाडपर्वहरू क्यालेन्डरमा मिलाएको नमिलाएको हेरी आवश्यक सुधार गरिदिनुहोस् ।

**फाल्गुन २०६४ FEB/MAR 2008**

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| व्रतबन्ध मूहुर्त १० गते । | विवाह मूहुर्त ३, १०, ११, १२, १६, १७, १८, १९, २६ र २७ गते । | | १ 13 सप्तमी | २ 14 अष्टमी | ३ 15 नवमी | ४ 16 दशमी |
| ५ 17 एकादशी | ६ 18 द्वादशी | प्रजातन्त्र दिवस ७ 19 त्रयोदशी | श्री स्वस्थानी ब्रत समाप्ती ८ 20 चतुर्दशी | ९ 21 पूर्णीमा | १० 22 प्रतिपदा | ११ 23 द्वितीया |
| १२ 24 तृतीया | १३ 25 चौथी | १४ 26 पञ्चमी | १५ 27 षष्ठी | १६ 28 सप्तमी | १७ 29 अष्टमी | १८ 1 नवमी |
| १९ 2 दशमी | २० 3 एकादशी | २१ 4 द्वादशी | २२ 5 त्रयोदशी | महाशिवरात्री २३ 6 चतुर्दशी | २४ 7 औंशी | नारी दिवस ग्याल्पो लोछार २५ 8 प्रतिपदा |
| २६ 9 द्वितीया | २७ 10 तृतीया | २८ 11 चौथी | २८ 12 पञ्चमी | ३० 13 षष्ठी | | |

(यो नमुनाको रूपमा मात्र दिइएको हो । विद्यार्थीहरूलाई हालसालैको क्यालेण्डर हेर्न लगाई क्रियाकलाप गराउनुपर्दछ ।)

माथि उल्लिखित पर्वहरूमध्ये कम्तीमा ३ ओटा पर्वहरू छानी विद्यार्थीलाई ३ समूहमा विभाजन गर्नुहोस् र प्रत्येकलाई एउटा पर्वका बारेमा लेख्न लगाउनुहोस् । जस्तै :

| **पर्वको नाम** | **खाइने खानेकुरा** | **लगाउने लुगा** | **लगाउने गहना** | **कसरी मनाइन्छ (केके गरिन्छ ?)** |
|---|---|---|---|---|
| | | | | |

उक्त विवरण प्रत्येक समूहबाट टोली नेता छानी पढेर सुनाउन लगाउनुहोस् । मिल्यो मिलेन परीक्षण गरी आवश्यक सुधार पनि गरिदिनुहोस् ।

(ङ) विद्यार्थीहरूलाई आफूले मान्ने चाडपर्व र त्यसमा गरिने क्रियाकलाप (कार्यहरू) तलको तालिकामा भर्न लगाउनुहोस् :

| **चाडपर्वको नाम** | **केके खान्छौ** | **केके गर्छौ** |
|---|---|---|
| | | |

तालिका भरेको मिल्यो मिलेन हेर्नुहोस् र विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् ।

(च) विद्यार्थीहरूलाई आफूले मनाउने चाडपर्वमा गाइने गीत भन्न र लेख्न लगाउनुहोस् ।

जस्तै : तिहारमा

भैलिनी आइन् आँगन, गुनिउँ चोली मागन

हे औँसीबार गाई तिहार भैलो

त्यस्तै : उधौली, उभौली, क्रिसमस, माघी, ल्होसार आदिमा गाइने गीत पनि भन्न लगाउनुहोस् । उनीहरूले गीत राम्रोसँग गाए नगाएको आधारमा मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका लागि स्थानीय समुदायका भाषा जान्ने व्यक्तिलाई स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी मूल्याङ्कन गर्न लगाउन सक्नुहुने छ ।

विद्यार्थीहरू त्यस्ता चाडपर्वमा कत्तिको सहभागी हुन्छन्, अवलोकन गर्नुहोस् वा अभिभावकसँग सोधखोज गरी उनीहरूको मूल्याङ्कन गर्नुहोस् । तलका प्रश्नहरू गरेर पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिने छ :

- तिमी कुन पर्व मनाउँछौ ?
- तिमीलाई कुन पर्व मन पर्छ ?
- तिमीले मनाउने पर्वमा के खान्छौ ?
- तिमीले मनाउने पर्वमा के गर्छौ ?
- मितिलाई चाडपर्वमा के गर्दा रमाइलो हुन्छ ?
- तिमीले जानेको गीत गाऊ ।
- अरूले गीत गाउँदा नाच्छौ कि नाच्दैनौ ?
- साथीले गीत गाउँछन् हामी सबै नाचौँ ।
- तिमीलाई पर्व मनाउन रमाइलो लाग्छ कि लाग्दैन ?

विद्यार्थीहरूलाई आ-आफ्नो समुदाय र धर्मअनुसारका क्रियाकलापमा सहभागी हुन प्रेरित गर्नुहोस् । सहभागी भए नभएको अवलोकन गरी उनीहरूको मूल्याङ्कन गर्नुहोस् ।

३.(क) विद्यार्थीहरूलाई आफ्नो समुदायमा भएका असल मानिसको नाम आफ्ना अभिभावकसँग सोधी लेखेर ल्याउन लगाउनुहोस् । उनीहरूले लेखेर ल्याएको असल मानिसले केके काम गरेर उनी असल भएका हुन् त्यो पनि विद्यार्थीलाई भन्न लगाउनुहोस् । उनले गरेका कार्यहरू तलका भनाइसँग मिल्छन् कि मिल्दैनन्, जाँच्नुहोस् :

- विद्यालय बनाएको
- छिमेकी बिरामी हुँदा औषधी दिएको
- छिमेकीको बिहेमा सहयोग गरेको
- स्वास्थ्य चौकी निर्माणमा सहयोग गरेको
- खानेपानीको पाइप मर्मत गरेको
- अशक्तलाई सहयोग गरेको

- अपाङ्गलाई हिँड्डुलमा सहयोग पुऱ्याएको

(ख)विद्यार्थीहरूको व्यक्तिगत विवरण, पारिवारिक विवरण, स्वास्थ्य स्थिति, शैक्षिक उपलब्धिको विवरण तयार गरी सञ्चित अभिलेख राख्न सकिन्छ । सञ्चित अभिलेखको नमुना तल दिएको छ :

| १. **व्यक्तिगत विवरण** | २. **पारिवारिक विवरण** |
|---|---|
| • नाम : <br> • ठेगाना : <br> • लिङ्ग : <br> • जन्मस्थान : <br> • जन्ममिति : <br> • स्कुल भर्ना भएको मिति : | • बाबुको नाम <br> • पेसा : <br> • ठेगाना : <br> • आमाको नाम : <br> • पेसा : <br> • ठेगाना : <br> • परिवारको कुल सङ्ख्या : |
| ३. **स्वास्थ्य विवरण** | ४. **शैक्षिक उपलब्धिको विवरण** |
| • उचाइ : <br> • तौल : <br> • खोप लिए नलिएको : <br> • कुनै रोग भए : | • त्रैमासिक परीक्षाको उपलब्धिस्तर <br> • कक्षा हाजिरी <br> • अतिरिक्त क्रियाकलापमा सहभागिता : <br> • निरन्तर मूल्याङ्कनमा प्राप्त गरेको श्रेणी: <br> • छात्रवृत्ति पाए नपाएको : |

विद्यार्थीहरूले असल मानिसबाट सिकेका क्रियाकलाप व्यवहारमा अपनाएको छ, छैन भनी मूल्याङ्कन गर्न तलका प्रश्नहरू बनाई जवाफ खोज्नुहोस् । सही जवाफ दिन सके सकेनन् पत्ता लगाई उनीहरूको अभिवृत्ति जाँच्नुहोस् : अब तिमी के गर्छौ ?

- तिम्रो साथीले कलम कक्षामा छाडेछन् ।
- तिम्रो साथीले बाटो भुले ।
- धारा खुलै रहेछ ।
- तिम्रा छिमेकीको फोन आयो ।
- तिम्रा छिमेकीहरू बाटो सफा गर्दैछन् ।
- तिम्रा छिमेकी बिरामी परे ।
- अपाङ्गता भएका मानिस बाटामा छन् ।

एकाइ : ३

# सामाजिक समस्या र समाधान

**उद्देश्य**

विद्यालय तथा छरछिमेकमा रहेका असहाय, अपाङ्गहरूलाई सम्मान र सहयोग गर्न ।

**मुख्य विषयवस्तु**

यस एकाइमा विद्यालय तथा छरछिमेकका असहाय तथा अपाङ्गहरू (जस्तै : जन्मजात तथा विभिन्न दुर्घटनामा परी भएका अपाङ्गहरू) को पहिचान गरी आवश्यक सहयोग गर्ने बानीको विकास गराउनुपर्छ ।

विभिन्न कारणबाट अशक्त वा असहाय बनेकाहरू (जस्तै : बाबुआमा नभएका टुहुराटुहुरीहरू परिवारका सदस्यहरूबाट हेला गरिएकाहरू, उमेरका कारण वृद्धवृद्धा भएकाहरू विभिन्न रोगबाट ग्रसित आदि) लाई सम्मान र सहयोग गर्न प्रोत्साहित गर्नुपर्छ ।

**शैक्षिक सामग्री**

- असहाय र अपाङ्गका तस्बिरहरू, त्यस्ता मानिसहरूलाई गरिएको सहयोगका तस्बिर, चित्र, कथा आदि

**सिकाइ क्रियाकलाप र मूल्याङ्कन**

(क) विद्यार्थीहरूलाई आफ्नो घर र छरछिमेकमा भएका असहाय र अपाङ्गहरूको खोजी गर्न लगाउनुहोस् । उनीहरूले खोजी गरे गरेनन्, अवलोकन र सोधपुछ गर्नुहोस् । खोजी गरेका भए असहाय र अपाङ्गको स्थिति कस्तो रहेछ । तलको तालिकामा भर्न लगाउनुहोस् र तालिका भर्न सजिलो होस् भनी एउटा उदाहरण पनि दिइएको छ ।

| नाम | के भएको हो ? | कस्तो सहयोग चाहिन्छ ? |
|---|---|---|
| रमेश | सानैमा लडेर एउटा हात भाँचिएर नचल्ने भएको | मुख धुन सहयोग चाहिन्छ । |
| | | |

(ख) विद्यार्थीहरूलाई बैसाखी, सेतो लट्ठी, ह्विलचियर, माइक्रोफोन आदिको चित्र देखाउनुहोस् । ती सामानहरू कस्ता मानिसलाई आवश्यक पर्छ, विद्यार्थीहरूलाई पालैपालो भन्न लगाउनुहोस् । उनीहरूले भनेको मिल्यो मिलेन मूल्याङ्कन गर्नुहोस् ।

(ग) विद्यार्थीहरूलाई आफ्नो विद्यालयमा भएका असहाय र अपाङ्ग साथीहरूको नाम भन्न लगाउनुहोस् । उनीहरूलाई कस्तो सहयोग चाहिन्छ र तिमीहरूले के सहयोग गर्न सक्छौ भनी प्रश्नोत्तर गराउनुहोस् । असहाय र अपाङ्गहरूसँग विद्यार्थीहरूले गर्ने गरेको व्यवहार अवलोकन गर्नुहोस् । उनीहरूसँग सम्मानजनक र सहयोगी व्यवहार गरे नगरेको आधारमा मूल्याङ्कन गर्नुहोस् ।

(घ) विद्यार्थीहरूलाई आँखा नदेख्ने, एउटा गोडा नभएको, हात नभएको, कान नसुन्ने र बोल्न नसक्नेलाई गर्ने सहयोगको अभिनय गर्न लगाउनुहोस् । सबैभन्दा राम्रोसँग अभिनय गर्नेलाई पुरस्कृत गर्नुहोस् ।

(ङ) अशक्त, असहाय, वृद्धवृद्धालाई गर्नुपर्ने सहयोग केके हुन् ? सबैलाई पालैपालो सोध्नुहोस् । उदाहरणका लागि तल केही प्रश्नहरू निर्माण गरी प्रस्तुत गरिएका छन् :

- सत्तरी वर्ष पुगेका वृद्धवृद्धालाई बाटो काट्दा कस्तो सहयोग चाहिन्छ ?
- दृष्टिविहीन बालबालिकालाई कस्तो सहयोग चाहिन्छ ?
- छिमेकका असहाय र अपाङ्गलाई कसरी सहयोग गर्छौ ?

(च) विद्यार्थीहरूलाई सम्भव भएसम्म नजिकैको अनाथालय वा वृद्धाश्रममा भ्रमण गराउनुहोस् । त्यहाँ उनीहरूले के कस्ता सुविधा प्राप्त गरेका रहेछन् । अवलोकन गरी विद्यार्थीहरूलाई भन्न लगाउनुहोस् । राम्रोसँग भने नभनेका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

एकाइ : ४

## नागरिक चेतना

### उद्देश्य

(क) परिचित व्यक्तिसँग आवश्यक सहयोग लिन र दिन ।

(ख) आफ्नो गाउँ टोलका सार्वजनिक सम्पत्तीहरूको सूची बनाउन र संरक्षण गर्न ।

(ग) सार्वजनिक स्थल र साधनहरू उपयोग गर्दा पङ्क्तिमा पालो पर्खन र अरूलाई पालो दिन ।

### मुख्य विषयवस्तु

यस एकाइमा परिचित व्यक्तिहरू साथीभाइ, नातागोता आदिसँग सहयोग लिन र आफूले चिनेका व्यक्तिलाई आवश्यक सहयोग दिने विषयवस्तुको जानकारी गराउनुपर्छ ।

सार्वजनिक सम्पत्तीको संरक्षण (जस्तै : मन्दिर, गुम्बा, चौर, पाटी, चौतारा, धारा, पधेँरा, अस्पताल, हुलाक, पसल आदि) को संरक्षण र संवर्द्धन गर्नुपर्छ । सार्वजनिक स्थलहरूमा लाइनमा पालो पर्खने बानीको विकास गराउनुपर्छ ।

बस, टेलिफोन, धारा, पधेँरा आदिमा अरूलाई पालो दिने बानीको विकास गरी बालबालिकाहरूलाई त्यस्ता कार्यमा प्रेरित गराउनुपर्छ ।

### शैक्षिक सामग्री

- सार्वजनिक स्थलका चित्रहरू र तस्बिरहरू (जस्तै : गुम्बा, मन्दिर, चौर, पाटी, चौतारा, धारा, पधेरा, अस्पताल, हुलाक, पसल आदि)
- सार्वजनिक साधन (जस्तै : बस, टेलिफोन आदि)
- सार्वजनिक स्थल र साधनको प्रयोगमा लाइन बसिरहेको चित्र

### सिकाइ क्रियाकलाप र मूल्याङ्कन

- विद्यार्थीहरूलाई चाडपर्व मनाएको चित्र देखाई छलफल गराउनुहोस् । चाडपर्वमा अरूसँग सामान लिएको र काम सकेपछि फर्काएको दृष्टान्त प्रस्तुत गर्नुहोस् । उनीहरूलाई आफूसँग नभएको सामान सापटी लिन र पछि फर्काउनुपर्छ भन्ने सन्देश दिनुहोस् । अब विद्यार्थीहरूलाई तलको अभिनय गराउनुहोस् :
  - एकजना विद्यार्थीलाई घरको मुली बनाउने
  - केहिलाई परिवारको सदस्य बनाउने
  - अर्को एकजना विद्यार्थीलाई अर्को घरको मुली बनाउने
  - त्यसमा पनि केही विद्यार्थीलाई परिवारको सदस्य बनाउने
  - घरको मुलीले घरमा चाडपर्वको आयोजना गर्ने र परिवारका अन्य सदस्यले त्यो काममा सहयोग गर्ने

- सबै सामान आफ्नो घरको मात्रै उपयोग गर्न नपुग्ने भएकाले अन्य घरको पनि सापटी तथा सहयोग माग गर्ने
- काम सम्पन्न भएपछि ती सामानहरू फिर्ता गर्ने
- विद्यार्थीहरूले राम्रोसँग अभिनय गरे नगरेको मूल्याङ्कन टोली बनाउने
- त्यसैको सिफारिसका आधारमा शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्ने ।

- विद्यार्थीलाई माथिका क्रियाकलापको आधारमा आफूसँग भएका सामान दिने र अरूसँग लिने बानीको विकास गराउन यस्ता क्रियाकलाप बारम्बार गराउनुहोस् । यस्ता क्रियाकलापले सामान आदानप्रदान गर्ने बानीको विकास भई आपसी सहयोग लेनदेन गर्ने धारणाको विकास हुन जान्छ । साथीभाइ, नातागोता आदिलाई सहयोग दिएको र उनीहरूसँग सहयोग लिने भावनाले मित्रताको विकास हुन्छ र आपसी सहयोग गर्ने बानी बस्छ ।

- विद्यार्थीहरूले आफ्ना साथी र नातागोतालाई सहयोग पुऱ्याए नपुऱ्याएको पत्ता लगाउन निम्नलिखित प्रश्नहरू गर्नुहोस् :

- तिमीले साथीभाइलाई कक्षाकोठा र बाहिर कुनकुन सामान दिएर सहयोग गरेका छौ ?
- तिमीले साथीभाइसँग कुनकुन सामान लिएका हौ ?
- तिमीले साथीभाइसँग किन सामान लिएका छौ ?
- तिमीलाई सामान लिने र दिने काम मन पर्छ कि पर्दैन ?

विद्यार्थीले सामान लिने र दिने काम गरे गरेनन्, त्यसका आधारमा सुधारका लागि पृष्ठपोषण दिनुहोस् ।

- विद्यार्थीहरूको सामान लिने दिने धारणा विकास भयो भएन, तलका धारणाहरूमा ठीक भए (√) चिह्न र बेठीक भए (×) चिह्न लगाउन लगाउनुहोस् । त्यसका आधारमा उनीहरूको मूल्याङ्कन गर्नुहोस् ।

(क) सार्थीसँग लिएको सिसाकलम फिर्ता गर्नुपर्छ । ( )

(ख) साथीसँग भएको सामान दिएर सहयोग गर्नुपर्छ ।( )

(ग) आफ्नो छिमेकीलाई कुनै सामान दिनुहुँदैन । ( )

(घ) अरूसँग सहयोग लिनेदिने काम राम्रो होइन । ( )

- विद्यार्थीहरूलाई आफ्नो घर र विद्यालय वरिपरि भएका सार्वजनिक स्थलहरूको सूची बनाउन लगाउनुहोस् । कुनकुन विद्यार्थीले सार्वजनिक स्थलको सूची बनाएर अवलोकन गर्नुहोस् र त्यसका आधारमा उनीहरूको मूल्याङ्कन गर्नुहोस् । उनीहरूले बनाएको सूचीसँग तलका सार्वजनिक स्थलका नामहरू तुलना गर्ने :

| | |
|---|---|
| • मन्दिर | • चौतारो |
| • गुम्बा | • चौर |
| • चैत्य | • पुल पुलेसा |
| • चर्च | • कुवा |
| • मस्जिद | • पैनी |

| | |
|---|---|
| • स्वास्थ्य चौकी | • इनार |
| • अस्पताल | • बाटो |
| • धारा | • वन |
| • पाटी पौवा | • विद्यालय |
| | • हुलाकघर आदि |

- विद्यार्थीहरूलाई बस, टेलिफोन आदिको तस्बिर देखाई त्यसको वर्णन गर्न लगाउनुहोस् । बस, टेलिफोन आदिको प्रयोग गर्दा लाइनमा बसी पालैपालो प्रयोग गर्नुपर्ने र लाइनमा नबसेमा त्यसको प्रयोग गर्न अप्ठ्यारो पर्छ भनी बताइदिनुहोस् । त्यसपछि उनीहरूले त्यसरी लाइनमा बस्ने गरे नगरेको अवलोकन गर्नुहोस् र त्यसका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

- विद्यार्थीहरूलाई कक्षा २ को हाम्रो साझा सम्पत्ती पाठ अध्ययन गर्न लगाउने र त्यसका आधारमा तलका खाली ठाउँ भर्न लगाउनुहोस् । खाली ठाउँमा ठीक शब्द राखी भरे नभरेको मूल्याङ्कन गर्नुहोस् र सुधारका लागि पृष्ठपोषण दिनुहोस् ।

**खाली ठाउँ भर :**

(क) चौतारो नजिकै .................................... छ ।

(ख) ........................मा मानिस सामान किन्न जान्छन् ।

(ग) भूषण ................. मा खेल्छन् ।

(घ) भूषणको गाउँमा ..................... पनि छ ।

- विद्यार्थीहरूलाई सार्वजनिक स्थल र साधनको संरक्षण गर्ने तरिकाहरू बताइदिनुहोस् । ती तरिकाहरू निम्नानुसार हुन सक्ने छन् :

- वनजङ्गलको संरक्षण गर्न रूखबिरुवा लगाउने, रूख नकाट्ने
- टेलिफोनको संरक्षण गर्न तार नचुँडाउने
- मठमन्दिर, गुम्बा, चैत्य, मस्जिद, चर्च आदिको वरिपरि सफा राख्ने
- पाटीपौवा, चौतारो आदि नभत्काउने
- भत्केको भएमा पुन निर्माण गर्ने
- विद्यालय भत्केको भएमा पुननिर्माण मर्मत गर्ने
- कसैले सार्वजनिक सम्पत्ति हिनामिना गरेमा सम्बन्धित निकायलाई खबर गर्ने र नगर्न खबरदारी गर्ने

यस्ता क्रियाकलापमा विद्यार्थीहरूको संलग्नता गराउन प्रेरणा दिने

- विद्यार्थीहरूले सार्वजनिक स्थलको संरक्षण गरे नगरेको अवलोकन गर्नुहोस् र त्यसका आधारमा मुल्याङ्कन गर्नुहोस् । यदि संरक्षण कार्यमा सहयोग नपुऱ्याएको भए संरक्षण गर्न प्रेरित गर्नुहोस् ।

- विद्यार्थीहरूलाई पालो पर्खने बानीको विकास गराउन मन्दिर, चैत्य मस्जिद, चर्च आदिमा लाइनमा बसी आफ्नो पालो आएपछि दर्शन गर्नुपर्छ भन्ने सन्देश दिनुहोस् । त्यस्ता स्थलहरूमा विद्यार्थीले पालो बसे नबसेको अवलोकन गर्ने र त्यसका आधारमा मूल्याङ्कन गर्नुहोस् । कुनै विद्यार्थीले त्यसरी पालो मिचेको भएमा सुधारका लागि पृष्ठपोषण दिनुहोस् ।

- विद्यार्थीहरूलाई सार्वजनिक स्थलमा पङ्क्तिमा बस्न प्रेरित गर्नुहोस् । विद्यालयको कक्षाकोठामा प्रवेश गर्न र बाहिर निस्कन, पानी खान आदि कार्यमा पङ्क्तिमा बस्न सिकाउनुहोस् । त्यसअनुसार गरेनगरेको अवलोकन गरी विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् । विद्यार्थीको व्यवहारमा

  आएको परिवर्तन पत्ता लगाउन तलको जस्तो घटनावृत्त अभिलेख तयार गरी प्रयोग गर्नुहोस् ।

| **मिति** | **विद्यार्थीको व्यवहार** | **पृष्ठपोषण** | **व्यवहारमा आएको परिवर्तन** |
|---|---|---|---|
| २०६५।२।७ | सरिताले आफ्ना साथीहरूलाई घचेड्दै पानी पिइन् । | उनलाई मैले भोलिदेखि त्यसरी अरूलाई नघचेडी लाइनमा बसी पानी पिउन सम्झाएँ । | अर्को दिन उनले लाइनमा बसी पानी पिइन् । |

- सबै विद्यार्थीको घटनावृत्त अभिलेख अध्ययन गरी विद्यार्थीको व्यवहार परिवर्तन भए नभएको मूल्याङ्कन गर्न उपयुक्त हुन्छ ।

एकाइ : ५

## हाम्रो पृथ्वी

**उद्देश्य**

(क) आफ्नो टोल, समुदाय र त्यस वरिपरिको भौगोलिक स्वरूप अवलोकन गरी विवरण दिन ।

(ख) आफ्नो गाउँ/टोलको सामान्य नक्सा कोर्न र त्यहाँ रहेका खोला, नदी, पोखरी, पहाड आदि देखाउन ।

**मुख्य विषयवस्तु**

यस एकाइमा हाम्रो धरातलीय स्वरूपको अवलोकन गरी त्यसको वर्णन गर्न सिकाइने छ :

- आफ्नो टोल, समुदाय र त्यस वरिपरिको धरातलीय स्वरूपको परिचय दिन र जमिनको स्वरूप (अग्लो, होचो, समथर, खोँच, टार) आदिलाई नक्सामा देखाउन सिकाउनुपर्छ ।
- यसगरी नदी नाला (ठूला, साना), ताल पोखरी, वनजङ्गल (ठूलो, सानो, बाक्लो,पातलो आदि) को जानकारी गराउनुपर्छ ।

**नक्साको सामान्य काम**

- आफ्नो टोल समुदायको नक्सा कोर्ने अभ्यास गराइने छ ।
- नक्सामा आफ्नो टोल समुदायमा रहेका, पहाड, नदी, ताल, पोखरी बाटो, वनजङ्गल आदि भर्न पनि यस एकाइमा सिकाइने छ । विद्यार्थीहरूलाई बारम्बारको अभ्यासपछि नक्साको काम गर्न सक्ने बनाउन प्रयास गरिने छ ।

**शैक्षिक सामग्री**

- पहाड, मैदान, समथर भाग वा अग्लो, होचो भाग झल्कने चित्रहरू
- पहाड, मैदान समथर भाग देखिने ब्लक र मोडेलहरू
- साइनपेन, पेन्सिल, कार्बन पेपर र सादा कागतको पाना

**सिकाइ क्रियाकलाप र मूल्याङ्कन**

(क) विद्यार्थीहरूलाई पहाड, मैदान, समथर भागका ब्लक र मोडेलहरू देखाउनुहोस् । आफू बसेको ठाउँ र ती मोडेलहरू मिल्दाजुल्दा भए भएनन् बुझ्न विद्यार्थीहरूलाई आफ्नो गाउँ/टोलको स्थलगत अवलोकन भ्रमण गराउनुहोस् । त्यसपछि प्रश्नोत्तर गराई आफू बसेको ठाउँको जानकारी गराउनुहोस् । अब उनीहरूले राम्रोसँग आफू बसेको ठाउँ बताउन सक्छन् कि सक्दैनन् निम्नानुसारको प्रश्न गर्नुहोस् र त्यसका आधारमा उनीहरूको मूल्याङ्कन गर्नुहोस् :

- तिमी कहाँ बस्छौ ?
- तिमी बसेको ठाउँ कस्तो छ ? (अग्लो, होचो, समथर)
- तिमी गाउँ/सहर कहाँ बस्छौ ?
- तिमी बसेको ठाउँ र माथि देखाइएको ब्लक वा मोडेलसँग मिल्छ कि मिल्दैन ?
- तिमी आफू बसेको ठाउँको चित्र बनाऊ ।

- तिमीलाई कस्तो ठाउँ मन पर्छ ?

(ख) विद्यार्थीहरू सबैलाई अग्लो, होचो, समथर भाग, खोँच, बेँसीको चित्र बनाउन लगाउनुहोस् । सबैले चित्र बनाइसकेपछि तीनजना विद्यार्थीको मूल्याङ्कन समिति बनाउनहोस् । ती तीनजनाको मूल्याङ्कन गर्न अर्को एउटा मूल्याङ्कन समिति पनि बनाउनुहोस् । ती सबैको मूल्याङ्कन भइसकेपछि तलका आधारसँग दाँजेर प्रथम, द्वितीय र तृतीय छनोट गरी पुरस्कृत गर्नुहोस् । तीनजनाको मूल्याङ्कन समितिलाई चित्र छनोट गर्ने आधार पनि बताइदिनुहोस् । तलको आधार र उनीहरूले छनोट गर्ने आधार एकै हुनुपर्छ ।

**चित्र छनोटको आधार**

- सिसाकलमले कोरेको हुनुपर्ने
- कुन ठाउँ बनाएको हो सो स्पष्ट हुनुपर्ने
- सङ्केतहरू हुनुपर्ने
- दिशा छुट्टिएको हुनुपर्ने

(ग) विद्यार्थीहरूलाई आफ्नो वरिपरि भएका कुराहरूको सूची बनाउन लगाउनुहोस् । सबैले सूची बनाए बनाएनन्, परीक्षण गर्नुहोस् । उनीहरूले बनाएका सूचीसँग तलका कुराहरू छन् छैनन्, तुलना गर्नुहोस् :

पोखरी, वन, पहाड, ताल, खोला, नदी, चौर, मन्दिर, गुम्बा चैत्य आदि ।

सूची तयार गरिसकेपछि त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् । राम्रोसँग वर्णन गरे गरेनन् मूल्याङ्कन गर्नुहोस् ।

अब प्रश्न गर्नुहोस् :

- तिमी बसेको ठाउँमा केके छन् ?
- तिम्रो घरअगाडिको जमिन कस्तो छ ?
- तिम्रो घरबाट सबभन्दा नजिक पर्ने वस्तु कुन हो ?
- तिमीले देखेका कुराहरूमध्ये तिमीलाई मन पर्ने कुन हो ?
- तिम्रो घरवरिपरि रहेका प्राकृतिक वस्तुहरू कुनकुन हुन् ?
- एउटा बिरुवाको चित्र बनाऊ ।

(घ) विद्यार्थीहरूलाई आफ्नो वरिपरि रहेका नदी, ताल, वन, पोखरी आदिबाट हुने फाइदा तलको जस्तै तालिका बनाइ भर्न लगाउनुहोस् :

| **प्राकृतिक वस्तु** | **त्यसबाट हुने फाइदा** |
|---|---|
| नदी | सिँचाइ गर्न, बिजुली निकाल्न |
| ताल | |
| वन | |
| पोखरी | |

तालिका राम्रोसँग भरे भरेनन् त्यसका आधारमा मूल्याङ्कन गरी आवश्यक सुधारका लागि पृष्ठपोषण दिनुहोस् ।

(ङ) विद्यार्थीहरूलाई ताल र पोखरी, नदी र ताल आदिमा के फरक छ भनी प्रश्न गर्नुहोस् र त्यससम्बन्धी धारणाको जानकारी भए नभएको मूल्याङ्कन गर्नुहोस् ।

नदी र तालको फरक तल तालिकामा दिएको छ :

| **नदी** | **ताल** |
|---|---|
| • कुनै पर्वत, हिमाल आदिबाट निस्केर निश्चित स्थानमा बग्दै अरू नदीनालासँग मिसिएर वा एक्लै समुद्रमा मिसिने जलप्रवाह<br>• ठूलो खोलो | • पानी प्रशस्त जमेको ठाउँ<br>• ठूलो प्राकृतिक पोखरी<br>• दह |

ताल र पोखरीमा फरक

| **ताल** | **पोखरी** |
|---|---|
| • पानी प्रशस्त जमेको ठाउँ<br>• ठूलो प्राकृतिक पोखरी<br>• पोखरीको ठूलो रूप | • तलाउ<br>• जलाशय<br>• तालको सानो रूप |

यस्तै गरी अग्लो, होचो, समथर भाग, खोँच, बेँसी, टार आदिको फरक र धारणाको जानकारी गराउनुहोस् ।

(च) विद्यार्थीहरूलाई कक्षाबाहिर वा चौरमा लैजानुहोस् र वरिपरि हेर्न लगाउनुहोस् । त्यहाँ उनीहरूले केके देखे, टिप्न लगाउनुहोस् । त्यहाँबाट कहाँकहाँसम्म वस्तुहरू देखे, पालैपालो भन्न लगाउनुहोस् । कस्ता प्रकारका वस्तु देखिए, टाढाबाट हेर्दा कस्ता देखिए र नजिकबाट हेर्दा कस्ता देखिए भन्न लगाउनुहोस् । निश्चय पनि टाढाबाट हेर्न साना र नजिकबाट हेर्दा ठूला देखिए होलान् । देखिएअनुसारको आकृति कोर्न लगाउनुहोस् । सबैले राम्रोसँग आकृति कोरे कोरेनन्, हेर्नुहोस् । यसरी नजिकबाट हेर्दा ठूलो र टाढाबाट हेर्दा सानो देखिएका कुरा बताइदिनुहोस् । सबैले कोरेका आकृतिको मूल्याङ्कन गर्नुहोस् र सबैभन्दा राम्रो छनोट गरी पुरस्कृत गर्नुहोस् ।

(छ) विद्यार्थीहरूलाई टाढाबाट खिचिएका फोटाहरू देखाउनुहोस् । नजिकबाट खिचेका फोटाहरू देखाउँदै यी दुईबीचको भिन्नता बताउन लगाउनुहोस् । टाढाबाट खिचिएका फोटाहरूको आकृति साना र नजिकबाट खिचेका फोटाहरूका आकृति ठूला देखिन्छन् । उनीहरूले भनेका आधारमा मूल्याङ्कन गर्नुहोस् । भन्न नसकेको अवस्थामा सुधारका लागि पृष्ठपोषण दिनुहोस् । अब विद्यार्थीहरूलाई नजिकबाट हेर्दाको दृश्य र टाढाबाट हेर्दाको दृश्यको चित्र वा तस्बिर बनाउन लगाउनुहोस् । राम्रोसँग बनाए बनाएनन् अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् ।

विद्यार्थीहरूलाई तलको जस्तै अङ्क जोडेर नक्सा कोर्न अभ्यास गराउनुहोस् ।




यी अङ्कहरू जोडेर माछाको आकृति बन्छ । यस्तै अभ्यासहरू अरू गराउनुहोस् । यसरी अभ्यास गराउँदा राम्रो नक्सा, चित्र वा तस्बिर कोर्ने विद्यार्थीलाई पुरस्कृत गर्नुहोस् ।

अब प्रश्न गर्नुहोस् :

- (क) अग्लो ठाउँबाट कुनै कुरा हेर्दा किन सानो देखिन्छ ?
- (ख) होचो ठाउँबाट टाढाका वस्तुहरू देखिन्छन् कि ? नजिकका ?
- (गं ठीक माथिबाट देखिएको आकार त्यस वस्तुको नक्सा हो कि होइन ?

(ज) पहिले विद्यार्थीहलाई सजिला आकारका ठोस वस्तु दिई कागजमाथि राख्न लगाएर सिसाकलमले आकृति कोर्न लगाउनुहोस् : जस्तै :



त्यसपछि आफू बसेको ठाउँको नक्सा कोर्न लगाउनुहोस् । जस्तै :





यसको सट्टा पाठ्यपुस्तकको पेज नं. १ ३२ (नक्सामा हेर्दा हाम्रो गाउँ) को चित्र राख्ने ।

अब चार दिशाको नक्सा बनाउन लगाउनुहोस् ।

उत्तर




यसपछि नक्सामा चार दिशा छुट्याउन सक्ने छन् । त्यसपछि आफू र आफ्नो साथीको घर कुन दिशामा पर्छ भन्न लगाउनुहोस्, भन्न सके सकेनन् मूल्याङ्कन गर्नुहोस् । अब उनीहरूलाई आफ्नो घर, साथीको घर र विद्यालयको नक्सा बनाउन लगाउनुहोस् । जसले राम्रो नक्सा बनाउँछ, उसलाई पुरस्कृत गर्नुहोस् ।

(झ) विद्यार्थीहलाई दिशाको जानकारी भएनभएको पत्ता लगाउन तलका प्रश्नहरू गरी मूल्याङ्कन गर्नुहोस् :

(क) तिम्रो घरबाट साथीको घर कुन दिशातिर पर्दछ ?

(ख) तिम्रो घरबाट विद्यालय कता पर्छ ?

(ग) सूर्य कुन दिशाबाट उदाउँछ ?

(घ) सूर्य कुन दिशामा अस्ताउँछ ?

(ङ) तिम्रो टोलको नक्सा बनाई चार दिशा देखाऊ ।

एकाइ : ६

## हाम्रो विगत

**उद्देश्य**

(क) आफ्नो कक्षामा पढ्ने साथीहरूको पारिवारिक पृष्ठभूमिको परिचय दिन ।

(ख) राष्ट्रिय चिह्नहरूको पहिचान गर्न ।

**मुख्य विषयवस्तु**

यस एकाइमा सहपाठीहरूको पारिवारिक पृष्ठभूमिको परिचय दिन सिकाउनुपर्छ ।

- सहपाठीहरूका जन्ममिति, जन्मस्थान र अहिले रहेको स्थानको बारेमा जानकारी गराउनुपर्छ । यसको साथै सहपाठीहरूका आमाबाबु, हजुरबुबा, हजुरआमा, मावली आदिको परिचय (नाम, बासस्थान, पेसा आदि पहिले र अहिले) दिन सक्ने बनाउनुपर्छ ।

**शैक्षिक सामग्री**

- राष्ट्रिय चिह्नहरूको परिचय
- राष्ट्रिय चिह्नहरू (झन्डा, गाई, लालीगुँरास चिह्नहरू आदिको तस्बिर
- शब्द र अङ्कपत्तीको बाकस

**सिकाइक्रियाकलाप र मूल्याङ्कन**

(क) विद्यार्थीहरूलाई पालैपालो आ-आफ्नो जन्ममिति भन्न लगाई कालोपाटीमा टिप्दै जानुहोस् । सबैले भनिसकेपछि उनीहरूलाई ५/५ जना साथीको जन्ममिति र अन्य विवरण उल्लेख गर्न लगाउनुहोस् :

| क्र.स | साथीको नाम | जन्मेको साल | जन्मेको महिना | जन्मेको गते | जन्मेको बार | जन्मेको जिल्ला |
|---|---|---|---|---|---|---|
| १. | शोभा | २०६० | असार | १५ | आइतबार | दैलेख |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |

यसरी भरेको विवरण परीक्षण गरी विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् । राम्ररी भरेनभरेको अवलोकन गरी आवश्यक सुधार गर्नुहोस् ।

(ख) अब विद्यार्थीहरूलाई भित्ते पात्रो (७ वर्ष अगाडिको) दिनुहोस् । त्यसमा उनीहरूलाई आफू जन्मेको वर्ष, महिना, गते, बार पत्ता लगाउन लगाउनुहोस् । यदि राम्रोसँग पत्ता लगाउन नसकेमा सहयोग

गर्नुहोस् । एकदुई पटक बारम्बार अभ्यास गराइसकेपछि पुन: पत्ता लगाउन लगाउनुहोस् । त्यसका लागि आवश्यक सहयोग र पृष्ठपोषण दिनुहोस् । यसपछि तलका प्रश्नहरू सोध्नुहोस् र उनीहरूको मूल्याङ्कन गर्नुहोस् :

- तिमी कति सालमा जन्मेका हौ ?
- तिमी जन्मेको महिना कुन हो ?
- तिमी जन्मेको बार र गते भन ।
- तिमी कुन ठाउँमा जन्मेका हौ ?

७ वर्ष पहिलेको क्यालेन्डर नभेटेमा हालकै भित्तेपात्रो हेरेर त्यसमा आफू जन्मेको महिना, गते र बार पत्ता लगाई चिनो लगाउन भन्नुहोस् ।

तलको तालिकामा साथीको नाम र जन्ममिति तथा जन्मेको ठाउँ भर :

| **क्र.स** | **साथीको नाम** | **जन्ममिति** | **जन्मेको ठाउँ** |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

(ग) विद्यार्थीहरूलाई आफ्ना सहपाठीहरूको पहिले र अहिलेको बासस्थान भन्न लगाउनुहोस् । पहिले र अहिलेको बासस्थानमा कुनकुन कुरामा भिन्नता छ, पत्ता लगाउन लगाउनुहोस् । प्रत्येक साथीको परिवारको विवरण निम्नलिखित तालिकामा भर्न लगाउनुहोस् :

| **नाम** | **पहिलेको ठाउँ** | **अहिलेको ठाउँ** | **पहिले गर्ने काम** | **अहिले गर्ने काम** | **अन्य** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

विद्यार्थीहरूले माथिको तालिका मिलाएर भरेभरेनन्, अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् । नमिलाएको भए सुधारका लागि पृष्ठपोषण दिनुहोस् ।

(घ) विद्यार्थीहरूलाई नेपालका राष्ट्रिय चिह्नहरूको तस्बिर देखाउनुहोस् । त्यसमा तलको तालिका बनाउन लगाई भर्न लगाउनुहोस् :

| **राष्ट्रिय चिह्नहरू** | **विवरण** |
|---|---|
| १. राष्ट्रिय झन्डा | यो तीनकुने आकारको छ । झन्डाको माथिल्लो तीनकुनेमा चन्द्रमा छ । तल्लो तीनकुनेमा सूर्य छ । यो राष्ट्रिय झन्डा हो । |

माथिको विवरण अध्ययन गरी मिलाए नमिलाएको मूल्याङ्कन गर्नुहोस् । आवश्यक सुधारका लागि पृष्ठपोषण दिनुहोस् ।

विद्यार्थीहरूलाई आफूलाई मन पर्ने राष्ट्रिय चिह्नमध्ये कुनै एउटाको चित्र बनाउन लगाउनुहोस् । सम्भव भएमा त्यसमा रङ पनि भर्न लगाउनुहोस् । सबैभन्दा उत्कृष्ट छनोट गर्न विद्यार्थीकै समूह बनाउनुहोस् । उत्कृष्ट छनोट गरी पुरस्कृत गर्नुहोस् । छनोटका आधारहरू निम्नलिखित हुन सक्ने छन् :

- आकार
- रङ
- चित्र संयोजन आदि

(ङ) विद्यार्थीहरूलाई पाठको अध्ययन गर्न लगाई तलको खाली ठाउँ भर्न लगाउनुहोस् र ठीकसँग भरे नभरेको मूल्याङ्कन गर्नुहोस् ।

- झन्डाको आकार ..................... छ ।
- यसको माथि .......................... छ ।
- यसको तल ........................... छ ।
- यसको किनारको रङ .............. छ ।
- यसको भुइँको रङ.................... छ ।

(च) राष्ट्रिय चिह्नसम्बन्धी धारणा विकास भयो भएन जोडा मिलाउन लगाई मूल्याङ्कन गर्नुहोस् र जोडा मिलाउन नसकेमा आवश्यक सहयोग गरी पृष्ठपोषण दिनुहोस् :

| | |
|---|---|
| • राष्ट्रिय जनावर | लालीगुराँस |
| • राष्ट्रिय पक्षी | सिम्रिक |
| • राष्ट्रिय रङ | डाँफे |
| • राष्ट्रिय फूल | गाई |
| | झन्डा |

(छ) विद्यार्थीले कक्षाकार्य गरे नगरेको जाँच्न निम्नानुसारको श्रेणीमापन प्रयोग गर्न सकिने छ :

- कक्षाकार्य सधैँ गर्छ ३ अङ्क
- कक्षाकार्य कहिलेकाँही गर्छ २ अङ्क
- कक्षाकार्य कहिले पनि गर्दैन १ अङ्क

यसरी विद्यार्थीको कार्यको मूल्याङ्कन गर्न सकिने छ ।

एकाइ : ७

# हाम्रो आर्थिक क्रियाकलाप

**उद्देश्य**

(क) छरछिमेकका व्यक्तिहरूले गर्ने सबै प्रकारका राम्रा कामको सम्मान र सक्दो सहयोग गर्न ।

(ख) घरपरिवारमा प्रयोग गरिने सामग्रीको प्रयोगमा मितव्ययिता अपनाउन ।

(ग) घरपरिवार तथा घरछिमेक मानिसले अपाएको पेसा बताउन ।

(ग) आफ्नो गाउँ/नगरमा उत्पादित तथा निर्मित वस्तुहरूको प्रयोग गर्न ।

**मुख्य विषयवस्तु**

यस एकाइमा कामप्रति सम्मान गर्न र आफूले सकेको काम गर्न प्रेरित गर्नुपर्छ ।

छरछिमेकका व्यक्तिहरूले परम्परादेखि गरी आएका सबै प्रकारका पेसा तथा काम (कृषि, उद्योग, डकर्मी, सिकर्मी, जुत्ता सिउने, झोला बनाउने, लुगा सिउने, कपाल काट्ने, फलामको काम गर्ने, लुगा धुने आदि) बताउन, त्यस्ता कार्यमा सक्दो सहयोग गर्ने बानीको विकास गराउनुपर्छ । सबै प्रकारका कामप्रति सम्मान गर्न सिकाउनुपर्छ ।

विद्यार्थीलाई सामग्रीको उचित प्रयोग गर्ने बानीको विकास गराउनुपर्छ । आफ्नो घरपरिवार र आफूसित भएका विभिन्न प्रकारका सामानहरूको उचित ढङ्गले प्रयोग र जतन (दराज, टेबुल, कुर्सी, कापी, कलम, किताब, झोला लगाउने लुगा, जुत्ता, मसी, पेन्सिल, खेलौना आदि) गर्न सिकाउनुपर्छ । त्यस्ता कार्यहरू गरे गरेनन्, अवलोकन गरी आवश्यक सुधार गराउनुपर्छ ।

बुबा, आमा, दाजु, दिदीहरूबाट पाएको पैसा र सामानको सदुपयोग (जुन कामका लागि दिइएको छ, सोही काममा मात्र खर्च गर्ने बानी) गर्न प्रेरित गराउनुपर्छ । सदुपयोग भयो भएन अवलोकन गरी आवश्यक सुधारका लागि प्रोत्साहित गर्नुपर्छ ।

विद्यार्थीलाई स्थानीय वस्तुको प्रयोग गराउन प्रोत्साहित गराउनुपर्छ । आफ्नो गाउँ/नगरमा उत्पादित तथा निर्मित वस्तुको प्रयोग गर्ने बानीको विकास गराउनुपर्छ ।

त्यस्तै विद्यार्थीलाई घरेलु सामानहरूको प्रयोग गर्न उत्साहित गराउनुपर्छ ।

- घरेलु तानबाट उत्पादित लुगाकपडा, ऊन, फलामका सामान, ढुङ्गा इँटा, बालुवा, माटो, भाडाकुँडा, बाँसका डोका, डाला आदिको प्रयोग गर्न प्रोत्साहित गर्नुपर्छ ।

**शैक्षिक सामग्री**

- विभिन्न पेसाका शब्दपत्तीहरू, मेटाकार्ड

**सिकाइ क्रियाकलाप र मूल्याङ्कन**

(क) विद्यार्थीहरूलाई आफ्नो छिमेकीको कामको सूची बनाउन लगाउनुहोस् :

छिमेकीले गर्ने काम

- पसलमा सामान बेच्ने, खेती गर्ने, मजदुरी गर्ने, काठको काम गर्ने आदि ।

सूची राम्रोसँग बनाए/बनाएनन् हेरी विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् र आवश्यक सुधारका लागि पृष्ठपोषण दिनुहोस् ।

(ख) विद्यार्थीहरूलाई पेसाअनुसारका सम्बन्ध सामानहरूको जोडा मिलाउन लगाउनुहोस् । जोडा मिलाए नमिलाएको आधारमा मूल्याङ्कन गर्नुहोस् ।

| पेसा | सामान |
|---|---|
| डाक्टर | हलो |
| सूचीकार | हथौडा |
| व्यापारी | चक |
| शिक्षक | सियो |
| किसान | स्टेथेस्कोप |
| डकर्मी | तराजु |

(ग) विद्यार्थीहरूलाई कुनै काम गरिरहेको ठाउँमा स्थलगत भ्रमण गराउनुहोस् । त्यहाँ कुन काम भएको रहेछ त्यसको विवरण तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् । विवरण प्रस्तुत गर्नुअघि तयार गराउँदा समूहमा छलफल गराउनुहोस् । त्यसपछि कसले, केकाम, कुनकुन सामग्रीको प्रयोग भएको हो तलको तालिकामा विवरण भर्न लगाउनुहोस् :

| **कसले** | **कुन काम** | **प्रयोग हुने सामान** |
|---|---|---|
| | | |

(घ) विद्यार्थीहरूलाई सामानको सही प्रयोग गर्न लगाउनुहोस् । राम्रोसँग गरे नगरेको रुजुसूची प्रयोग गरी जाँच्नुहोस् :

विद्यार्थीको नाम :

| **काम** | **ठीकसँग गर्ने** | **कहिलेकाहीँ ठीकसँग गर्ने** | **जथाभावी गर्ने** |
|---|---|---|---|
| (क) किताबको जतन | √ | | |
| (ख) कापीको प्रयोग | | | √ |
| (ग) झोलाको रखाइ | | | |
| (घ) कलमको प्रयोग | | | |
| (ङ) जुत्ता र मोजा रखाइ | | | |
| (च) ब्रस | | | |
| (छ) मञ्जन | | | |
| (ज) इरेजर | | | |

(घ) विद्यार्थीहरूको बानीमा परिवर्तन आयो आएन अवलोकन र निरीक्षण गरी सुधारका लागि पृष्ठपोषण दिनुहोस् ।

विद्यार्थीहरूलाई गाउँघरमा उत्पादित वस्तु र सहरमा उत्पादित वस्तुको तालिका बनाउन लगाउनुहोस् ।

| **गाउँमा बनेका सामान** | **सहरमा बनेका सामान** |
|---|---|
| सुकुल | साबुन |

(ङ) यसै गरी कुन वस्तु केबाट बन्छ, भन्न लगाउनुहोस् । जस्तै :

| **वस्तु** | **के बाट बन्छ** | **वस्तु** | **के बाट बन्छ** |
|---|---|---|---|
| • चिनी<br>• रोटी<br>• घिउ<br>• गुन्द्री<br>• गुन्द्रुक | उखुबाट | • डोका<br>• डाला<br>• नाम्लो<br>• दाम्लो | |

उनीहरूले भनेको मिल्यो मिलेन जाँच्नुहोस् । नमिलेको भए आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(च) विद्यार्थीको धारणा विकास भयो कि भएन, पत्ता लगाउन र ठीक बेठीक छुट्याउन लगाउनुहोस् :

- झिँगा भन्केका खानेकुरा खानुहुँदैन ।
- पिठोबाट रोटी बन्छ ।
- दूधबाट दही र घिउ बन्छ ।
- सागसब्जी कारखानामा उत्पादन हुन्छ ।
- घरमा बनाएका खानेकुरा तागतिला हुन्छन् ।
- बजारको चाउचाउभन्दा घरको रोटी ताजा र स्वस्थकर हुन्छ ।

(छ) विद्यार्थीहरूलाई स्वेदशमा नै बनेका सामग्रीहरू प्रयोग गर्न प्रोत्साहित गर्नुहोस् । उनीहरूलाई कम्तीमा ५/५ जना साथीले प्रयोग गरेको कपडा, बनेको ठाउँसमेत सोधेर लेख्न लगाउनुहोस् । ठीक ढङ्गले लेखे लेखेनन्, हेरी आवश्यक सुधारसमेत गर्नुहोस् ।

| **क्र.स.** | **साथीको नाम** | **कपडा** | **बनेको ठाउँ** |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

(ज) विद्यार्थीहरूलाई आफ्नो इलाकामा बन्ने सामानहरूको सूची बनाउन लगाउनुहोस् । ती सामान बाहिर पठाइन्छन् कि त्यहीँ खपत हुन्छ भन्न लगाउनुहोस् । बाहिरबाट कुनकुन सामान ल्याइन्छन् । तिनको नाम लेख्न लगाउनुहोस् । मिल्यो मिलेन जाँच्नुहोस् ।

(झ) विद्यार्थीहरूलाई आफूलाई मनपर्ने सामानको चित्र बनाउन लगाई सुहाउँदो रङ भर्न लगाउनुहोस् । उनीहरूले बनाएको चित्र र भरेको रङ मिले नमिलेको मूल्याङ्कन गर्नुहोस् ।

(ट) गाउँमा उत्पादन हुने वस्तु र सहरमा उत्पादन हुने वस्तुहरूको तालिका बनाउन लगाउनुहोस् । तालिका बनाएको मिल्यो मिलेन जाँच्नुहोस् । अब तलको तालिका हेर्नुहोस् :

| **गाउँमा बनेको सामान** | **सहरमा बनेको सामान** |
|---|---|
| सुकुल, गुन्द्री | चिनी, साबुन, कपडा |
| राडी, पाखी | तेल, मञ्जन, ब्रस |
| डोको, डालो | किताब, कापी, पेन्सील |

(ञ) विद्यार्थीहरूलाई आफ्नो ठाउँ परिवेशअनुसारका वस्तु तथा चित्रहरूको पोस्टर प्रदर्शन गर्न लगाउनुहोस् । राम्रोसँग पोस्टर बनाए नबनाएको निरीक्षण गरी आवश्यक सुधार गर्नुहोस् । सबैभन्दा राम्रो पोस्टर छानी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । राम्रो पोस्टर प्रस्तुत गर्ने विद्यार्थीलाई स्याबासी दिई पुरस्कृत गर्नुहोस् ।

*शिक्षक साथीहरू ! यसमा दिइएका मूल्याङ्कन क्रियाकलाप नमुनाका लागि मात्रै हुन् । स्थानीय परिवेश र विद्यालयको अवस्था हेरी मूल्याङ्कनका सिर्जनात्मक र रचनात्मक क्रियाकलाप सिर्जना गरी विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् ।*

**कक्षा - ३**

**एकाइ : १**

## आफू, आफ्नो परिवार र छरछिमेक

**उद्देश्य**

(क) आफू र आफ्नो परिवारका सदस्यहरूको नाम, उमेर, पेसा र आफूसँगको नाता पत्ता लगाई लेख्न ।

(ख) परिवार र छिमेककीको काममा सहयोग गर्न ।

(ग) व्यक्तिगत र घरायसी सामानको जतनका साथ प्रयोग गर्न ।

**मुख्य विषयवस्तु**

बालबालिकाहरूले उनीहरूको उमेर, उनीहरूका परिवारका सदस्यहरूको नाम, उमेर र नाता पत्ता लगाउने, परिवारका विभिन्न काम (जस्तै : भाइबहिनी हेर्ने, फूलबारी/ करेसाबारीमा पानी हाल्ने, औजारहरू सुरक्षा गर्ने, लुगा कपडाको जतन गर्ने आदि) मा आफूले सकेको सहयोग गर्ने, त्यसै गरी नजिकका छिमेकीहरूको काममा पनि सहयोग गर्ने बानीको विकास गराउनुपर्दछ । जस्तै : उनीहरूलाई आवश्यक परेको सामान दिने, उनीहरू घरमा नभएको समयमा घरको रेखदेख गरिदिने, विभिन्न उत्सव पर्वहरूमा सहयोग गर्ने आदि । विद्यार्थीमा व्यक्तिगत र घरायसी सामानहरूको जतन गर्ने बानीको विकास गराउनुपर्दछ । जस्तै : आफ्नो किताब, झोला, कलम, खेलौनाको सामानहरूको जतन गर्ने, घरायसी सामानहरूमा भाँडाकुँडा, टेबल, दराज, कुर्सी आदिको हिफाजतको साथ प्रयोग गर्ने बानी बसाल्नुपर्दछ ।

**शैक्षिक सामग्री**

परिवारका सदस्यहरूको विवरण लेख्ने तालिकाको नमुना, अवलोकन फाराम, विद्यार्थीले सहयोग गर्न सक्ने कामको सूची, जतन गर्नुपर्ने सामग्रीहरूको सूची आदि ।

**सिकाइ क्रियाकलाप र मूल्याङ्कन**

- कक्षामा रहेका सबै विद्यार्थीहरूलाई गृहकार्य वा सामुदायिक कार्यको रूपमा विद्यार्थीलगायत उनीहरूका परिवारका सदस्यहरूको नाम, उमेर, पेसा र नाता सोधखोज गरेर ल्याउन लगाउनुपर्दछ । उनीहरूलाई तोकिएको काम गर्न सजिलो बनाउनका लागि कक्षामा तालिकाको नमुना बनाउन सक्नुहुन्छ । विद्यार्थीहरूले सजिलै बुझ्न बनाउन सक्ने र प्रयोगमा ल्याउन सक्ने तालिका दिनुपर्दछ । उक्त प्रयोजनका लागि यस्तो तालिका हुन सक्छ :

| क्र.स. | परिवारका सदस्यहरूको नाम | नाता | उमेर | काम/पेसा |
|---|---|---|---|---|
| | | | | |

- विद्यार्थीहरूले जिम्मेवारी दिएअनुसारको गृहकार्य वा सामुदायिक कार्य गरेर ल्याए ल्याएनन्, जाँच गर्नुहोस् । तोकिएअनुसारको काम गर्ने विद्यार्थी कोको थिए र नगर्ने विद्यार्थी कोको थिए जानकारीमा राख्नुहोस् । तोकिएको काम नगरेको भए उनीहरूसँग व्यक्तिगत रूपमा सम्पर्क गरी विद्यार्थीहरूलाई सहज हुने भाषामा गर्न नसक्नुको कारणहरू सोध्नुहोस् । उनीहरूले विभिन्न कारणले तोकिएको काम नगरेका हुन सक्छन् । जस्तै : घरमा अन्य कामले गर्दा फुर्सद नभएर, तपाईंले दिनुभएको निर्देशन नबुझेर, तालिका कठिन लागेर, घरमा सोध्नुपर्ने व्यक्तिको फुर्सद

नभएर, घरको अभिभावकलाई पनि तपाईंले मागेअनुसारको सूचना थाहा नभएर आदि । यथार्थ कारण पत्ता लगाइसकेपछि त्यस्ता विद्यार्थीहरूलाई के गरेर काम गराउन सकिन्छ, वैकल्पिक उपाय सोच्नुर्पछ । विद्यार्थीलाई परेको समस्या समाधानको उपाय खोज्ने प्रयास गर्नुपर्दछ ।

- तपाईंले दिएको काम गर्ने भित्र पनि विविधता हुन सक्छ । कसैले पुरै गरेर पुरै मिलाएको, कसैले पूरा गरेको तर आंशिक मात्र मिलाएको, कसैले गरेको तर मिलाउन नसकेको, कसैले तपाईंले सोधेअनुसारको ढाँचामा नलेखेकोमध्ये पनि कुन विद्यार्थीको अवस्था के छ, उसको समस्या पत्ता लगाएर थप पृष्ठपोषण दिनुपर्दछ ।
- विद्यार्थीहरूलाई उनीहरूले हालसम्म परिवारका सदस्यहरूलाई गरेको सहयोग सोध्नुहोस् । उनीहरूले दिएको उत्तरलाई छुट्टाछुट्टै रूपमा टिपोट गर्न सक्नुहुन्छ ।

जस्तै :

| **निमाले गरेको सहयोग** | **सुजनले गरेको सहयोग** | **रमिताले गरेको सहयोग** | **राजुले गरेको सहयोग** |
|---|---|---|---|
| भाइबहिनी हेर्न, गाईलाई घाँस हाल्न, करेसाबारीमा पानी हाल्न, पानी भर्न, घरको सरसफाइ गर्न | लुगा धुन, भात पकाउन, खाना लगिदिन, आँगन बढार्न, तरकारी गोड्न | फूलबारीमा पानी हाल्न, नजिकको पसलबाट सामान किन्न, चिया पकाउन | पत्रिका किनेर ल्याउन, गमलामा पानी हाल्न, भाँडा सफा गर्न |

- विद्यार्थीहरूले भनेअनुसारको सहयोग गर्ने गरेका छन् छैनन्, उनीहरूका अभिभावकहरूसँग भेट भएको समयमा सोध्नुहोस् ।
- विद्यार्थीहरू एकअर्कामा सहयोगी छन्, छैनन् भन्ने कुरा नियमित हेर्नका लागि अवलोकन फाराम बनाउनुहोस् । कक्षाकोठाभित्र तथा बाहिर उनीहरूको व्यवहार अवलोकन गरी रेकर्ड राख्ने गर्नुहोस् । फारामको नमुना यस्तो हुन सक्छ ।

| **क्र.सं.** | **विद्यार्थीको नाम** | **कसलाई सहयोग गरेको** | **के सहयोग गरेको** | **कहिले सहयोग गरेको** |
|---|---|---|---|---|
| | | | | |

- उक्त अवलोकन फारामको आधारमा सहयोगी र असहयोगी विद्यार्थी छुट्याउनुहोस् र जो असहयोगी देखिन्छ त्यसको कारण पत्ता लगाई सुधारका लागि प्रयास गर्नुहोस् ।
- छिमेकीको काममा छिमेकीलाई सहयोग गर्ने सम्बन्धमा पनि परिवारमा सहयोग गर्ने क्रियाकलाप जस्तै गराउन सक्नुहुन्छ । अर्थात् उनीहरूले छिमेकलाई गरेको सहयोग र पछि गर्न सक्ने सहयोगको विवरण गृहकार्यको रूपमा दिई लेखेर ल्याउन लगाउन पनि सक्नुहुन्छ ।
- बालबालिकाहरूले उनीहरूका व्यक्तिगत सामानहरू किताब, कापी, कलम, झोला, खेलौनाहरू, लगाएको लुगा, कपडा आदि र विद्यालयका सामानहरू: खेलका सामानहरू चक, डस्टर, कुर्सी, डेक्स, टेबल, कम्प्युटर, पुस्तकहरू, पत्रपत्रिका आदि सामग्रीहरूको जतन गर्नुपर्छ भन्ने कुरा र जतन गर्ने तरिका सिकाउनुपर्छ । जस्तै : किताबमा जिल्दा(कभर) लगाउने, कापी नच्याल्ने र जथाभावी नलेख्ने, किताबकापी झोलामा राख्ने, किताब राख्ने झोला जथाभावी नफाल्ने, कलम

नटोक्ने, लुगामा फोहोरमैला नलगाउने, साथीहरूका सामानहरू नबिगारिदिने आदि । विद्यालयका सामानहरू तोडफोड नगर्ने, सामान जहाँबाट झिकेको छ त्यही राख्ने, चकले जथाभावी भित्तामा नकोर्ने आदि कुराहरू सिकाउनुपर्छ । यसरी सिकाएको कुरा विद्यार्थीले पालना गऱ्यो गरेन भनेर जाँच गर्न नियमित अवलोकन गर्ने र त्यसको अभिलेख समेत राख्ने गर्नुपर्दछ । अवलोकन गरी अभिलेख राख्न निम्नानुसारको फाराम प्रयोग गर्न सक्नुहुन्छ ।

| क्र.सं. | **विद्यार्थीको नाम** | **सामानको जतन** | | | | |
|---|---|---|---|---|---|---|
| | | **सधैँ गर्छ** (५) | **प्रायजसो गर्छ** (४) | **कहिलेकाहीँ गर्छ** (३) | **एकदम कम मात्र गर्छ** (२) | **कहिल्यै पनि गर्दैन** (१) |
| | | | | | | |

- बालबालिकाहरूलाई घरायसी सामानहरू : भाँडाकुँडा, पेसागत औजारहरू, लुगाकपडा, रेडियो, टेलिभिजन, कम्प्युटर, भान्छाकोठाका सामानहरू आदिको जतन साथ प्रयोग गर्ने तरिकाहरू सिकाउनुपर्दछ । जस्तै : भाँडाकुँडा सफा गर्ने, ठीक ठाउँमा राख्ने, कोदालो, हँसिया, खुकुरी आदि नखेलाउने, उपयुक्त स्थानमा राख्ने, लुगाकपडा सफा राख्ने, पट्याएर ठीक ठाउँमा राख्ने, रेडियो, टेलिभिजन, कम्प्युटर, क्यामेरा आदि वस्तुहरू नचलाउने, तोडफोड नगर्ने सफा गर्ने आदि ।

- विद्यार्थीहरूले घरायसी सामानको जतनसाथ प्रयोग गर्छन् गर्दैनन् भनेर मूल्याङ्कन गर्दा उनीहरूको कक्षाकोठा तथा विद्यालयमा सामानको जतन गर्ने नगर्नेबाट पनि सामान्यीकरण गर्न सकिन्छ । एउटै परिवार छिमेकीबाट विद्यालय आउने अन्य विद्यार्थीहरूलाई सोधेर वा अभिभावकहरूसँग सम्पर्क गरी सोध्न पनि सकिन्छ । सामानको जतन नगर्ने विद्यार्थीहरूको पहिचान गरी उनीहरूको समस्या बुझेर त्यसको आधारमा उपयुक्त पृष्ठपोषण दिँदै जानुपर्छ । यसका लागि पनि विभिन्न अवलोकन फाराम तथा रुजुसूची प्रयोग गर्न सकिन्छ ।

एकाइ : २

# हाम्रा परम्परा सामाजिक मूल्य र मान्यता

**उद्देश्य**

(क) आफ्नो घरमा आएका पाहुना तथा नातेदारलाई आदर सम्मान गर्न ।

(ख) आफ्नो गाउँ टोलका मानिसहरूले बोल्ने भाषा र वेशभूषाको खोजी गर्न ।

(ग) आफ्नो गाउँटोलका मानिसले मान्ने चाडपर्वहरू सोधखोज गरी पत्ता लगाउन र पर्वहरूमा साथीलाई बोलाउन र साथीले बोलाएको पर्वमा सहभागी हुन ।

(घ) आफ्नो गाउँ सहरमा समाजका लागि राम्रा काम गर्ने व्यक्तिहरूको खोजी गर्न ।

(ङ) त्यस्ता व्यक्तिहरूले गरेको कामको विवरण तयार गर्न र राम्रो काम गर्ने व्यक्तिहरूलाई सम्मान गर्न र सकेको सहयोग गर्न ।

**मुख्य विषयवस्तु**

समाजमा विभिन्न प्रकारका भाषा बोल्ने मानिसहरू बसोबास गर्छन् । यस्ता भाषाहरू ठाउँ र जातिअनुसार फरकफरक हुन्छन् । कतिपय समाजमा एकभन्दा बढी भाषा बोल्ने मानिसहरू रहेका हुन्छन् भने कतिपय ठाउँमा एउटै भाषी समुदाय पनि हुन्छन् । जस्तै: जातअनुसार बोलिने भाषाहरूमा राई, लिम्बू, गुरुङ, मगर, शेर्पा, धामी, चेपाङ, तामाङ धिमाल, नेवार आदि हुन् भने मैथिली, भोजपुरी, अवधी, डोट्याली आदि ठाउँअनुसार बोलिने भाषाहरू हुन् । भाषा फरकफरक भए जस्तै जाति र ठाउँअनुसार वेशभूषा पनि फरक फरक हुन्छन् । बक्खु, दोचा, पाङ्देनजस्ता लुगा हिमाली क्षेत्रका मानिसले, दौरा, सुरुवाल, चोलो, सारी आदि पहाडी क्षेत्रकाले र धोती, कुर्ता, ब्लाउज आदि तराई क्षेत्रका मानिसले लगाउँछन् । हाकु पटासी, (नेवार समुदायको महिलाले लगाउने फरिया) बोना धिमाल जातिको महिलाले लगाउने लुगा, मेख्ली, (आठपहरिया राई महिलाले लगाउने लुगा) छिटको गुनिउँ आदि जातिअनुसारका लुगा छन् । गरगहनाहरू पनि फरकफरक हुन्छन् । यो तहका बालबालिकाहरूलाई देशभरिका सबै भाषा र वेशभूषाको जानकारी गराउन आवश्यक छैन । उनीहरूले आफ्नो गाउँ वा सहरमा बोलिने भाषा र वेशभूषाको खोजी गर्न लगाउनुपर्दछ । बालबालिका बसोबास गर्ने ठाउँमा धर्म, जाति आदिअनुसार मनाइने विभिन्न चाडपर्वहरूको खोजी गर्न लगाउने, सानैदेखि सहिष्णु हुन सिकाउन साथीलाई आफूले मान्ने पर्वमा बोलाउने र साथीले बोलाएको पर्वमा पनि सहभागी हुने जस्ता क्रियाकलापमा पनि प्रोत्साहित गर्नुपर्दछ । आफ्नो घरमा आउने विभिन्न नाता पर्ने मानिसहरू र नाता नपर्ने चिनेका र नचिनेका मानिसहरूसँग राम्रो र मीठो बोल्ने, सत्कार गर्ने संस्कृतिको विकास गराउनुपर्दछ ।

समाजमा राम्रा मानिसहरू पनि रहेका हुन्छन् । त्यस्ता समाज सेवामा लागि रहने मानिसहरूको खोजी गर्न लगाई उनीहरूले गरेका कामको विवरण सङ्कलन गर्ने त्यस्ता व्यक्तिहरूको कामको अनुसरण गर्न, त्यस्ता व्यक्तिलाई सकेको सहयोग गर्न र सम्मान गर्न सिकाउनुपर्दछ ।

**शैक्षिक सामग्री**

- आदर सम्मान गर्दा प्रयोग गरिने शब्द पत्तीहरू (स्थानीय भाषाहरूको शब्दहरू पनि खोजी गरी शब्द पत्ती बनाउने ) हुपपिन, विभिन्न प्रकारका तालिकाहरूको नमुना, अवलोकन फाराम, विद्यार्थीहरूलाई योजना कार्यका लागि आवश्यक सामग्री

**सिकाइ क्रियाकलाप र मूल्याङ्कन**

- बालबालिकाहरूलाई मेटाकार्ड वा कागजमा विभिन्न नाता लेखेर हुपपिनले अगाडितिर लुगामा उन्न लगाउनुहोस् । त्यसमा लेखिएअनुसारको भूमिका अभिनय गर्न लगाउनुहोस् । नाता घरभित्रको नभएर समयसमयमा घरमा आइरहने नातेदारहरूको हुनुपर्दछ । जस्तै : फुपू, फुपाज्यु, भिनाजु, काका, ठूलाबा, मामा, माइजु, साला, साली, भतिजा, भतिजी, भान्जा, भान्जी आदि । अभिनय गर्दा सानो नाता पर्नेले ठूलो नाता पर्नेलाई आदर सत्कार गर्ने शब्दहरूको प्रयोग गराउनुपर्दछ ।

- शिक्षकले कसले कसरी अभिनय गऱ्यो, अवलोकन गर्नुपर्दछ । विद्यार्थीले गरेको अभिनयलाई श्रेणीमापन तालिका बनाएर अभिलेख पनि राख्न सकिन्छ । जस्तै :

| क्र.सं. | विद्यार्थीको नाम | अभिनयको स्तर | | | | |
|---|---|---|---|---|---|---|
| | | धेरै राम्रो | राम्रो | सन्तोषजनक | सामान्य | कमजोर |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

- विद्यार्थीहरूको अभिनय कुन स्तरमा परेको छ हेरेर सुधार गर्नुपर्ने भए थप क्रियाकलाप गराएर सुधार गर्न सकिन्छ ।

- नातेदारहरूको जस्तै शिक्षक, विद्यार्थी, स्वास्थ्य स्वयम् सेविका, समाजसेवी घरमुली आदिको पनि भूमिका अभिनय गराउन सकिन्छ र त्यसै अनुसारसँगसँगै मूल्याङ्कन पनि गर्न सकिन्छ ।

- विद्यार्थीहरूलाई निश्चित समय दिएर एक अर्कामा सोध्न लगाई उनीहरूको परिवारमा लगाउने लुगा, गरगहना, बोल्ने भाषा, मनाउने चाडपर्व आदि टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीहरूलाई टिपोट गर्न सजिलो र सबैको एकरूपताका लागि एउटा निश्चित Format बनाएर दिन सक्नुहुन्छ । जस्तै :

| क्र.सं. | साथीको नाम | जात | धर्म | भाषा | लुगा वा गरहना | चाडपर्वहरू |
|---|---|---|---|---|---|---|
| १. | सविना | शेर्पा | बौद्ध | शेर्पा | बक्खु, दोचा, पाङ्देन | ल्होसार |
| | | | | | | |

- त्यस्तै तालिकामा उनीहरूका घर वरपर रहेका समुदायका मानिसहरूको पनि जात, धर्म, भाषा, वेशभूषा,चाडपर्व आदिको बारेमा सोधखोज गरी ल्याउनका लागि सामुदायिक कार्य दिनुहोस् ।

- छिमेकी तथा समुदायकमा मनाइने चाडपर्वहरूमा सहभागी विद्यार्थीहरू भएको भए त्यसको अनुभव पालैपालो सुनाउन लगाउनुहोस् ।

- विद्यार्थीहरूलाई जिम्मा दिइएको कक्षाकार्य र सामुदायिक कार्य सबैले गरे गरेनन्, नगर्नेले नगर्नुको कारण पत्ता लगाएर आवश्यक सहयोग गर्नुहोस् । गर्नेले तोकिएको कार्य पुरै गरे वा

आंशिक मात्र गरे हेर्नुहोस् । पूरा गर्न नसक्नुको कारण सोधखोज गर्नुहोस् । सुधार गर्नुपर्ने विद्यार्थीहरूको छुट्टै समूह बनाएर आफूले थप सहयोग गर्ने वा जान्ने विद्यार्थीहरूसँग मिसाएर आवश्यक सहयोग गर्न लगाउने गर्न सकिन्छ । यसमा पनि अवलोकन फाराम, रुजुसूची, श्रेणीमापन आदि साधन प्रयोग गर्न सकिन्छ ।

- विद्यार्थीहरूलाई उनीहरूको घर वरपर समाजमा रहेका समाजका लागि राम्रो काम गर्ने व्यक्तिहरूको खोजी गर्न लगाई त्यस्तो व्यक्तिले गरेको मुख्यमुख्य कामहरूको विवरणसमेत तयार गर्न लगाउनुहोस् । जस्तै :

- समाज सेवा वा असल मानिसको नाम
- ठेगाना :
- जन्ममिति :

समाजको हित हुन उनले गरेका कामहरू :

- उनलाई कुनै व्यक्ति वा संस्थाले सम्मान गरेको भए विवरण :
- उनलाई समाजको हितका लागि काम गर्न प्राप्त भएको प्रेरणा :
- उनीबाट सिक्नुपर्ने कुराहरू :
- उनलाई कस्तो सहयोगको आवश्यकता छ :

(विद्यार्थीहरूलाई यससम्बन्धी कार्य गर्न सजिलो हुने अन्य प्रकारको ढाँचा पनि बनाउन सक्नुहुन्छ । )

- विद्यार्थीलाई दिइएको सामुदायिक कार्य वा गृहकार्यको गरेको वा नगरेको अवलोकन गर्नुहोस् र निरन्तर मूल्याङ्कन गरी अभिलेख समेत राख्नुहोस् । क्रियाकलापसँगै मूल्याङ्कन गर्दै जाने र अभिलेख राख्दै जाने गर्दा विद्यार्थीको सिकाइ स्तर पत्ता लगाउनुको साथै सुधार गर्नु पनि सजिलो हुन्छ ।

एकाइ : ३

# सामाजिक समस्या र समाधान

## उद्देश्य

(क) समुदायमा रहेका असहाय तथा अपाङ्गहरूलाई सहयोग गर्ने बानी बसाल्न ।

(ख) असहाय अपाङ्गहरूलाई पनि समाजका अन्य व्यक्तिसरह सम्मान गर्न ।

(ग) जातको आधारमा एकअर्कामा छुवाछुतको व्यवहार नगर्न ।

(घ) भुतप्रेत, धामी झाँक्री जस्ता अन्धविश्वासको विश्वास नगर्न ।

(ङ) खराब बानीव्यहारबाट अलग रहन ।

## मुख्य विषयवस्तु

समाजमा अनेकौं सामाजिक समस्याहरू रहेका हुन्छन् । ती समस्याहरू कतिपय परम्परादेखि चल्दै आएको रुढिवादी र अन्धविश्वासका कारण रहेका हुन्छन् । कतिपय सामाजिक समस्याहरू विज्ञान तथा सूचना प्रविधिले पनि भित्रिएका छन् । कतिपय समुदायमा शरीरिक तथा मानसिक रूपमा अपाङ्गहरूलाई हेला गर्ने, उनीहरूलाई बोझका रूपमा हेर्ने चलन रहेको हुन्छ । खासै गरी वृद्धवृद्धा, टुहुरा टुहरी आदिलाई पनि हेला गर्ने, निरीह मान्ने प्रचलन रहेको देखिन्छ । जातीय आधारमा छुवाछुत र भेदभावको अवस्था पनि रहेको पाइन्छ । कतिपय समुदायमा अन्धविश्वासको पछि लागेर बिरामी भएको अवस्थामा पनि रोगको निदान नगरी धामीझाँक्रीबाट मात्र झारफुक गराउने चलनले मानिसहरूको ज्यानै गएका कैयौँ उदाहरण भेटिन्छन् । यसै गरी बिरालोले बाटो काट्दा वा कुनै जाति विशेषको मानिस भेट्ता अपशकुन हुने जस्ता अन्धविश्वासहरू पनि पाइन्छन् ।

बालबालिकाहरूलाई सानै उमेरदेखि समाजमा रहेका रुढिवादी, अन्धविश्वास, सामाजिक विभेद आदिका पछाडि नलाग्न अभ्यास गराउँदै जानुपर्दछ । यसका लागि आफ्नो समुदायमा रहेका शारीरिक तथा मानसिक रूपमा अपाङ्गहरूलाई सहयोग गर्ने, उनीहरूलाई सक्ने काम गर्न अवसर दिने, वृद्धवृद्धा तथा टुहुराटुहुरी आदिलाई पनि सहयोग गर्ने बानीको विकास गराउनुपर्दछ । जातीय वा अन्य आधारमा छुवाछुतको प्रचलन रहेको छ भने सबै मानिस समान हुन भन्ने भावना विकास गराई त्यस्तो काम आफूले पनि नगर्न र अरूलाई पनि नगर्ने बनाउन बालबालिकाहरूलाई उत्प्रेरित गर्नुपर्दछ । समाजमा रहेका कुरीतिहरू जस्तैः भुतप्रेत, कुनै जीवजन्तुले बाटो काट्ता अपशकुन, विरामी हुँदा धामीझाँक्रीको मात्र भर पर्ने जस्ता कुराको सट्टा सत्यतथ्य कुराको आधारमा मात्र विश्वास गर्ने बानीको विकास गराउँदै लैजानुपर्दछ ।

## शैक्षिक सामग्री

समुदायमा भएका सामाजिक समस्याहरू पत्ता लगाउन र टिपोट गर्नका लागि तालिकाको ढाँचा, समाजमा रहेका विभिन्न प्रकारका अन्धविश्वाससँग सम्बन्धित कुराहरूको सूची, विभिन्न घटना अध्ययन आदि ।

**सिकाइ क्रियाकलाप र मूल्याङ्कन**

बालबालिकाहरूलाई परिवार, छिमेक तथा समुदायमा रहेका सामाजिक समस्या तथा विकृतिहरू आफूले भोगेको र देखेको तथा अन्य व्यक्तिहरूसँग सोधखोज गरेर लेखेर ल्याउन भन्नुहोस् । तालिकाको नमुना यस्तो हुन सक्छ ।

| केके सामाजिक समस्याहरू रहेका छन् | कसरी पत्ता लगायौ | समाधान गर्न के गर्नुपर्ला |
| --- | --- | --- |
| १. मानिस बिरामी हुँदा स्वास्थ्य चौकी वा अस्पताल नलैजाने | गाउँकी काकी बिरामी हुँदा धामी मात्र लगाएकाले उनको अकालमा मृत्यु भएको आफैँले देखेको | गाउँका सबैलाई सम्झाएर मानिस बिरामी हुँदा जचाउन अस्पताल वा स्वास्य केन्द्रमा लैजानुपर्छ । |

बालबालिकाहरूले जिम्मा दिएअनुसारको काम गरे गरेनन् भन्ने कुरा पत्ता लगाउन सँगसँगै मूल्याङ्कन पनि गर्दै जाने र त्यसको अभिलेख पनि राख्दै जानुपर्छ । यसका लागि रुजुसूची, घटनावृत्त अभिलेख आदि बनाउन सकिन्छ । जस्तै :

| दिइएको कामको विवरण | दिइएअनुसार सबै काम पूरा गर्नेको सङ्ख्या | दिइएको काममध्ये केही मात्र गर्नेको सङ्ख्या | दिइएको काम गर्दै नगर्नेको सङ्ख्या | नगर्नुका कारण |
| --- | --- | --- | --- | --- |
| समुदायमा भएका अपाङ्गहरूको विवरण | १० जना | ७ जना | ५ जना | घरमा अन्य काम गर्नु परेकाले |

दिइएको काम कसले कति गऱ्यो भन्ने कुरा पत्ता लगाइसकेपछि आंशिक मात्र गर्ने र गर्दै नगर्नेलाई उनीहरूको अवस्था, बाध्यता आदि समेत विचार गरी आवश्यक थप सहयोग गर्दै जानुपर्छ । जस्तै : अन्य विद्यार्थीसँग सोध्न लगाउने, समूहमा मिलेर काम बाँडेर गर्ने र एक अर्काबीच आदानप्रदान गराउने आदि । सबै काम पूरा गर्ने विद्यार्थीहरूलाई पनि आफ्नो अनुभव सुनाउन लगाउने र अरूलाई सहयोग गर्न लगाउने, उनीहरूलाई पनि थप काम दिने गर्नुपर्दछ ।

अन्धविश्वास र सामाजिक विकृति, समस्या समुदायमा रहेका र रहन सक्ने कुराको सूची बनाउनुहोस् । बालबालिकाहरूलाई उक्त सूची सार्न लगाउनुहोस् । उनीहरूको घरपरिवार, छिमेकी, समुदायमा रहेका अन्धविश्वास र सामाजिक विकृतिहरू पहिचान गर्न लगाउनुहोस् ।

स्थानीय समुदायमा अन्धविश्वासका कारणले वा सामाजिक भेदभावका कारणले घटेका घटनाहरू बालबालिकाहरूलाई सुनाउन लगाई त्यसबाट व्यक्ति वा समाजमा परेको असरसमेत बताइदिनुहोस् ।

बालबालिकाहरूलाई पनि उनीहरूले देखेको वा सुनेको आधारमा कुनै घटना भन्न वा लेख्न लगाउनु सक्नुहुन्छ ।

कक्षाकोठाभित्र र कक्षाकोठाबाहिर गराएको क्रियाकलापपछि बालबालिकाहरूको व्यवहारमा परिवर्तन आयो आएन भन्ने कुरा लेखाजोखा गर्न अवलोकन फाराम बनाएर अभिलेख राख्न सक्नुहुन्छ । जस्तै :

**विद्यार्थीको नाम :**

| **क्रं.सं.** | **विद्यार्थीले गर्ने व्यवहार** | **गर्छ** | **गर्दैन** |
|---|---|---|---|
| १. | छुवाछुतको व्यवहार | | |
| २. | अपाङ्गलाई सहयोग | | |
| ३. | बूढाबूढीलाई सहयोग | | |
| ४. | असहाय (रोगी, टुहुरा आदि)लाई सहयोग | | |
| ५. | बिरामी हुँदा जचाउने काम | | |
| ६. | भुतप्रेतप्रति विश्वास | | |
| ७. | गरिबलाई हेप्ने | | |

विद्यार्थीको व्यवहारमा आएको परिवर्तनको आधारमा थप पृष्ठपोषण दिनुपर्ने भए उपयुक्त पृष्ठपोषण पनि दिँदै जानुपर्दछ ।

एकाइ : ४

# नागरिक चेतना

**उद्देश्य**

(क) परिचित तथा अपरिचित व्यक्तिहरूसँग सहयोगको आदानप्रदान गर्न ।

(ख) आफ्नो नाता नपर्ने व्यक्तिहरूलाई पनि औपचारिक नाता लगाएर नम्र भाषामा बोल्ने बानी बसाल्न ।

(ग) अन्य व्यक्तिहरूसँग सही सूचना लिन र आफूले पनि सही सूचना दिन ।

(घ) प्राकृतिक सम्पदाको संरक्षण गर्ने बानी बसाल्न ।

(ङ) सार्वजनिक स्थलहरूमा सूचना, सङ्केत, पम्प्लेट, पोस्टर, ट्राफिक सङ्केत पढ्न, ट्राफिक नियम पालना गर्न र अरूलाई पनि सहयोग गर्न ।

(च) सामाजिक नियमहरू पालना गर्ने बानी बसाल्न ।

(छ) आफू बसेको वडाको बनोट र काम बताउन ।

**मुख्य विषयवस्तु**

यस उमेरका बालबालिकाहरूको सम्पर्कमा विभिन्न व्यक्तिहरू रहन्छन् । आफ्नो अभिभावक, शिक्षक, अन्य नाता पर्ने व्यक्तिहरू, घरमा आएका चिनेका र नचिनेका व्यक्तिहरू, विद्यालय जाँदा आउँदा बाटोमा चिनेका र नचिनेका व्यक्तिहरू आदि बालबालिकाको सम्पर्कमा हुन्छन् । त्यस्ता चिनेका वा नचिनेका व्यक्तिहरूसँग कस्तो व्यवहार गर्ने, कसरी सम्बोधन गर्ने, त्यस्ता व्यक्तिहरूसँग आवश्यक सहयोग कसरी लिने र उनीहरूलाई पनि कसरी सहयोग गर्ने जस्ता कुराहरू सिकाउनुपर्दछ । नचिनेका मानिसहरूसँग बोल्दा उमेरअनुसार साइनो लगाएर बोल्ने जस्ता कुराहरू सिकाउनुपर्दछ । जस्तै : नचिनेका मानिसहरूसँग बोल्दा उमेरअनुसारको काका, (अङ्कल) काकी, (आन्टी) दाइ, दिदी, बुबा, आमा, हजुरबा, हजुरआमा आदि साइनो लगाएर बोल्ने बानीको विकास गर्ने, नचिनेका व्यक्तिहरूले दिएका खानेकुरा नबुझी नखाने, उनीहरूले ललाइफकाइ लान खोजेमा नजाने र त्यसको जानकारी अभिभावक वा शिक्षकलाई दिन लगाउने, भिडमा आफू हराएमा विश्वासिलो व्यक्तिसँग मात्र सहयोग लिने, अन्य व्यक्ति पनि अप्ठ्यारोमा परेको भए सहयोग गर्ने जस्ता बानीको विकास गराउनुपर्दछ ।

आफू बसेको ठाउँ वरिपरि रहेको प्राकृतिक सम्पदाहरू जस्तै: बिरुवा नकाट्ने, नभाँच्ने चराचुरुङ्गीहरू नमार्ने, वन्यजन्तुहरूलाई नजिस्काउने, खोला, नदी, कुलो, धारा, पँधेरा आदिमा फोहोर नफाल्ने, खाली जग्गामा बिरुवा रोप्ने जस्ता बानीको पनि विकास गराउँदै जानुपर्छ । समाजमा चलिआएका विभिन्न सामाजिक नियमहरू पालना गर्ने बानी बसाल्ने, भिडभाड हुने ठाउँ मन्दिर, सार्वजनिक कुवा वा धारा आदिमा लाइनमा बस्ने, अशक्तहरूलाई त्यस्ता ठाउँहरूमा अगाडि पठाउने, सहरी क्षेत्रहरूमा ट्राफिक नियमको पालना गर्ने  बानीको विकास गराउँदै लैजानुपर्छ । त्यसै गरी आफू रहेको वडा नं. वडाको सिमाना, वडामा भएका मुख्यमुख्य ठाउँ र वस्तुहरू, वडामा भएका विकास कार्यहरूको पनि जानकारी लिने, वडाका अध्यक्ष र सदस्यहरू कोको रहेका छन् भनेर चिन्ने, उनीहरूले गर्ने कामको जानकारी दिने कामसमेत गराउनुपर्दछ ।

**शैक्षिक सामग्री**

- विभिन्न व्यक्तिहरूलाई सम्बोधन गर्दा प्रयोग गरिने शब्दावलीहरूको सूची, असल कामहरूको विवरण, स्थानीय ठाउँमा भएका प्राकृतिक सम्पदाहरूको सूची र संरक्षण गर्ने तरिकाहरूको तालिका, ट्राफिक सङ्केतहरूको चित्र, ट्राफिक नियमहरूको सूची, स्थानीय वडाको नक्सा, वडाका पदाधिकारीहरूको सूची, मूल्याङ्कनको अभिलेख राख्ने विभिन्न फारामहरू आदि ।

**सिकाइ क्रियाकलाप र मूल्याङ्कन**

(क) बालबालिकाहरूलाई चिनेको र नचिनेका मानिससँग कसरी बोल्ने गरेको छ भनेर सोधी उनीहरूले भनेको उत्तर टिप्दै जानुहोस् ।

| चिनेको मानिससँगको व्यवहार | नचिनेको मानिससँगको व्यवहार |
|---|---|
| - उमेर र साइनो अनुसार आदर सत्कार गर्ने | - आवश्यक भएमा मात्र बोलाउने |

(ख) परिचित तथा अपरिचित व्यक्तिहरूसँग बोल्दा प्रयोग गरिने शब्द तथा शब्दावलीहरूको अभ्यास गराउनुहोस् । त्यस्ता शब्दालीहरू प्रयोग गरी बोल्ने अभ्यास गराउन भूमिका अभिनय गराउन सक्नुहुन्छ । अभिनय गराउँदा पाठ्यपुस्तकको पाठमा दिइएका पात्रहरू तथा अन्य पात्रहरू सिर्जना गरी अभिनय गराउन सकिन्छ ।

(ग) विद्यालय आएको विद्यार्थीहरूले नचिनेका मानिसहरू विद्यालय निरीक्षक वा अभिभावकहरूसँग भेट्टाइदिनुहोस् । उनीहरूले देखाएको व्यवहार अप्रत्यक्ष रूपमा अवलोकन गर्नुहोस् । कसले कस्तो व्यवहार देखाए त्यसको अभिलेखसमेत राख्न सक्नुहुन्छ ।

(घ) स्थानीय ठाउँमा पाइने बिरुवा, वन्यजन्तु, नदी, खोला आदिको नाम लेख्न लगाउनुहोस् । सबैले सही लेखेको सूचीसँग तपाईंले बनाएको सूची तुलना गर्न लगाई नमिलेको भए थपघट गर्न भन्नुहोस् । दिइएअनुसार सबै मिल्यो मिलेन भनेर जान्न विद्यार्थीहरूबीच लेखिएको कापी साटासाट गरेर हेर्न लगाउन सक्नुहुन्छ । यसबाट विद्यार्थीहरूमा आफ्नो मूल्याङ्कन आफैँ गर्न सक्ने, साथीको मूल्याङ्कन आफूले र आफ्नो मूल्याङ्कन साथीले गर्न सक्ने कुराको समेत जानकारी हुन्छ ।

(ङ) प्राकृतिक सम्पदाहरूको संरक्षणमा सहभागी हुन्छन् हुँदैनन् वा प्राकृतिक सम्पदाको संरक्षणसम्बन्धी उनीहरूको धारणा के छ भन्ने मूल्याङ्कन गर्न यस्तो साधन प्रयोग गर्न सक्नुहुन्छ ।

| विद्यार्थीको नाम | विद्यालयवरिपरि रहेको बोटबिरुवा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भाँच्छ | भाँच्दैन | स्याहार गर्छ | टिप्छ | टिप्दैन | गोडमेल गर्छ | फोहोर फाल्दैन | फोहोर गर्दैन | सफा गर्छ |
| | | | | | | | | | |

(आफूलाई सजिलो लाग्ने अन्य प्रकारको फाराम वा अन्य साधन पनि बनाएर अभिलेख राख्न सक्नुहुन्छ र फारममा लैङ्गिक दृष्टिकोण (Gender Perspective) बाट पनि मिलाउनुपर्छ (जस्तैः 'भाँच्छ' को सट्टा 'भाँच्छे' र 'भाँच्दैन' को सट्टा 'भाँच्दिन' आदि)

स्थानीय वडाको नक्सा आफैँले ठूलो कागजमा बनाएर सबैले देख्ने ठाउँमा टाँस्नुहोस् ।

बालबालिकाहरूलाई आफू बसेको वडाको बारेमा केके थाहा छ, तलका शीर्षकहरू दिई लेख्न लगाउनुहोस् :

वडा नं.

वडाको पूर्व, पश्चिम, उत्तर र दक्षिणको सिमाना :

वडामा रहेका प्रमुख वस्तु वा ठाउँ :

वडामा भएका विकास कार्यहरू :

वडा अध्यक्षको नाम :

सदस्यहरूको नाम :

बालबालिकाहरूलाई लेखिएको कापी साटासाट गर्न लगाउनुहोस् । पहिलेका शीर्षकहरूमा तपाईंले लेख्दै जानुहोस् । विद्यार्थीहरूलाई साथीको कापीमा लेखिएको तथ्य ठीक भए (√) र नमिले (×) चिह्न लगाउँदै जान भन्नुहोस् । यसबाट विद्यार्थीहरूबाटै पनि मूल्याङ्कन गर्ने सीपको विकास हुन्छ भने विद्यार्थीले गल्तीलाई सच्याउने मौका पनि प्राप्त गर्न सक्छन् ।

एकाइ : ५

# हाम्रो पृथ्वी

**उद्देश्य**

(क) आफू रहेको ठाउँको भौगोलिक स्वरूप (हिमाल, पहाड, तराई, हावापानी) र सामाजिक रहनसहन बताउन ।

(ख) भौगोलिक स्वरूपअनुसारका मानिसहरूको पेसा व्यवसाय बताउन ।

(ग) हावापानीअनुसार आफूलाई समायोजन गर्ने बानी बसाल्न ।

(घ) आफू बसोबास गर्ने ठाउँको प्रमुख स्थान र वस्तुहरूको पहिचान गरी कुन कहाँ छ भनेर पत्ता लगाउन ।

(ङ) आफू बसेको ठाउँको सामान्य नक्साङ्कन गर्न र प्रमुख स्थान र वस्तुहरू सङ्केत गर्न ।

**मुख्य विषयवस्तु**

बालबालिकाहरूले आफू रहेको ठाउँको भौगोलिक अवस्था हिमाल, पहाड, तराई उपत्यका, चुरे, भित्री मधेश के हो भन्ने कुराको जानकारी पाउनुपर्दछ । त्यहाँ गर्मी हुन्छ कि जाडो हुन्छ, कुनकुन समयमा गर्मी हुन्छ, कुनकुन समयमा जाडो हुन्छ, गर्मी वा जाडो हुनाको कारण के हो आदि जस्ता तथ्यहरूसँग परिचित गराउनुपर्दछ । त्यसै गरी आफू बसेको ठाउँ गाउँ हो वा सहर हो, वरिपरि अन्य कुनकुन ठाउँ रहेका छन् जस्ता कुराको समेत जानकारी गराउनुपर्दछ । भौगोलिक स्वरूपअनुसारका वनस्पति, जीवजन्तु, खेतीपाती केके छन्, त्यहाँका बासिन्दाहरूको पेसा व्यवसाय, सामाजिक रहनसहन आदिको समेत जानकारी लिने वातावरण तयार गरिनुपर्दछ । आफू बसेको ठाउँ र त्यस वरपरको परिवेश, त्यहाँ रहेका प्रमुख स्थान तथा वस्तुहरू, जङ्गल, विद्यालय, ताल, पोखरी, बाटो, बस्ती, मन्दिर, अस्पताल, खेल मैदान कहाँकहाँ रहेका छन् पहिचान गर्न सक्नुपर्दछ । आफू रहेको स्थानको भौगोलिक स्वरूपको नक्साङ्कन गर्ने अभ्यास गराउनको साथै महत्त्वपूर्ण वस्तु र स्थानहरू सङ्केतको प्रयोग गरी नक्सामा भर्ने अभ्याससमेत गराउनुपर्दछ ।

**शैक्षिक सामग्री**

नेपालको नक्सा, जिल्ला, गाविस/नगरपालिका, वडा आदिको नक्सा, स्थानीय ठाउँको विभिन्न भौगोलिक तथ्यहरू भरिएका नक्सा, स्थानीय ठाउँमा बसोबास गर्ने जाति, धर्म,चाडपर्व, पेसा, व्यवसाय आदिको सूची, निरन्तर मूल्याङ्कन गर्ने साधन र विभिन्न प्रकारका अभिलेख फारामहरू आदि ।

**सिकाइ क्रियाकलाप र मूल्याङ्कन**

(क) बालबालिकाहरूलाई आफू रहेको स्थानको बारेमा सोधखोज गरी भौगोलिक तथ्यहरू लेख्न लगाउनुहोस् :

| **भौगोलिक अवस्था (हिमाल, पहाड, तराई, उपत्यका)** | **हावापानी** | **प्रमुख वनस्पतिहरू** | **जीवजन्तुहरू** | **प्रमुख खेतीबाली** | **जातजाति** | **धर्म** |
|---|---|---|---|---|---|---|
| हिमाल | जाडो | धुपी, लालीगुँरास देवदार | हिउँ भालु, कस्तूरी, डाँफे | आलु, गहुँ कोदो, फापर | शेर्पा, थकाली, गुरुङ, भोटे | बौद्ध |

बालबालिकाहरूले लेखेर ल्याएका तथ्यहरू प्रस्तुत गर्न लगाउनुहोस् । नमिलेको भए तत्काल सुधार गरिदिनुहोस् ।

(ख) बालबालिकाहरूलाई आफ्नो स्थानको भौगोलिक तथ्यहरूको बारेमा अझ प्रस्ट पार्न विभिन्न ठाउँको तथ्यहरू मिसाएर दिने र आफ्नो स्थानसँग मिल्ने तथ्यहरूमा चिह्न लगाउने कार्य गराउन सक्नुहुन्छ । जस्तै :

- यो हिमाल/ पहाड/ उपत्यका/ भित्री मधेश/ तराई हो ।
- यहाँ ग्रीष्ममा धेरै गर्मी/केही गर्मी/जाडो हुन्छ ।
- यहाँ सिसा/ साल/ चिलाउने/ सल्ला/ धुपी पाइन्छ ।
- यहाँ बकुल्ला/ कालिज/ जुरेली/ ढुकुर/ डाँफे पाइन्छ ।
- यहाँ बाघ/ मृग,हात्ती/ चितुवा/ लोखर्के/ भालु/ कस्तूरी पाइन्छ ।
- यहाँ शेर्पा/ मगर/ राई /लिम्बू/ बाहुन/ छेत्री/ मुसहर/ यादव/ गुरुङ जातका मानिसहरू बसोबास गर्छन् ।
- यहाँका मानिसहरूले बौद्ध/ हिन्दु/ किरात/इस्लाम/ क्रिस्चियन धर्म मान्छन् ।
- यहाँका मानिसहरू खेती/व्यापार/ जागिर/ उद्योग गर्छन् ।
- म बसेको ठाउँ गाउँ /सहर हो ।

(ग) बालबालिका उपयुक्त चिह्न लगाए लगाएनन् भन्ने कुराको जाँच गर्न तपाईंले आफूले बनाएको सूचीमा चिह्न लगाउँदै जानुहोस् र विद्यार्थीहरूलाई आफूले पहिला चिह्न लगाएको हेर्न लगाउने र नमिलेकोमा सच्याउने गराउन सक्नुहुन्छ ।

(घ) कक्षा १ र २ मा सबैले नक्साको धारणा प्रस्ट भइनसकेको हुन सक्छ । यसका लागि स्थानीय ठाउँको नक्सा कोरी त्यहाँ रहेका प्रमुख वस्तुहरू समेत देखाएर विद्यार्थीहरूलाई त्यसको अध्ययन गर्न लगाउन सक्नुहुन्छ । नक्सा भनेको कुनै ठाउँलाई कागजमा उतार्ने काम हो भन्ने कुरा प्रस्ट पारिदिनुपर्ने हुन्छ ।

(ङ) बालबालिकाहरूलाई आफ्नो गाउँ सहरमा रहेका प्रमुख स्थान, वस्तु, खोला, नदी, पोखरी, ताल, मन्दिर, चौतारो, बाटो, विद्यालय, प्रहरी चौकी, स्वास्थ्य चौकी, खेल मैदान आदिको सूची बनाउन लगाउनुहोस् ।

(च) उनीहरूले टिपोट गरेका स्थान तथा वस्तुहरूको नक्सामा देखाउन प्रयोग गरिने सङ्केतहरू बनाउन अभ्यास गराउनुहोस् । जस्तै :

| **स्थान तथा वस्तु** | **सङ्केत** |
|---|---|
| नदी, खोला | |
| मन्दिर | |
| गुम्बा | |
| चौतारो | |
| बाटो | |
| विद्यालय | |
| घर | |

| | |
|---|---|
| बसपार्क | |
| अस्पताल, स्वास्थ्य केन्द्र | |
| खेल मैदान | |
| प्रहरी चौकी | |

(छ) सबैले एकै पटक र उस्तै गरी सङ्केत बनाउने अभ्यास नसिक्न सक्छन् । यसका लागि निरन्तर अभ्यास गराउँदै जाने, नजान्नेलाई जान्नेको हेरेर सिक्न लगाउने, आफूले पनि थप सहयोग गर्दै जाने गर्नुपर्दछ ।

(ज) स्थानीय ठाउँको नक्सा पहिले आफूले बनाएर देखाउनुहोस् र विद्यार्थीहरूलाई बनाउने अभ्यास गराउनुहोस् । विद्यार्थीहरूले एकै पटकमा सोचेअनुसारका नक्सा बनाउन सक्दैनन् । यसका लागि सुरुमा जस्तो बनाए पनि यो भएन भनेर निरुत्साहित गर्नुहुँदैन । तिमीले बनाएको ठीकै छ तर यहाँ केही नमिलेकाले मिलाउनुपर्छ । साथीको हेरेर मिलाउन सक्छौ, यस्तै निरन्तर अभ्यास गर्‍यौ भने राम्रो हुन्छ भनी प्रोत्साहन गर्दै जानुपर्छ ।

(झ) विद्यार्थीहरूले नक्सा बनाउने अभ्यास गरिसकेपछि उक्त नक्सामा पूर्व, पश्चिम, उत्तर, दक्षिणमा पर्ने ठाउँहरू लेख्न लगाउनुहोस् र नक्साभित्र सङ्केतको प्रयोग गरी महत्त्वपूर्ण वस्तु तथा स्थान भर्न लगाउनुहोस् ।

(ञ) नक्सा कार्यमा कसको सिकाइ अवस्था कस्तो छ भन्ने कुराको अभिलेख राख्न तल दिएको फाराम बनाई प्रयोग गर्न सक्नुहुन्छ ।

| **विद्यार्थीको नाम** | **नक्सा बनाएको पटक** | | | | | | **नक्सा कस्तो लाग्यो** | | | | | **नक्सा कसरी बनायो** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ५ भन्दा बढी | धेरै राम्रो | राम्रो | ठिकै | सामान्य | धेरै नराम्रो | आफैँ | शिक्षक को हेरेर | साथी को हेरेर |
| | | | | | | | | | | | | | | |

*(तपाईंले सजिलो लाग्ने अन्य प्रकारको फाराम पनि बनाउन सक्नुहुन्छ ।)*

एकाइ : ६

## हाम्रो विगत

**उद्देश्य**

(क) आफ्ना छिमेकीको विगतका बारेमा सोधखोज गरी पत्ता लगाउन ।

(ख) छिमेकीको वेशभूषा र चाडपर्वका बारेमा सोधखोज गरी पत्ता लगाउन ।

(ग) छिमेकीले पहिले र अहिले गर्ने पेसा व्यवसायको र रहनसहनको बारेमा तुलना गर्न ।

(घ) हाम्रो देशका वीरवीरङ्गनाहरू र उनीहरूले देशलाई पुऱ्याएको योगदान खोजी गर्न ।

**मुख्य विषयवस्तु**

बालबालिकाहरूले आफ्नो परिवारको विगतको बारेमा जानकारी लिइसकेपछि बिस्तारै नजिकै बसोबास गर्ने छिमेकीहरूका बितेका कुराहरूको खोजी गर्ने बानीको विकास गराउनुपर्दछ । छिमेकीहरू पहिला कहाँ बस्थे, कहिलेदेखि यहाँ बस्न थालेका हुन्, उनीहरूको पहिलेको खाना, वेशभूषा, रहनसहन, चाडपर्वमा केही परिवर्तन भएका छन् कि पहिलेको जस्तै छ भन्ने कुराको खोजी गर्ने बानीको विकास गराउँदै जानुपर्दछ । त्यसै गरी छिमेकीले पहिले गर्ने काम र अहिले गर्ने काममा केके भिन्नताहरू आएका छन् । जस्ता कुरा पनि सोधखोज गरी पत्ता लगाउने, टिपोट गर्ने र कक्षामा प्रस्तुत गर्ने गर्नुपर्दछ ।

हाम्रो देशमा पहिले देशको भलाइ हुने विभिन्न काम गर्ने वीरवीरङ्गनाहरूको खोजी गर्ने, उनीहरूले देशका लागि पुऱ्याएका योगदान पत्ता लगाउने कार्य गराउनुपर्दछ । विगतमा देशका लागि योगदान पुऱ्याउने अमरसिंह थापा, बलभद्र कुँवर, भक्ति थापा, राजेन्द्रलक्ष्मी जस्ता व्यक्तित्वहरूले गरेका कामसँग परिचित गराउनुपर्दछ ।

**शैक्षिक सामग्री**

- स्थानीय ठाउँमा पाइने विभिन्न ऐतिहासिक वस्तुहरू (गरगहना, लुगाकपडा, मुद्रा, बाजागाजा, भाँडाकुँडा आदि) ऐतिहासिक स्थल र व्यक्तित्व, ऐतिहासिक वस्तु आदिको तस्बिर तथा सूची, मूल्याङ्कन फाराम आदि ।

**सिकाइ क्रियाकलाप र मूल्याङ्कन**

(क) बालबालिकाहरूलाई आफ्नो घरनजिकै रहेको कुनै एकजना छिमेकीसँग सोधेर निम्नलिखित तथ्यहरू पत्ता लगाउन ल्याउन भन्नुहोस्:

| के कुरा | पहिले कहाँ/कस्तो/ के थियो | अहिले कहाँ/कस्तो/के छ |
|---|---|---|
| १. बसोबास गर्ने ठाउँ | | |
| २. खानेकुरा | | |
| ३. लुगाकपडा | | |
| ४. घर | | |
| ५. चाडपर्व | | |
| ६. पेसा, व्यवसाय | | |
| ७. गरगहना | | |

(ख) सँगै पढ्ने कुनै एकजना साथीको पहिले र अहिलेको बारेमा पनि माथिको जस्तै तालिका बनाई लेखाउन सक्नुहुन्छ ।

(ग) बालबालिकाहरूले दिइएको सामुदायिक कार्य तथा क्रियाकलाप गरेको नगरेको हेर्नुपर्दछ । गरेको भए मिल्ने गरी गरेको छ वा मिलेको छैन हेर्न र गरेको छैन भने किन गरेन भन्ने कारणसमेत खोजी गरी गर्नका लागि आवश्यक थप सहयोग गर्नुपर्दछ । दिइएको कार्य कसले कसरी गरेको छ भन्ने कुरा मूल्याङ्कन गरी अभिलेख राख्न यस्तो फाराम प्रयोग गर्न सक्नुहुन्छ ।

विद्यार्थीको नाम :

| **कामको विवरण** | **सधैँ गर्छ (५)** | **धेरै जसो गर्छ (४)** | **कहिलेकाहीँ मात्र गर्छ(३)** | **धेरैजसो गर्दैन (२)** | **गर्दै गर्दैन (१)** | **कारण** |
|---|---|---|---|---|---|---|
| कक्षाकार्य | | | | | | |
| गृहकार्य | | | | | | |
| सामुदायिक कार्य | | | | | | |

(घ) स्थानीय समुदायमा भएका ऐतिहासिक वस्तुहरू र स्थलहरूको अवलोकन गराउने, ती ऐतिहासिक स्थल तथा वस्तुहरूको अवस्था कस्तो छ, त्यसको संरक्षणका लागि कसले के काम गर्नुपर्दछ । यस्ता कुरामा पनि बालबालिकाहरूको विचार मन्थन गराउन तथा त्यस्ता काममा सकेको सहयोग गर्ने बानीको विकास गराउनुपर्दछ ।

(ङ) समुदायमा पहिले र पहिले सामजको भलाइका लागि राम्रा काम गर्ने व्यक्तिहरू पत्ता लगाउने, उनीहरूको तस्बिर सङ्कलन गर्ने, उनीहरूले समाजलाई गरेको योगदानको टिपोट गर्ने जस्ता क्रियाकलाप पनि गराउनुपर्दछ ।

(च) हाम्रो देशका लागि राम्रो काम गर्ने व्यक्तिहरू र उनीहरूले गरेको काम, उनीहरूबाट हामीले सिक्नुपर्ने कुराको तालिका बनाई लेख्न लगाउन सक्नुहुन्छ । जस्तै :

| **ऐतिहासिक व्यक्तित्वको नाम** | **देशका लागि गरेको योगदान** | **हामीले सिक्नुपर्ने कुरा** |
|---|---|---|
| भक्ति थापा | • ७० वर्षको उमेरमा समेत अङ्ग्रेजीहरूसँग लडेर देश बचाए । | • लोभ लालचामा पर्नुहुँदैन ।<br>• देशको माया गर्नुपर्छ । |
| राजेन्द्रलक्ष्मी | • नेपालको एकीकरणमा योगदान । | • महिलाले पनि ठूला काम गर्न सक्छन् ।<br>• देशको रक्षा गर्नुपर्छ । |

(छ) स्थानीय समुदायमा पनि भक्ति थापा, अमरसिंह थापा, राजेन्द्रलक्ष्मी, बलभद्र कुँवर आदि जस्ता व्यक्तित्वहरू हुन सक्छन् तर उनीहरू विभिन्न कारणले ओझेलमा परेका हुन सक्छन् । त्यस्ता कुनै क्षेत्रमा विशिष्ट योगदान दिने, व्यक्तित्वहरूको सम्झना गर्ने, योगदानको कदर गर्ने कार्यक्रम गरेर बालबालिकाहरूलाई सहभागी गराउन सक्नुहुन्छ ।

(ज) बालबालिकाहरूले कक्षामा, घरमा समुदायमा गरेका हरेक क्रियाकलापको मूल्याङ्कन गर्ने, अभिलेख राख्ने र सुधार गर्दै लैजाने गर्नुपर्दछ । यसले गर्दा विद्यार्थीहरूको सिकाइउपलब्धि पत्ता लाग्ने र वर्षको अन्त्यमा उदार कक्षोन्नति गर्न सघाउ पुग्ने हुन्छ ।

**एकाइ : ७**

## हाम्रो आर्थिक क्रियाकलाप

**उद्देश्य**

(क) सबै प्रकारका काम तथा पेसाको महत्त्व बताउन ।

(ख) मितव्ययी हुने बानी बसाल्न ।

(ग) आफ्नो गाउँ वा सहरमा बनेका सामानहरू प्रयोग गर्दा हुने फाइदा बताउन ।

(घ) आफ्नो गाउँ वा सहरमा बनेका सामानहरू प्रयोग गर्ने बानी बसाल्न ।

**मुख्य विषयवस्तु**

स्थानीय परिवेश, व्यक्तिको योगदान, क्षमता आदिको आधारमा समुदायमा फरकफरक काम तथा पेसा व्यवसाय गर्ने मानिसहरू रहेका हुन्छन् । जस्तै : कोही खेती गर्छन्, कसैले पशुपालन गरेका हुन्छन्, कोही उद्योगमा काम गर्छन, कोही व्यापार गर्छन्, त्यसै गरी पढाउने, कार्यालयमा काम गर्ने, होटल व्यवसाय गर्ने, डकर्मी तथा सिकर्मीको काम गर्ने आदि काममा संलग्न हुन्छन् । बालबालिकाहरूलाई सानै उमेरदेखि समुदायमा गरिने कामको आ-आफ्नो ठाउँमा उत्तिकै महत्त्व हुने कुरा सिकाउनुपर्दछ । बालबालिकाहरूले दैनिक प्रयोगमा ल्याउने सामानहरूको जतन गर्ने रुपियाँ पैसा खर्च गर्दा अनावश्यक रूपमा खर्च नगर्ने, सानैदेखि मितव्ययी हुने बानीको विकास गर्ने जस्ता सीप सिकाउनुपर्दछ ।

बालबालिकाहरूलाई बाहिर उत्पादन भएका सामानभन्दा स्थानीय गाउँघर वा सहरमा उत्पादन भएका सामानहरू प्रयोग गर्ने बानीको विकास गराउँदै जानुपर्दछ । स्थानीय उद्योगधन्दा फस्टाउँदै गयो भने रोजगारको अवसर सिर्जना हुन्छ र परिवार तथा समुदाय आत्मनिर्भर हुँदै जान्छ । आफू आत्मनिर्भर भएमा अरूको मुख ताक्नुपर्दैन । बालबालिकाहरूलाई सानै उमेरदेखि स्थानीय उत्पादन भएका वस्तुहरूको महत्त्व बुझाउने र त्यसको प्रयोग गर्ने बानीको विकास गराउनुपर्दछ ।

**शैक्षिक सामग्री**

- स्थानीय ठाउँमा गरिने कामहरूको सूची तथा तस्बिर वा चित्रहरू, मितव्ययी हुने फाइदाहरूको सूची, स्थानीय गाउँ वा सहरमा बनेका सामानहरूको नमुना चित्र, सूची आदि ।

**सिकाइ क्रियाकलाप र मूल्याङ्कन**

(क) बालबालिकाहरूलाई स्थानीय समुदायमा मानिसहरूले गर्ने काम सबैलाई पालैसँग भन्न लगाउनुहोस् । उनीहरूले भनेका कामहरू टिप्दै जानुहोस् । छुटेको भए अन्त्यमा आफैँले थप गरिदिन सक्नुहुन्छ ।

(ख) स्थानीय समुदायमा मानिसहरूले गर्ने कामको महत्त्व बुझाउन यस्तो क्रियाकलाप गराउन सक्नुहुन्छ ।

| को नभएमा | के हुन्छ |
|---|---|
| किसान | अन्न उत्पादन हुँदैन । |
| डकर्मी | घर बनाउन सकिँदैन । |
| | |
| | |

विद्यार्थीहरूले सही भने भनेनन् वा लेखे लेखेनन् भन्ने कुराको सँगसँगै लेखाजोखा गरी आवश्यक भएमा सुधारसमेत गर्दै जानुपर्दछ ।

(ग) बालबालिकाहरूलाई आफ्नो व्यक्तिगत सामान, विद्यालयका सामान र घरका सामानहरू जतन गर्न सिकाउने र त्यसअनुसार गर्न अभ्यास गराउनुपर्दछ ।

(घ) आफूलाई प्राप्त भएको रुपियाँ पैसा जथाभावी खर्च नगर्ने अति आवश्यक सामान मात्र किन्ने बानीको विकास गराउँदै नभई नहुने सामानको सूची बनाउन लगाउनुहोस् र त्यसमध्ये तिमीले यति रुपियाँ पायौ भने केके किन्छौ भनेर प्रश्नोत्तर गराउन सक्नुहुन्छ ।

(ङ) बालबालिकाहरू सिकाएअनुसार सामानको जतन गर्ने, मितव्ययी हुने भए भएनन् भन्ने कुराको मूल्याङ्कन गरी त्यसको अभिलेखसमेत राख्नुपर्ने हुन्छ । जस्तै :

**विद्यार्थीको नाम**

| **क्रियाकलापको विवरण** | **विद्यार्थीले देखाउने व्यवहार** | | | | |
|---|---|---|---|---|---|
| | सधैँ गर्छ | प्रायजसो गर्छ | कहिले काहीँ मात्र गर्छ | प्राय: गर्दैन | गर्दै गर्दैन |
| १. आफ्नो सामानको जतन | | | | | |
| २. साथीको समानको जतन | | | | | |
| ३. विद्यालयको समानको जतन | | | | | |
| ४. रुपियाँ पैसाको मितव्ययिता | | | | | |

*(पछिल्लो तीनओटा महलमा चिह्न लागेको छ भने त्यस्ता विद्यार्थीहरूमा सकरात्मक व्यवहारमा परिवर्तन नभएको भन्न सकिन्छ । उसमा किन परिवर्तन नआएको हो पत्ता लगाउन थप सहयोग गर्नुपर्दछ ।)*

(च) बालबालिकाहरूलाई स्थानीय ठाउँमा उत्पादन हुने सामानहरूको नाम लेख्न लगाउनुहोस् । प्रत्येकले केके लेखे प्रस्तुत गर्न लगाउनुहोस् र छुटेको भए थप गरिदिनुपर्दछ ।

.(छ) ती सामानहरूमध्ये बालबालिकाहरूको घर, व्यक्तिगत, विद्यालयमा कुनकुन सामान प्रयोगमा आएका छन्, प्रयोगमा आएका सामानहरूमा चिह्न लगाउन भन्नुहोस् ।

(ज) स्थानीय सामान प्रयोग गर्दा हुने फाइदाहरू बताइदिनुहोस् । जस्तै :

| **स्थानीय सामान /खानेकुरा** | **प्रयोग गर्दा हुने फाइदा** |
|---|---|
| सागसब्जी वा तरकारी | ताजा हुने हुँदा स्वास्थ्यलाई फाइदा गर्ने र स्थानीय मानिसहरूलाई तरकारी खेती गर्न प्रोत्साहन हुने । |
| घरमा प्रयोग गरिने औजारहरू हँसिया, कोदालो, खुकुरी, हलो, कुटो आदि | स्थानीय व्यक्तिले रोजगार पाउने र बाहिरको तुलनामा सस्तो पनि हुने |
| घरेलु लुगाकपडा | बलियो हुने, स्थानीय मानिसहरूले काम पाउने |
| फर्निचर (कुर्सी, टेबल, डेक्स, बेन्च, खाट पिर्का, दराज आदि) | सस्तो हुने र स्थानीय मनिसहरूले काम पाउने |
| खानेकुरा | ताजा हुँदा स्वास्थ्यलाई फाइदा हुने |

(झ) विद्यालयमा प्रयोगमा आउने सामानहरू पनि सकेसम्म स्थानीयस्तरमा उत्पादन हुने सामानहरू प्रयोगमा ल्याउने अभ्यास गर्नुपर्दछ । जस्तै : डेक्सबेन्च कुर्सी, टेबल स्थानीय ठाउँमा बन्दैनन् र महँगो पनि पर्छ भने त्यसको सट्टा सुकुल, गुन्द्री, पिर्का आदि प्रयोग गर्न सकिन्छ ।

(ञ) बालबालिकाहरूलाई पनि व्यक्तिगत सामान, घरमा प्रयोगमा ल्याउने सामान आदि स्थानीय रूपमा उत्पादन भएका प्रयोगमा ल्याउने गरेको छन् छैनन्, अवलोकन गर्ने, अभिलेख राख्ने र सुधार गर्ने गर्नुपर्दछ । अवलोकन फारामको नमुना यस्तो हुन सक्छ ।

| **सामान/ खानेकुरा** | **सबै स्थानीय उत्पादन (१००प्रतिशत)** | **धेरैजसो स्थानीय उत्पादन (७५ प्रतिशत भन्दा बढी)** | **आधा जसो स्थानीय उत्पादन (५० प्रतिशत)** | **आधाभन्दा कम (२५ प्रतिशत)** | **ज्यादै कम स्थानीय उत्पादन (२५ प्रतिशतभन्दा कम)** | **स्थानीय उत्पादन प्रयोग नै नगर्ने** |
|---|---|---|---|---|---|---|
| व्यक्तिगत सामान | | | | | | |
| विद्यालयमा व्यक्तिगत प्रयोग गर्ने सामग्री | | | | | | |
| विद्यालयको सामान/ खानेकुरा घरमा प्रयोग गर्ने सामान खानेकुरा | | | | | | |
| घरको सामान/ खानेकुरा | | | | | | |

*(अभिलेख राख्ने फारामको ढाँचा आफूलाई सजिलो हुने गरी अन्य ढाँचामा पनि बनाउन सक्नुहुन्छ ।) शिक्षक साथीहरू, यसमा दिइएका मूल्याङ्कन क्रियाकलाप नमुनाका लागि मात्रै हुन् । स्थानीय परिवेश र विद्यालयको अवस्था हेरी मूल्याङ्कनका सिर्जनात्मक र रचनात्मक क्रियाकलाप सिर्जना गरी मूल्याङ्कन गर्नुहोस् ।*

**कक्षा -४**

**एकाइ : १**

## आफू आफ्नो परिवार र छरछिमेक

**उद्देश्य**

(क) निकट छिमेकीहरूको नाम र सम्बन्ध बताउन ।

(ख) पेसागत व्यावसायिक सामग्रीहरूको प्रयोग गर्ने तरिका बताउन र तिनको सुरक्षा गर्न ।

(ग) छिमेकीहरूबीच एक आपसमा सहयोग आदानप्रदान गर्न ।

**मुख्य विषयवस्तु**

बालबालिकाहरूलाई आफ्ना छरछिमेकीहरूसँग राम्रो सम्बन्ध राख्नुपर्दछ । आफ्नो टोल छिमेकको नाम, छिमेकीहरूसँग नाता लगाएर सम्बोधन गर्ने बानीको विकास गराउनुपर्दछ । जस्तै : आमा, बुवा, दाजुभाइ दिदी, बहिनी बाजे, बज्यै काका, काकी आदि यसैगरी पेसागत, व्यावसायिक सामाजिक हलो, कुटो, कोदालो, डोको, नाम्लो, खुकुरी, ढक, तराजु लिएर आदि सामग्रीहरूको आवश्यकअनुसार प्रयोग र सुरक्षा गर्न सजग बनाउनुपर्दछ । बालिकाहरूलाई आफूलाई चाहिने छिमेकीहरूसँग भएका समानहरू जस्तैः खेलौना, कापी, कलम, पेसागत औजार कुचो, गुन्द्री, हँसिया आदानप्रदान गर्ने तौर तरिकाहरू सिकाउनुपर्दछ ।

**शैक्षिक सामग्री**

- छिमेकीहरूसँग नाता लगाएर सम्बोधन गर्ने चार्ट बुबा, आमा, काका, काकी,दाजु, दिदी आदि ।
- पेसागत सामग्रीहरूको चार्ट, सूची प्रयोग गर्ने तरिका र सुरक्षाका उपायहरू लेखेको चार्ट ।
- छिमेकीहरूबाट सहयोग लिन सक्ने सामाहरूको चार्ट ।

**सिकाइ क्रियाकलाप र मूल्याङ्कन**

विद्यार्थीहरूलाई गृहकार्यअन्तर्गत आफ्नो टोल छिमेकका कुनै १० जनाको नाम लेख्न लगाउनुहोस् । उक्त नामअनुसार आफूले सम्बोधन गर्नुपर्ने नाता सम्बन्ध निम्न तालिकाअनुसार तयार गर्न लगाउनुहोस्:

**विद्यार्थीको नाम**

| **क्र.सं.** | **छिमेकीको नाम** | **नाता सम्बन्ध** | **कैफियत** |
|---|---|---|---|
| १. | हरिबहादुर नेपाली | काका | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |

| | | | |
|---|---|---|---|
| ७. | | | |
| ८. | | | |
| ९. | | | |
| १०. | | | |

(ख) तपाईंले विद्यार्थीहरूलाई दिएको गृहकार्य वा परियोजना कार्य गरे नगरेको सम्बन्धमा प्रत्येक विद्यार्थीबाट जानकारी लिनुहोस् । यदि कुनै विद्यार्थीले नगरेको पाएमा नगर्नाका कारणहरू खोज्नुहोस् । कारणहरू पहिचान गरी विद्यार्थीहरूबाट उक्त कार्य गर्न आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् । आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ग) विद्यार्थीहरूलाई सामुदायिक कार्यको रूपमा परिवार र छरछिमेकमा प्रयोग हुने पेसागत सामग्रीहरूको सूची तयार गर्न लगाउने । उक्त सामग्रीहरू प्रयोग गर्ने तरिका सुरक्षा गर्ने उपायहरू समेटी निम्नानुसारको चार्ट तयार गर्न लगाउने । विद्यार्थीहरूलाई घर परिवारका सदस्यहरूलाई सोधेर लगाउने ।

| सामग्री | प्रयोग गर्ने तरिका | सुरक्षा गर्ने उपाय |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

(घ) विद्यार्थीहरूलाई आफ्नो छिमेकीहरूबीच एक आपसमा के कस्ता सहयोग आदानप्रदान गरेको छ ? घरमा अभिभावकसँग सोधेर वा आफैले सोधखोज गरी तयार गरेर ल्याउन कार्य दिने ।

१. आफूले गरेको सहयोग

२. अरूबाट लिएको सहयोग

- उपर्युक्तअनुसार विद्यार्थीले तयार गरेको चार्टको आधारमा उनीहरूले हालसम्म छिमेकीलाई गरेको सहयोगको बारेमा छलफल गर्नुहोस् ।
- विद्यार्थीले गर्ने अनुसारको सहयोग गरेका छन, छैनन् उनीहरूको अवलोकन गरी अभिलेख व्यवस्थित रूपमा राख्न निम्नानुसारको फाराम प्रयोग गर्नुहोस् ।

यसैगरी अनुसूची पनि तयार गरी प्रयोग गर्न सकिन्छ । उनीहरूले कक्षामा एकले अर्कोलाई गर्ने सहयोगको अवस्थालाई जनाउन सकिन्छ ।

एकाइ : २

## हाम्रा परम्परा सामाजिक मूल्य र मान्यता

**उद्देश्य**

(क) अरूले भनेका कुरा ध्यान दिएर सुन्न र आफ्नो धारणा अभिव्यक्त गर्न ।

(ख) आफ्ना समुदायका विभिन्न भाषा वेशभूषा, रहनसहन आदि अवलोकन गर्न र चाडपर्वहरूमा सहभागी हुन ।

(ग) आफू जन्मेको स्थानप्रति गौरव गर्ने र आफ्नो जन्म स्थलको विकास तथा उनीहरूका लागि सक्दो सहयोग गर्न ।

(घ) आफ्नो जिल्लाभित्र सार्वजनिक भलाइको काम गर्ने व्यक्तिहरू खोजी गरी सम्मान गर्न र उनीहरूको कामबाट प्रेरणा लिन ।

**मुख्य विषयवस्तु**

विद्यार्थीहरूमा आफूभन्दा ठूला मानिसहरूले अह्राएका निर्देशन गरेका सिकाएका कुराहरू ध्यानपूर्वक सुनेर आफ्ना दैनिक व्यवहारमा लागू गर्ने बानीको विकास गर्नुपर्दछ । उनीहरूमा सुनेर बुझेका र व्यवहारमा लागू गरेका कुराहरूको सम्बन्ध र आफ्नो व्यक्तिगत राय नडराई प्रस्ट व्यक्त गर्ने बानीको विकास गराउनुपर्दछ । आफ्नो समुदायमा बोल्न, भाषा, नेपाली, नेवारी, मैथिली, थकाली, राई, लिम्बु आदिको अवलोकन गर्न र चाडपर्वहरूमा सहभागी हुने अवसर प्रदान गर्ने खालका क्रियाकलापहरू गराउनुपर्दछ । यसैगरी बालबालिकाहरूको आफू जन्मेको स्थानको नाम त्यसका विशेषता, मठमन्दिर खोला, नदी खनिज आदि भएका वस्तुहरूको संरक्षण मर्मत सम्भार आदि कुराहरूमा सक्दो सहयोग गर्ने वातावरण सिर्जना गरिदिनुपर्दछ । यसका लागि उनीहरूलाई यस्ता क्रियाकलापमा सहभागी हुने अवसर प्रदान गरिदिनुपर्दछ । यसैगरी आफ्नो जिल्लाभित्र सार्वजनिक भलाइको काम गर्ने व्यक्तिहरूको खोजी गरी सम्मान गर्ने र राम्रो कामबाट प्रेरणा लिने बानीको विकास गराउनुपर्दछ ।

**शैक्षिक सामग्री**

- समुदायका वेशभूषा, रहनसहन र चाडपर्व झल्केको चित्र, चार्ट, पोस्टर मठमन्दिर, खोला नदीको चित्र र संरक्षणको चार्ट आदि ।

**सिकाइ क्रियाकलाप र मूल्याङ्कन**

(क) विद्यार्थीहरूलाई मान्यजनहरूको नाम (जस्तै: बुबा, आमा, दाजु, काका, काकी, दिदी, भिनाजु, शिक्षक, सामाजिक कार्यकर्ता आदि कागजमा लेखी केहीलाई १/१ ओटा झिक्न लगाउने । उनीहरूले झिकेको कागजमा लेखिएअनुसारको भूमिका पालैपालो अभिनय गर्न लगाउने ।

(ख) अन्य विद्यार्थीहरूलाई उनीहरूको कुरा सुन्ने आ-आफ्ना कुराहरू राख्न लगाउने । उक्त समयमा शिक्षकले विद्यार्थीहरूको व्यवहारको अवलोकन गरी अभिलेख राख्ने ।

| क्र.स. | विद्यार्थीको नाम | मान्यजनसँगको व्यवहार | | | |
|---|---|---|---|---|---|
| | | अति राम्रो | राम्रो | ठिकै | सामान्य |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

(ग) यसैगरी विद्यार्थीहरूले आफ्नो घरपरिवार, टोल छिमेकमा मान्यजनसँग गर्ने व्यवहार पनि अवलोकन गरी अभिलेख राख्न सकिन्छ ।

(घ) विद्यार्थीहरूलाई आफ्नो समुदायमा बोलिने भाषा, वेशभूषा, रहनसहन आदि अवलोकन गर्न चाडपर्वहरूमा सहभागी हुने कुराहरूको लागि समूहमा भूमिका अभिनय गर्न लगाउने ।

(ङ) चाडपर्वमा गरिने कार्यको भूमिका अभिनय तथा स्थानीय भाषाको प्रयोग गर्न लगाउनुहोस् ।

(च) यसैगरी विद्यार्थीहरूलाई परियोजना समुदाय कार्यको रूपमा निम्नानुसारको तालिका तयार गर्न लगाउने ।

| क्र.सं. | भाषा | लगाउने कपडा | चाडपर्व | सदस्य |
|---|---|---|---|---|
| १. | नेपाली | | | |
| २. | नेवारी | | | |
| ३. | | | | |

(छ) विद्यार्थीहरूलाई आफू जन्मेको स्थानको महत्त्व के कस्तो छ ? त्यस स्थानको कसरी विकास गर्न सकिन्छ ? त्यसका बारेमा घर परिवार र समुदायमा सोधखोज गरी निम्न आधारमा तयार गर्न लगाउने ।

आफ्नो जन्मस्थान :

| स्थान/वस्तु | महत्त्व /विशेषता | संरक्षण र विकास गर्नुपार्ने कार्य |
|---|---|---|
| मठमन्दिर | | |
| | | |
| | | |
| | | |
| वनजङ्गल | | |

(ज) विद्यार्थीहरूलाई आफ्नो जिल्लाभित्र सार्वजनिक भलाइको काम गर्ने व्यक्तिहरू कोको हुन् । तिनले कुनकुन क्षेत्रमा भलाइको काम गरेका हुन् ? त्यसको खोजी गरी सम्मान गर्न र राम्रो कामबाट के कस्तो प्रेरणा लिन सकिन्छ ? भन्ने बारेमा निम्नानुसारको तालिका/चार्टका आधारमा समुदायमा विभिन्न व्यक्तिहरूलाई भेटी सोधी खोज गर्न लगाउने । उक्त सोधखोजको विवरण कक्षाकोठामा प्रस्ट गर्न लगाई आवश्यक सहयोग गर्ने ।

**जिल्लाभित्र सार्वजनिक भलाइको कार्य गर्ने व्यक्ति**

| क्र.सं. | नाम | क्षेत्र | प्रमुख योगदान |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

उपरोक्तअनुसारका क्रियाकलापहरू विद्यार्थीले गरे नगरेको अवलोकन गर्नुहोस् । उनीहरूको अवस्थाअनुसार आवश्यक पृष्ठपोषण दिनुहोस् । उनीहरूले गरेका कार्यहरूको अभिलेख राख्नुहोस् ।

**कक्षा – ४**

**एकाइ : ३**

## सामाजिक समस्या र समाधान

### उद्देश्य

(क) स्थानीय समुदायमा अप्ठ्यारामा (समस्या) परेकालाई सहयोग गर्न ।

(ख) मादक पदार्थ सेवनबाट हुने बेफाइदा बताइ त्यस्तो कुलतबाट टाढा रहन ।

(ग) समाजमा रहेका कुरीति तथा भेदभावपूर्ण संस्कारहरू हटाउन सक्दो सहयोग गर्न ।

(घ) स्थानीयस्तरमा भएका सङ्घसंस्थाहरूको नाम र काम बताउन ।

### मुख्य विषयवस्तु

विभिन्न थरीका मानिसहरू मिलेर समुदाय बन्दछ । हरेक आ-आफ्नै इच्छा आकाङ्क्षा हुन्छन् । त्यसै गरी सामाजिक समस्याका पनि विभिन्न रूपहरू हुन्छन् । आपसी सहयोग र सद्भावले यस्ता समस्यालाई कम गर्न सकिन्छ । विद्यालय तथा छरछिमेकमा विपदमा परेका व्यक्तिहरूलाई सहयोग गर्न, सामाजिक कङ्लकको रूपमा रहेको कुलत मादकपदार्थ, धूमपान तथा अन्य नशालु पदार्थको सेवन गर्ने बानीले समाजलाई ल्याउन सक्ने विभिन्न समस्याहरूप्रति बालबालिकालाई सचेत गराउन र समाजमा त्यस्ता समस्याहरू विद्यमान छन् भने तिनको निराकरण गर्न समेत उनीहरूलाई सशक्त बनाउने गर्नुपर्दछ । हाम्रो समाजमा कतिपय नराम्रा कुरीतिहरू छन् । त्यस्ता कुरीतिलाई समयमा नै सुधार गर्न सकिएन भने नराम्रो प्रभाव पार्दछन् । सामाजिक कुरीति हटाउने एउटा सशक्त माध्यम शिक्षा हो । के कति कारणले यस्ता रीति परम्परा ठीक छैनन् भन्ने बारेमा बालबालिकालाई आफै सोधखोज गर्न लगाउने र त्यस्ता कुरीति हटाउने उपायहरूलाई व्यवहारिक जीवनमा प्रयोगमा ल्याउनुपर्दछ । समय परिवर्तनशील छ त्यसै अनुरूप समुदायमा पनि नयाँनयाँ समस्याहरू उत्पन्न हुन्छन् । त्यस्ता समस्याको न्यूनीकरण गर्न विभिन्न सङ्घसंस्थाहरू स्थापना भएका हुन्छन् । त्यस्ता सङ्घसंस्था र तिनले गर्ने कार्यको बारेमा जानकारी दिई त्यस्ता संस्थाबाट लिन सकिने सहयोग र गर्न सकिने सहकार्यको सम्बन्धमा विद्यार्थीहरूलाई जानकारी गराउन सकिएमा सामाजिक समस्याको समाधान गर्न सकिन्छ । बालबालिकालाई सानै उमेरदेखि सामाजिक कार्यमा सहभागी गराउने गर्नाले समस्या समाधानमा सहयोग पुग्दछ ।

### शैक्षिक सामग्री

स्थानीयस्तर रहेका समस्या र कुरीतिहरूको तस्बिर वा चित्रहरू, मादक पदार्थ सेवनबाट शरीरमा हानि पुगेको देखाउने चित्र, तस्बिर विभिन्न सङ्घसंस्थाहरूको विवरण उल्लेख भएको तालिका, पोस्टर, विभिन्न र्‍यालीका फोटाहरू आदि ।

### सिकाइ क्रियाकलाप र मूल्याङ्कन

(क) बालबालिकालाई उनीहरूको टोल समुदायमा रहेका समस्याहरू १/१ ओटा भन्न लगाउनुहोस् र उनीहरूले भनेका समस्यालाई पाटीमा लेख्दै जानुहोस् । कुनै समस्या छुटेको भए थप गरी बताइदिनुहोस् ।

(ख) नेपालमा प्रत्येक वर्ष बाढी, पहिरो, भूक्षय, आगलागी जस्ता विभिन्न प्रकोपका घटनाहरू भएका हुन्छन् । त्यस्ता घट्नाबाट पीडितहरूलाई राहत सङ्कलन गर्न कक्षामा एउटा राहत सङ्कलन बाकस राख्नुहोस् । विद्यार्थीहरूलाई उक्त बाकसमा लुगा, खानेकुरा, नगद आफ्नो हैसियतले सक्ने सहयोग गर्न लगाउनुहोस् । उक्त नगद जिन्सी सामान सम्बन्धित निकायमा हस्तान्तरण गर्ने

व्यवस्था मिलाउनुहोस् । विद्यार्थीहरूका सक्रियताको आधारमा मूल्याङ्कन गर्नुहोस् । सहयोग गर्न नचाहने बालबालिकालाई सकारात्मक रूपमा उत्प्रेरित गर्नुहोस् ।

(ग) सामाजिक कुरीतिहरूको सूची तयार गरी त्यस्ता कुरीति हटाउन विद्यार्थीको तहबाट गर्न सकिने क्रियाकलाप तलको जस्तै तालिकामा उल्लेख गर्न लगाउनुहोस्:

**नमुना**

| **कुरीतिको नाम** | **समाधानको उपाय** |
|---|---|
| दाइजो प्रथा | जनचेतना जगाउने, दवावमूलक कार्यक्रम गर्ने कानुनको प्रभावकारी कार्यान्वयनमा जोड दिने । |
| | |
| | |

(घ) पाठ्यपुस्तकको ‘झगडाको समाधान’ पाठमा विद्यार्थीलाई विभिन्न भूमिका दिई अभिनय गराउनुहोस् । अभिनय २/३ समूहमा पनि गराउन सकिन्छ । राम्रो अभिनय गर्नेलाई प्रोत्साहन गर्नुहोस् ।

(ङ) बालबालिकाहरू विद्यालयभित्र वा बाहिर झगडा गरेको वा एकआसमा मिलेर खेलेको देख्नुभयो भने त्यस्ता घटनालाई कक्षामा सबै सामु बताइदिनुहोस् । झगडा गर्नुहुँदैन भन्ने र सबैलाई मिलाउन खोज्ने विद्यार्थीलाई उचित प्रोत्साहन दिनुहोस् ।

(च) बालबालिकालाई विद्यालय नजिकको कुनै सामाजिक सङ्घसंस्थामा स्थलगत अवलोकन भ्रमण गराई उक्त संस्थाको उद्देश्य र कार्यक्रमसम्बन्धी विवरण सङ्कलन गरी छोटो प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र सो आधारमा मूल्याङ्कन गर्नुहोस् ।

(छ) कुनै एक विद्यार्थीलाई अरू साथीलाई थाहा नुहने गरी आफूले आर्थिक अवस्थाको कारण कापी कलम किन्न नसकेको अभिनय गरी साथीहरूसँग सहयोग गर्न अनुरोध गर्न लगाउनुहोस् । यस्तो विद्यार्थी छनोट गर्दा विद्यार्थीको आग्रहलाई अन्य विद्यार्थीले कुन रूपमा लिन्छन् । उनीहरूले देखाउने व्यवहारको आधारमा मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कन गर्न तलको तालिका प्रयोग गर्न सकिन्छ:

| **विद्यार्थीको नाम** | **सहयोग गरेको** | **नगरेको** |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

एकाइ :४

# नागरिक चेतना

### उद्देश्य

(क) बालअधिकार र महिला अधिकारहरूलाई उपयोग गर्न ।

(ख) राष्ट्रिय सम्पदाहरू (प्राकृतिक, सांस्कृतिक आदि) को सदुपयोग गर्न र संरक्षणमा सहभागी हुन ।

(ग) सार्वजनिक स्थलमा फोहोरमैला नगर्न र ट्राफिक नियम पालना गर्न ।

(घ) आफू बसेको गा.वि.स. र न.पा.को संरचना र कार्य बताउन ।

(ङ) आफ्नो परिवार, छरछिमेक र समुदायका सबैसँग समान व्यवहार गर्न ।

### मुख्य विषयवस्तु

यस एकाइमा बालबालिकाहरूलाई बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, सहभागिता, विकासको अधिकारको जानकारी गराउनुपर्छ । बालबालिकाको शिक्षा, स्वास्थ्य, पौष्टिक आहार, बालश्रम, शोषणबाट छुटकारा, बालक्लब, सहभागिता, खेल्ने, पढ्ने, टोली नेता बन्ने अधिकारको जानकारी गराई बालबालिकालाई त्यस्ता कार्यमा सहभागी गराउन प्रेरित गर्नुपर्छ ।

महिलाको सम्पत्ति माथिको अधिकार,  समता, समानता, प्रजनन स्वास्थ्य आदिको अधिकारको जानकारी बालबालिकालाई गराउनुपर्छ ।

राष्ट्रिय सम्पदाहरू (प्राकृतिक र सांस्कृतिक) जस्तैः नदीनाला वनजङ्गल, माटो, खनिज आदिको प्रयोग, त्यसको संरक्षण गर्ने तरिकाको जानकारी गराउनुपर्छ । त्यस्तै सांस्कृतिक सम्पदाहरू मन्दिर, गुम्बा, चर्च, मस्जिद आदिको परिचय, सदुपयोग र संरक्षण गर्न प्रेरित गराउनुपर्छ ।

सार्वजनिक स्थलको सरसफाइ (बाटोघाटो, पुलपुलेसा, चौर, इनार, चौतारा, खेलमैदान आदिको सरसफाइ गर्न प्रेरित गराउने र फोहोरमैला नगर्न, ट्राफिक नियमको पालना गर्न, ट्राफिक सङ्केतअनुसार बाटो काट्न र फुटपाथको प्रयोग गर्न प्रेरित गराउनुपर्छ । आफू बसेको गाविस/नपा को परिचय, संरचना र कार्यहरू बताउन सक्ने बनाउनुपर्छ । आफ्नो परिवार, छरछिमेक र समुदायका सबैसँग समान व्यवहार गर्न सिकाउनुपर्छ र त्यस्ता कार्यका लागि प्रेरित गर्नुपर्छ ।

### शैक्षिक सामग्री

(क) बाल अधिकारको सूची, महिला अधिकार लेखिएको प्लेकार्ड, प्राकृतिक र सांस्कृतिक सम्पदाका तस्बिर र चित्रहरू, अवलोकन भ्रमण, सरसफाइ गरिरहेको चित्र, ट्राफिक नियम पालनाको अभ्यास, गाविस र नपाको संरचना चार्ट, कार्यहरूको सूची आदि ।

(ख) मूल्याङ्कन फाराम, रुजुसूची आदि

### सिकाइ क्रियाकलाप र मूल्याङ्कन

(क) बालबालिकाहरूलाई उनीहरूले पाएको अधिकार कुनकुन प्रयोग गरेको वा उपयोग गरेका छन् प्रश्नोत्तर गराउनुहोस् र त्यसका आधारमा उनीहरूको मूल्याङ्कन गर्नुहोस् ।

(ख) महिला अधिकारअन्तर्गत कुनकुन अधिकार पर्दछन् । त्यसको सूची बनाउन लगाई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् ।

(ग) प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षणमा बालबालिकाले पुऱ्याएको योगदानको मूल्याङ्कन गर्नुहोस् ।

**रुजुसूचीको नमुना**

कक्षा : ४

विद्यार्थीको नाम:

(क) नदीनाला फोहोर गर्छ/गर्दैन

(ख) बोटविरुवा संरक्षणमा सहभागी हुन्छ/हुँदैन

(ग) मन्दिर/गुम्बा/चर्च/ मस्जिद आदिको सरसफाइ गर्छ/गर्दैन

- सार्वजनिक स्थलको सरसफाइमा बालबालिकाको सहभागिता कस्तो रहेको छ अवलोकन पनि गर्नुहोस् र अभिभावकसँग सोधपुछ गरी उनीहरूको मूल्याङ्कन गर्नुहोस् ।
- ट्रफिक सङ्केतअनुसार व्यवहार गरे नगरेको अवलोकन गरी वा आफ्नै प्रत्यक्ष निर्देशनमा पालना गरे नगरेको हेरी बालबालिकाको मूल्याङ्कन गर्नुहोस् । विद्यालयमा जेब्राक्रसिङको नमुना बनाएर अभिनय विधिद्वारा यस्तो अभ्यास गराउनुहोस् र त्यसको पालना गरे नगरेको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् ।
- बालबालिकाहरूलाई आफ्नो गाविस/नपाको संरचना, कार्य र पदाधिकारीको नाम सङ्कलन गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् र त्यसका आधारमा मूल्याङ्कन गर्नुहोस् ।
- बालबालिकालाई परिवार, छरछिमेक र समुदायमा रहेका सबै व्यक्तिलाई समान व्यवहार गर्न प्रेरित गर्नुहोस् र गरे नगरेको अवलोकन गरी उनीहरूको मूल्याङ्कन गर्नुहोस् ।
- माथि उल्लिखित मूल्याङ्कनका साधनहरू विकास गर्दा लैङ्गिक दृष्टिकोण, समावेशीकरण आदि पक्षलाई विचार पुऱ्याई विशेष सिकाइ आवश्यकता भएकाहरूका लागि सोही अनुरूपको मूल्याङ्कन प्रक्रिया अवलम्बन गर्नुहोस् ।

एकाइ : ५

## हाम्रो पृथ्वी

### उद्देश्य

(क) आफू रहेको जिल्लाको भौगोलिक स्वरूप र सामाजिक रहनसहन अध्ययन गरी बताउन ।

(ख) आफू रहेको जिल्लाको सामान्य नक्सा कोर्न र महत्त्वपूर्ण स्थलहरू देखाउन ।

(ग) पृथ्वीको उत्पत्ति र बनोटसम्बन्धी सङ्क्षिप्त परिचय दिन ।

(घ) नजिकको छिमेकी राष्ट्रहरू चीन र भारतको सङ्क्षिप्त परिचय दिन ।

### मुख्य विषयवस्तु

